# अध्याय एक

# परिचय

## १.१. परिचय

शिक्षा मानिसको जन्मपश्चात् मृत्युपर्यन्त चलिरहने सामाजिक प्रक्रिया हो । मानवजीवन तथा राष्ट्रिय विकासको आधारभूत पक्ष पनि हो । मानिसको व्यक्तित्वको विकास र उन्नयनको आधार हो । शिक्षाका माध्यमबाट नै मानिसले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमताको विकास गर्दछ । आफूलाई र समाजलाई परिवर्तन गर्ने प्रेरणा र ज्ञान आर्जन गर्न सक्दछ । त्यसैले मानवसमाजको उत्पत्ति र विकासका क्रममा शिक्षाको महत्त्वलाई बिर्सन सकिंदैन । जीवनको हरेक पहलमा, अनियमित, नियमित वा औपचारिकादिकोमाध्यमबाट शिक्षा प्राप्त भइहेको हुन्छ । समाजशास्त्रीय विचारमा शिक्षा सामाजिक गतिको परिणाम हो ।

विद्यालय समाजमा स्थापित एक व्यवस्थित किसिमको शिक्षा प्रदान गर्ने संस्था हो । यसको स्थापना व्यक्ति र समाजको हित र प्रगतिका लागि भएको हुन्छ तर दुर्भाग्य आज पनि नेपाली समाजको आधाभन्दा बढी जनसङ्ख्या यही अन्धकारका बीचमा छ । विद्यालय ज्ञान आर्जन गर्ने थलो मात्र नभई, सामाजिक साँस्कृतिक मूल्य-मान्यता, आदर्श आदिको नयाँ पुस्तामा हस्तान्तरण गर्ने एक सशक्त माध्यम हुनाको साथै तिनको संरक्षण, संबर्धन गर्ने एक महत्त्वपूर्ण निकाय पनि हो । मानवीय समस्यासमाधानार्थ मानिसले निर्माण गरेको संस्कृति सुव्यवस्थित र प्रचार-प्रसारको एक सशक्त माध्यम विद्यालय हो र रहिआएको छ ।

नेपालका सन्दर्भमा चर्चा गर्नुपर्दा, नियमित शिक्षाको प्रारम्भपूर्व, पनि शिक्षा लिनेदिने कार्य विभिन्न रूप र शैलीमा भएको पाइन्छ । जसका माध्यमबाट सीमित मात्रामा शिक्षा लिनेदिने कार्य हुने गर्दथ्यो । (क) ऋषिकुल शिक्षा (ख) देवकुल शिक्षा (ग) राजकुल शिक्षा (घ) पितृकुल शिक्षा र (ङ) गुरुकुल शिक्षा

दरबारिया र पहुँचवालाबाहेक सर्वसाधारणका लागि पढ्नका निमित्त विद्यालयको व्यवस्था राणाकालसम्म नै थिएन भन्दा अनुपयुक्त हुँदैन । प्रजातन्त्रको मिरमिरेसँगै,

विद्यालयीय शिक्षाको शुरुवात भएको हो । यस क्रममा ठाउँ-ठाउँमा विद्यालय स्थापना गर्ने कार्य अभियानका रूपमा अगाडि बढेको पाइन्छ (शर्मा, २०४९) ।

विश्वव्यापीकरणको लहरबाट नेपाल अछुतो रहन नसकेको स्वभाविक परिणाम स्वरूप वि.सं. २०३६ बाट निजीकरणको सुरुआतपश्चात् ५० को दशकयता निजीकरण अभियानले तीव्रता पाएको छ । शिक्षा ऐन २०२८ ले गरेको व्यवस्थाअनुसार, हाल नेपालमा दुई थरी विद्यालयीय शिक्षाप्रणाली अवलम्बन गरिएका छन्-

(क) सामुदायिक/सार्वजनिक विद्यालय शिक्षाप्रणाली

(ख) संस्थागत/निजी तथा आवासीय विद्यालय शिक्षाप्रणाली ।

वर्तमान शिक्षाप्रणालीमा देखिएको निजी र सामुदायिकबीचको असमान गुणस्तरले अर्को कल्पनै गर्न नसकिने सामाजिक विषमता निम्त्याउँदै गइरहेको छ । २०२८ सालपूर्व विद्यालयहरूको स्थापना गर्ने, व्यवस्थित गर्ने र आर्थिक लगानी गर्ने काम समुदायकै अग्रसरता र दायित्वमा गरिन्थ्यो, केवल नपुग लगानी मात्र सरकारले व्यहोर्ने परम्परा थियो । शिक्षासँगको संलग्नता सामाजिक सेवासँग आबद्ध थियो । तर नयाँ शिक्षा लागू भएपछि सामाजिक सेवामा निजी क्षेत्रको संलग्नता अन्त्य हुन पुग्यो । आज व्यापारिक निजी क्षेत्र मुलुकमा क्रियाशील छ । तलदेखि माथिसम्मका निजी क्षेत्रमा शिक्षण संस्थाहरू व्यापारीकण र निजीकरण भएका छन् । शिक्षाको यो व्यापारीकरणले “उच्च वर्गका लागि विदेशमा, उच्च मध्यम, वर्गका लागि स्वदेशका सुविधा र साधनसम्पन्न निजीस्तरका शैक्षिक संस्थाहरूमा, मध्यम वर्गका लागि सामुदायिक संस्थाहरूमा र गरिब तथा अति गरिबहरूका लागि विद्यालय र कुनै ढाँचा नै नहुने” अवस्थातिर धकेलिरहेको छ ।

विशेष गरीकन शहरी क्षेत्रमा संस्थागत विद्यालयहरूको पहुँच बढी भए पनि पछिल्लो दशकमा, क्रमशः गाउँतिर पनि निजी शिक्षाविस्तारको प्रवृत्ति आरम्भ भएको देखिन्छ । यो क्रम निरन्तर रहिआएको पाइन्छ । नितान्त व्यावसायिक दृष्टिले खोलिएका यस्ता विद्यालयहरू सेवाभन्दा बढी नाफोन्मुख देखिएका छन् । उनीहरूले असुल्ने शुल्क चर्को हुने गरेको छ । सरकारी स्केलभन्दा कम वेतनमा नियुक्त, तालिम अप्राप्त, कोरा शिक्षकहरूबाट गुणस्तरीय शिक्षा प्रदान गरिन्छ भन्ने मान्यताका आधारमा, बहुसङ्ख्यक अभिभावकहरू छोराछोरी निजी शिक्षा संस्थाहरूमा पठाउन तँछाडमछाडको अवस्थामा

देखिन्छन् । अर्कोतर्फ यसैमा उनीहरूले सामाजिक प्रतिष्ठा आर्जन हुन्छ भन्ने मान्यता राखेको पाइन्छ । समुदायको पहलमा स्थापित र सञ्चालित एवं सरकारबाट स्वीकृत नियन्त्रित र अनुदान प्राप्त गरेका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या क्रमशः घट्दो पाइएको छ ।

तालिका नं. १

विद्यार्थीको भर्नास्थिति

| सि.नं. | विद्यालयको नाम ठेगाना | शै.स. २०६१ | शै.स. २०६२ | शै.स. २०६३ | शै.स. २०६४ | शै.स. २०६५ |
|---|---|---|---|---|---|---|
| १ | श्री जनचेतना प्रा.वि. | १३२ | २६ | २४ | १९ | २० |
| २. | श्री देवी प्रा.वि. | २६ | ४३ | ३३ | ३४ | ३३ |
| ३ | श्री महेन्द्र मा.वि. | ३१६ | २९३ | २६२ | २६४ | २१५ |
| ४. | श्री वीरेन्द्र प्रा.वि. | ५५ | ४० | २१ | १५ | १० |
| ५. | श्री महेन्द्र राष्ट्रिय प्रा.वि. | ५५ | ५३ | ५० | ४० | ३२ |
| ६. | श्री पोष्ट मोर्डन एकेडेमी | ( | ( | ९८ | १२८ | १३८ |

स्रोतः भलाम गा.वि.स. वि.सं. २०६४ ।

माथिको तालिकाबाट, प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याको ह्रास स्पष्ट देखिन्छ र यो प्रवृत्ति, समान अवस्था र वातावरण मौजुद रहेका प्रत्येक विद्यालयको साझा समस्या हो । यो स्थिति राज्यका लागि दुर्भाग्यपूर्ण हुने देखिन्छ । यद्यपि सामुदायिक विद्यालयहरूमा पढाउने शिक्षकहरू, तालिम प्राप्त, योग्य, र अनुभवी रहेका र सामुदायिक विद्यालयमा लिइने शुल्कसमेत कम रहेको छ ।

जनताको करबाट उठेको राजस्वबाट सञ्चालनमा आएका तमाम सामुदायिक विद्यालयहरूको अतिरिक्त, अध्ययनक्षेत्रको महेन्द्र मा.वि. एवं गा.वि.स.भित्रका अन्य सामुदायिक विद्यालयहरूमा देखिएको विद्यार्थी भर्नाको मौजुदा ह्रासोन्मुख प्रवृत्तिप्रति, यस अध्ययनक्षेत्रका सरोकारवालाहरूको धारणा के छ ? यसका पछाडि निहित कारण र असरहरू के-के छन् ? यसको समाधानमा उपयोगी पक्षहरू के-के हुन सक्छन् ? आदि अहम् जिज्ञासाको निरूपणतर्फ यो मानवशास्त्रीय अध्ययन मुखरित छ ।

## १.२. समस्याको पहिचान

विश्वव्यापीकरण र यसले पारेको स्वाभाविक प्रभावबाट नेपाल अलग रहन नसकेको परिणामस्वरूप, नेपालले अवलम्बन गरेको खुला एवं उदार नीति र तज्जन्य निजीकरणको प्रक्रिया राज्यको अभिन्न अङ्ग बनिसकेको छ । राज्यको अस्थिर एवं निर्देशित शिक्षानीति र त्यसले पारेको दुष्प्रभावको परिणामस्वरूप श्रमप्रति उदासीन, सीपशून्य, कुनै उत्पादन गर्न नसक्ने प्रमाणपत्रधारी शिक्षित बेरोजगारहरू उत्पादन हुने वातावरण बन्यो । शासकको रुचि र राष्ट्रिय आवश्यकताबीच तालमेल हुन नसकेपछि नेपालको शिक्षाक्षेत्र निजीकरणको दलदलमा फँसेको सर्वविदितै छ । विकेन्द्रीकरणको प्रक्रियासँगै शैक्षिक क्षेत्रमा निजीकरण फष्टाएको छ । सरकारको गैरजिम्मेवारीपना, नीतिहीनता र शैक्षिक जगत्को महत्त्वलाई बुझ्न नसकेको कारण शिक्षामा निजीकरण मौलाएको छ । (विनोद मञ्जनः हाम्रो सम्पदा, वर्ष ५ अङ्क छ ) । सरकारले २०३६ सालपछि विद्यालयहरूलाई निजी स्तरमा सञ्चालन गर्न छुट दिएको हुँदा, निजी स्तरमा शिक्षण संस्था खोल्ने औपचारिक ढोका खुलेको लगत्तै, यस दिशामा लहर नै चलेको छ । यस्ता विद्यालयहरू निजी तथा आवासीय विद्यालयका रूपमा सञ्चालित छन् । अधिराज्यभर प्राथमिकदेखि माध्यमिकसम्म संस्थागत विद्यायहरूको सङ्ख्या ४८८८ भएको र यस्ता विद्यालयमा जम्मा ४,८१,२५२ विद्यार्थीहरू अध्ययनरत छन् (उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन; २०५५, पृ. ६८९) । सुरुको दशकमा फाट्टफुट्ट रूपमा निजी स्कूलहरू स्थापना र सञ्चालन भएकामा २०५० को दशकयता यसको दर तीव्र देखिएको छ । प्रारम्भमा जनसङ्ख्या घना भएका ठाउँहरू विशेष गरीकन शहरमा केन्द्रित यस्ता विद्यालयहरू ५० को दशकयता क्रमशः गाउँ क्षेत्रतर्फ विस्तार हुँदै गएको पाइएको छ । यसको प्रवृत्ति हेर्दा, निजी स्कूलबिनाको गाउँको कल्पना असम्भव प्रायः देखिन्छ । संस्कृतमा भनिएको छः

**“तस्मात मूलं यत्नतो रक्षणीयं नष्टे मूले नैव वृक्षो न शाखा” ।**

*- नीतिवचन*

अर्थात्: जसरी जराबिना वृक्ष र हाँगाबिगादीको कल्पना जसरी गर्न सकिंदैन त्यसैगरी असल शिक्षाबिनाको देशको कल्पना गर्न पनि सकिदेन । अतः वृक्षरूप राज्य र त्यसको मूलरूपी शिक्षाको रक्षा यत्नपूर्वक गर्नुपर्दछ ।

निश्चय नै शिक्षाको विकासमा, राज्य संयन्त्रको प्रयास र सहयोग प्रयाप्त हुन सक्दैन । यस दिशामा निजी क्षेत्रको सहयोग र योगदानलाई उपेक्षा नगरी, जनताको चाहना र देशको आवश्यकता अनुकूल, रोजगारमूलक शिक्षानीतिको अवलम्बन अनिवार्य शर्त हुनुपर्दछ । परन्तु जनताबाट प्राप्त राजस्वबाट जनताका लागि सञ्चालित सामुदायिक विद्यालयहरू सेवाग्राहीहरूको सरोकार र चासोबाट टाढिँदै जानु खोजको विषय हो । यस प्रवृत्तिलाई सहज ढङ्गबाट लिन सकिंदैन । यो प्रवृत्ति अन्य मुलुकहरूका तुलनामा विलक्षण मान्नुपर्दछ । छिमेकी राष्ट्र भारतलगायत जापान, अष्ट्रेलिया, आदि पश्चिमी मुलुकहरूमा ७५% प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा अध्ययन गर्दछन् । त्यसैले, यस विषयलाई टड्कारो प्रश्नका रूपमा अध्ययन/खोजको रूपमा छनोट गरिएको हो ।

सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या घट्दै जाने प्रवृत्ति राष्ट्रिय लगानी र स्वार्थका दृष्टिले हानिकारक मान्नुपर्दछ । अधिकांश गरिबीको रेखामुनि रहेका नेपालीहरूका लागि निजी स्कूल, सामुदायिक विद्यालयको विकल्प हुन सक्ने देखिन्न, परन्तु अध्ययनक्षेत्र र सोसँग सम्बन्धित गा.वि.स.का सामुदायिक विद्यालयहरू बेसरोकार औचित्यहीन प्रतीत हुन्छ । विद्यार्थीसङ्ख्या घट्दै गएको हुनाले ती विद्यालयहरू खारेजीको नजिक छन् । चिन्ताको विषय भएको छ । त्यसै भएर यसको कारण, असर समाधानको उपाय पहिचान हेतु गरिएको यस अध्ययनले निम्न सवालहरूलाई सम्बोधन गर्ने चेष्टा गरेको छ :

१) अध्ययनको क्षेत्रका सामुदायिक विद्यालयहरूले सामना गर्नुपरेका समस्याहरू के हुन् ?

२) समस्यासमाधानको विन्दु कहाँनिर छ ? यसमा क-कसको भूमिका महत्त्वपूर्ण छ ?

३) शिक्षानीति समयसापेक्ष छ, छैन ? यसमा सुधारको आवश्यकता छ या छैन ?

४)	सार्वजनिक विद्यालयहरूमा सरोकारवालाहरूको चासो घट्नाको कारणहरू के-के हुन् ?

५)	सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्ना/सङ्ख्या बढाउन अवलम्बन गर्नुपर्ने नीति र उपायहरू के हुन सक्छन् ?

६)	निजी विद्यालयका आकर्षणका कारणहरू के-के छन् ?

## १.३ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययन, भलाम गा.वि.स. अन्तर्गत अध्ययनको विषयसँग प्राय: मेल खाने र सान्दर्भिक भएको निक्यौल गरी यस गा.वि.स.को वडा नं. ३ लाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको हो । कक्षा १-१० सञ्चालितको सामुदायिक विद्यालय (महेन्द्र मा.वि.) र १-७ सम्म चालू रहेको निजी विद्यालय (पोष्टमोर्डन इ. स्कूल) रहेको यो वडा अन्य वडाहरूभन्दा समस्यासँग निकट रहेको छ । निम्न बुँदाहरूलाई यस अध्ययनका उद्देश्यका रूपमा समावेश गरिएको छ:

(क)	सामुदायिक विद्यालय र निजी विद्यालयप्रतिको जनधारणाको पहिचान गर्नु;

(ख)	सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानुको कारणहरू अर्थात् चुरो पत्ता लगाउनु;

(ग)	सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या बढाउन आवश्यक उपायहरूको पहिचान गर्नु ।

## १.४ अध्ययनको सार्थकता

सामुदायिक विद्यालयमा निहित परम्परागत शिक्षा प्रदायकको एकाधिकारलाई चिर्दै सरकारी मान्यता (२०३६) प्राप्त गरी वैकल्पिक शिक्षा प्रदायकका रूपमा निजी विद्याललयहरू महत्त्वपूर्ण स्थान ग्रहण गर्न सफल रहेका देखिन्छन् । खास गरीकन, पछिल्लो दशकयता निजी विद्यालयको प्रभुत्व, सामुदायिक विद्यालयको अपेक्षा, बढेर गएको छ । समाजका ठालू वर्ग, हुनेखाने र उनीहरू रहेका स्थानहरू (शहर/बजार)मा केन्द्रित यस्ता विद्यालयहरू, क्रमश: मध्यम वर्ग र शहर आसपासका गाउँहरू हुँदै, दुर्गम स्थानमा विस्तार हुँदै जाने क्रम निरन्तर बढिरहेको देखिन्छ । विशेष गरीकन,

नाफोन्मुख व्यावसायिक उद्देश्यले चलेका यस्ता विद्यालयहरू, गुणस्तरका दृष्टिले, सामुदायिक विद्यालयको अपेक्षा अगाडि रहेको र आर्थिक दृष्टिले महङ्गो भन्ने कुरामा आम सहमति बनेको पाइन्छ ।

अर्कोतर्फ, राज्यको सर्वाधिक लगानी रहेका सामुदायिक विद्यालयहरू आर्थिक तथा भौगोलिक दृष्टिले, सर्वसुलभ छन् र नेपालको सामाजिक रूपान्तरणका दिशामा ऐतिहासिक महत्त्व र योगदान राख्दछन् । परन्तु, अधिकांश जनता गरिबीको रेखामुनि रहेका, कृषिप्रधान अर्थतन्त्र अँगालेको नेपालजस्तो विश्वको अतिकम विकसित मुलुक जहाँ, अझै पनि निरक्षरहरूको सङ्ख्या उल्लेख्य रहेको छ । जसमा सामुदायिक विद्यालयहरूको महत्त्व नकार्न सकिँदैन । यसको विकल्प पनि देखा पर्दैन । तथापि, सामुदायिक विद्यालयीय पद्धतितर्फ सरोकारवालाहरूको चासो, अपेक्षित रूपमा घट्दै गएको महसुस, सर्वत्र हुँदै आएको पाइन्छ । यसैको परिणामस्वरूप, सामुदायिक विद्यालयहरूमा विद्यार्थीसङ्ख्या घट्दै जाने क्रम तीव्र छ । कतिपय प्राथमिक विद्यालयहरू विद्यार्थीभन्दा शिक्षकको सङ्ख्या बढी भएको भन्ने समाचारको विषय बनेका छन् । यही प्रवृत्तिले निरन्तरता रहेमा/पाएमा सामुदायिक विद्यालयहरूको अस्तित्वमाथि प्रश्नचिन्ह लाग्ने निश्चित छ र यो छिमेकी मुलुकलगायत तमाम देशहरूको अवस्थासँग मेल खाँदैन ।

नेपालजस्तो गरिब देशमा यो अवस्था आउनु भनेको, किमार्थ स्वभाविक मानिंदैन र यो सरकारका लागि समेत चिन्ताको विषय हुनुपर्दछ । यसको कारणको पहिचान गरी निराकरण गर्न, राज्य तथा समुदायका लागि आवश्यक मात्र नभई अपरिहार्य भइसकेको छ । अन्यथा पछुताउनुपर्ने निश्चित छ । अतः सामुदायिक विद्यालयप्रति सरोकारवालाहरूको धारणाको पहिचान गर्नु, समाजशास्त्री/मानव (शास्त्रीको कर्तव्य भएको हुँदा प्रस्तुत अध्ययनको औचित्य यसैमा निहित छ । यस अध्ययनबाट प्राप्त निष्कर्षबाट राज्यले सामुदायिक विद्यालयको पुनरुत्थान हेतु अवलम्बन गर्नुपर्ने उपायहरूको पहिचान हुने हदमा यसको सार्थकता रहनेछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन नितान्त शैक्षिक, आमचासो र महत्त्व राख्ने अध्ययन हो । परन्तु सीमित समय, बजेट, साधन र स्रोतको पहुँचभित्र सीमित रहेर यो असीमिति अध्ययन सम्पन्न होस् भन्ने मनसुवाले अध्ययनक्षेत्रलाई, भलाम गावि.स.को वडा नं. ३ मा सङ्कुचन गरिएको हो । जसको परिचय अध्ययन क्षेत्रको परिचयमा समावेश गरिएको छ । साथै प्राप्त निष्कर्ष, र सुझाव सीमित क्षेत्रमा गरिएको अध्ययनको परिणाम भएकाले, समग्र नेपालको समस्यासँग पूरै मेल नखाए तापनि अधिकांश रूपमा मेल खाने छ भन्ने कुरामा म विश्वस्त हुन सकिन्छ ।

## १.६. शब्दावलीको परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्ययनका सन्दर्भमा प्रयुक्त केही पारिभाषिक शब्दहरूको परिभाषा निम्नानुसार प्रस्तुत गरिएको छ :

सामुदायिक विद्यालयः जनसहयोगमा निर्मित एवं स्थापित सरकारी स्वीकृति, नियन्त्रण र अनुदानप्राप्त सार्वजनिक विद्यालय भन्ने सम्झनुपर्दछ । अध्ययनक्षेत्रको महेन्द्र मा.वि. समेतलाई सामुदायिक विद्यालयका रूपमा सम्झनुपर्दछ ।

संस्थागत (निजी) विद्यालयः सरकारी स्वीकृति/अनुमतिप्राप्त गरी निजी लगानी, नियन्त्रण र व्यवस्थापनबाट सञ्चालित सरकारी अनुदान अप्राप्त विद्यालयहरूलाई निजी विद्यालय भनिन्छ । अध्ययन क्षेत्रमा पर्ने पोष्टमोर्डन एकेडेमी नामक अङ्ग्रेजी स्कूल निजी विद्यालयका रूपमा रहको छ ।

अभिभावकः विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि आवश्यक रेखदेख संरक्षण र खर्चको बन्दोवस्त मिलाउने जिम्मेवारी वहन गरेका बाबु/आमा, दाजु/भाउजू वा अन्य जोकोही व्यक्तिहरू अभिभावकअन्तर्गत समावेश गरिएको छ ।

सरोकारवालाः भन्नाले अध्ययनक्षेत्र (भलाम गा.वि.स.को वडा नं ३) का अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षाकर्मी, सामाजिक (अगुवा) कार्यकर्ता र नागरिक समुदाय समेतलाई संयुक्त रूपमा जनाउँदछ । अर्थात् शिक्षाका नीति तथा कार्यक्रमहरूबाट प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पुऱ्याउन सक्ने समूहलाई नै सरोकारवाला भनिन्छ ।

**मुख्य सूचनादाताः** अध्ययनक्षेत्र (भलाम गा.वि.स. वडा नं. ३) भित्र पर्ने शिक्षक, अभिभावक, जनप्रतिनिधि, शिक्षाप्रेमी, समाजसेवी, गैह्रसरकारी संस्थाका अध्यक्षहरू समेत समूहलाई जनाउँछ ।

**समूहकेन्द्रित छलफलः** शोधप्रयोजनका लागि आवश्यक र यथेष्ट तथ्याङ्क सङ्कलन हेतु समस्यासँग पहिचान राख्ने विभिन्न पक्ष, तह र तप्काका मानिसहरूको समूहमा केन्द्रित रहेर गरिने छलफल । जसमा अभिभावकहरू भन्दा बाहेकका व्यक्तिहरूलाई मात्र समावेश गरिन्छ ।

# अध्याय दुई
# साहित्य पुनरावलोकन

## २.१ साहित्यसमीक्षा

अध्ययनको क्रममा भएगरेका ग्रन्थको पुनरावलोकनको कार्य, सन्दर्भग्रन्थ सूचीमा उल्लेख गरिएको छ । जहाँसम्म प्रस्तावित शोधपत्रको प्रसङ्ग छ, यस विषयमा खासै शोधकार्य भएको नपाइएको हुँदा पुनरावलोकन एवं समीक्षा गर्न सहज नभए तापनि यथासम्भव प्राप्त सामग्रीहरूको यथाशक्य पुनरावलोकन एवं समीक्षा भएको ठानिएको छ । जसको विवरणलाई निम्नानुसार समावेश गरिन्छः

### २.१.१ सामाजिक सांस्कृतिक परिवर्तनको कारकको रूपमा शिक्षा

सामाजिक सांस्कृतिक परिवर्तनको प्रमुख कारक तत्त्व शिक्षा नै हो । शिक्षाले मानिसको चेतना र मनोवृत्तिमा परिवर्तन ल्याउँछ । साथै यसले सामाजिक सम्बन्धहरूमा पनि परिवर्तन ल्याउँछ । शिक्षाको प्रमुख उद्देश्य नै मानिसको व्यक्तित्व, जीवन र जीवनशैलीमा परिवर्तन ल्याउनु हो । वास्तवमा शिक्षाबाट मानिसको सामाजिक र सांस्कृतिक धरातल निर्माण हुने, परिमार्जित हुने र परिवर्तन हुने गर्दछ ।

आदिम ऋषिकुल, देवकुल, राजकुल, पितृकुल र गुरुकुलको युगमा शिक्षा सामाजिक परिवर्तनघभन्दा सामाजिक नियन्त्रणको माध्यम थियो । तर वर्तमान युगमा शिक्षा सामाजिक र सांस्कृतिक परिवर्तनको सशक्त माध्यम बन्न गएको छ । वर्तमान युगको शिक्षा भनेको, विज्ञान शिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक शिक्षा तथा अनेकौं प्रकारका विशेषीकृत क्षेत्रको शिक्षा भन्ने बुझिन्छ । वास्तवमा आदिम युगमा शिक्षा विज्ञान र प्रविधि विकासका माध्यमहरूको स्रष्टा हो । समाजशास्त्री फ्रान्सिस जे ब्राउनका अनुसार “शिक्षा त्यो प्रक्रिया हो, जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याउँदछ ।” आधुनिक शिक्षाले मानिसको मनोवृत्ति र दृष्टिकोणमा परिवर्तन ल्याउँछ, जसले गर्दा मानिसले भोगिरहेका परम्पराहरू, प्रथाहरू, नैतिकता र आदर्शहरू तथा धार्मिक आस्थाहरूमा ठूलो प्रभाव पर्न जान्छ । शिक्षाका कारणले परम्परागत

अन्धविश्वास, रूढिवादिता, कुरीति, कुसंस्कारलगायत अभौतिक संस्कृतिमाथिको विश्वासमा ठूलो परिवर्तन हुन जान्छ । खासगरी देवीदेवता, देउराली, भूत, आत्मा धामी, बोक्सीजस्ता कुराहरूमाथि विस्तारै मानिसको विश्वास घट्दै जान्छ र गइराखेको पनि प्रतित भएको छ । मानिस सङ्कुचित आदर्शहरूबाट उदार व्यापक आदर्शहरूतिर अग्रसर हुन पुग्दछ । शिक्षाका कारणले नै अर्धविकसित वा विकासोन्मुख समाजहरूमा महिलाहरूको स्थितिमा परिवर्तन हुन पुग्दछ पेटर ब्स्ले लेख्छन्- "शिक्षाबाटै समाज प्रतिविम्बित हुने गर्दछ र शैक्षिक परिवर्तनपछि नै सामाजिक परिवर्तन आउने गर्दछ ।" समाजमा भएको शैक्षिक अवस्था ले नै त्यो समाजको विकासको अवस्थालाई निर्धारण गर्ने गर्दछ । शिक्षाले गर्दा नै सामाजिक र आर्थिक पारितोषिकहरू समाजले प्राप्त गर्दछ । शिक्षाका कारणले सामाजिक गतिशीलता बढ्दछ । उद्योग र प्रविधिका निम्ति दक्ष जनशक्ति प्राप्त गर्न सकिन्छ । आधुनिक युगमा शिक्षा नै त्यो माध्यम हो, जसले मानिसको सामाजिक स्थिति, पद, प्रतिष्ठा र स्तरलाई निर्धारण गर्दछ । समाजशास्त्रीहरू के भन्दछन् भने विकाशोन्मुख मुलुकहरूका निमित्त शिक्षा विकसित सामाजिक स्थितिमा पुऱ्याउने मूल ढोका हो (क्षेत्री/रायमाझी, २०६१: ४७४-४६७५)।

## २.१.२ शिक्षा एक अन्तर्राष्ट्रिय अभियान

मुलुकको चौतर्फी विकासका लागि शिक्षा प्रमुख माध्यम हो । सबैका लागि शिक्षा र विकासका लागि शिक्षाका अवधारणाहरूलाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थतासँग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । "सबैका लागि शिक्षा" आजको विश्वव्यापी नारा हो । यसको अर्थ सबै नागरिकहरूले शिक्षाको अवसर प्राप्त गर्नु हो भन्ने बुझिन्छ ।

"सबैका लागि शिक्षा" भन्ने अवधारणा सन १९९० मा थाइल्यण्डको जोमटेनमा भएको घोषणापत्रमा सबैका लागि दिइने शिक्षालाई आधार शिक्षाका रूपमा उल्लेख गरेको छ ।

सन् १९९० को थाइल्याण्डको "सबैका लागि शिक्षा" सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको, घोषणापत्रमा प्रतिबद्धता जनाइएका विषयहरू निम्नानुसार छन्:

- सबै बालबालिका, युवा तथा प्रौढलाई आधार शिक्षा दिनुपर्छ ।
- सबैले सिकाइको निर्धारित तहसम्म पुग्ने मौका पाउनुपर्छ ।
- शिक्षाका समान अवसरमा रहेको असमानतालाई न्यून गर्दै सबै जातजाति तथा पिछडिएका वर्गका मानिससम्म शिक्षाको पहुँच पुऱ्याउनुपर्छ ।
- अपाङ्गका लागि विशेष शिक्षाको व्यवस्था गरिनुपर्दछ ।
- शिक्षाको उद्देश्य विद्यार्थी भर्ना गर्नु मात्र नभई विद्यार्थीले पाउने वास्तविक ज्ञानलाई नै शिक्षाको आधार मानिनुपर्दछ ।
- आधार शिक्षाका लागि सम्भाव्य सबै उपायहरू उपयोग गरिनुपर्दछ ।
- पौष्टिक शारीरिक र संवेगात्मक सहयोगजस्ता माध्यमबाट शिक्षामा वृद्धि गर्नुपर्दछ ।
- शिक्षामा सबै क्षेत्रको सहभागिता खोजिनुपर्दछ ।

सन् १९९० मा थाइल्याण्डको जोम्टेन सम्मेलन र न्यूयोर्कमा सन् १९९० मा संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा भएको बालहितसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिबद्धता जनाएको थियो । "सबैका लागि शिक्षा" का विभिन्न पक्षहरू रहेका छन्:

- प्राथमिक विद्यालय जाने सबै उमेरका बालबालिकालाई अनिवार्य शिक्षा प्रदान गर्ने ।
- युवा र प्रौढलाई शिक्षा दिने अनौपचारिक शैक्षिक कार्यक्रम ल्याउने ।
- महिला शिक्षा र विशेष शिक्षा आदि ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले नेपालले सन् १९९० मा थाइल्याण्डभित्र सम्पन्न भएको "सबैका लागि शिक्षा" विश्व सम्मेलनको प्रतिबद्धता अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शत्प्रतिशत बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउनुपर्ने सिफारिस गरेको थियो । सरकारले सो लक्ष्य हासिल गर्न सन् १९९२ मा आधारभूत शिक्षा परियोजना सञ्चालन गरेको छ ।

सोही नीतिअनुरूप नवौं योजनाको अन्तसम्ममा ९० प्रतिशत र दशौं योजनाको अन्तसम्ममा शतप्रतिशत बालबालिकाहरूलाई प्राथमिक शिक्षामा सहभागी गराउने लक्ष्य लिनुपर्ने सिफारिस उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले समेत गरेको छ । सोही उद्देश्यपूर्तिका लागि दशौं योजनामा प्राथमिक तह खुद भर्ना

दर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउनेजस्ता रणनीति तय गरेको छ ।

## २.१.३ डाकार सम्मेलनले निर्धारण गरेका "सबैका लागि शिक्षा" का लक्ष्यहरू

१. शिशु कक्षाको विस्तार गर्ने र खास गरी अति कठिन अवस्थामा रहेका र दलित तथा पीडितवर्गका बालबालिकाहरूको पहुँच बढाउने ।

२. सन् २०१५ सम्ममा महिला अतिकमजोर एवं कठिन अवस्थामा रहेका जनजातिका बालबालिकाहरूलाई शिक्षाको पहुँच बढाई स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने ।

३. सबै युवाहरूको पढाइप्रतिको चाहनालाई समान अवसर प्रदान गरी पूरा गर्ने र उपयुक्त जीवनोपयोगी सीप प्रदान गर्ने, मूल्य र मान्यताको विकास गर्ने, असल आचरणको विकास गरी कामका लागि सक्षम तुल्याउने ।

४. प्रौढ साक्षरता पचास प्रतिशतले विस्तार गर्ने । महिला साक्षरता बढाउन जोड दिई २०१५ सम्ममा यो लक्ष्य पूरा गरी निरन्तर शिक्षाको अवसर लिन सक्ने महिला तथा प्रौढहरू तयार गर्ने ।

५. सन् २०१५ सम्ममा प्राथमिक एवं माध्यमिक शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने र सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक समानता ल्याउने ।

६. गुणस्तरीय शिक्षाका लागि आवश्यक सबै पक्षहरूमा सुधार गर्ने र सबैले शिक्षा पाउने अवसरको व्यवस्था मिलाई हरहिसाब तथा अन्य जीवनोपयोगी सीपहरू प्रदान गर्ने ।

७. डकार फ्रेमवर्कअनुसार नेपालले सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना तयार गऱ्यो । डकारका उद्देश्यहरूमा एउटा थप उद्देश्यसमेत थप गरी कार्ययोजना कार्यान्वयनमा ल्यायो ।

८. आदिवासी समूहको आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ (कास्की शैक्षिक दर्पण २०६२:११-१६) ।

लक्षित वर्गको शैक्षिक सशक्तीकरणमा विविध सामाजिक सङ्घसंस्थाहरूको सशक्त भूमिका रहिआएको छ । फलस्वरूप शिक्षाको विकासले निरन्तरता पाएको कारणले विभिन्न स्वरूप, आकार र परिणामबाट गुज्रँदै, मौजुदा आधुनिक शिक्षा प्रणालीमा रूपान्तरित भएको छ । आधुनिक शिक्षाप्रणालीलाई विश्वभरिका राष्ट्रहरूमा विभिन्न तवरले व्यवस्थापन गरेको पाइन्छ, जस्तैः १ सामान्य शिक्षा २. व्यावसायिक शिक्षा ३. विशेष शिक्षा र ४ वयस्क शिक्षा आदि ।

यसरी विश्वभरि नै विभिन्न तहगत रूपमा औपचारिक शिक्षाको व्यवस्था गर्ने प्रचलन रहेको छ । नेपाल पनि यस विश्वव्यापी मान्यता र प्रचलनबाट अलग रहेको छैन । त्यसैले यहाँ पनि नर्सरी पूर्व प्राथमिकदेखि उच्चतहसम्म सबै प्रकारका शिक्षा, पद्धतिलाई अवलम्बन गरी आमनागरिकहरूलाई शिक्षाप्रदान गर्ने प्रयासमा राज्यले क्रमिक रूपमा पाइला अगाडि बढाइरहेको छ । प्रायः देशहरूमा औपचारिक शिक्षा बाल्यवस्थादेखि नै शुरु गरी विविध तह पार गर्दै उच्च शिक्षा प्रदान गरिन्छ । यू.एस.ए. र क्यानडाबाहेक अन्य देशहरूमा शिक्षाको पकड पूर्ण वा आंशिक रूपमा केन्द्रीय सरकारको नियन्त्रण र रेखदेखमा रहेको पाइन्छ । युरोप उत्तर अमेरिका तथा अन्य आर्थिक स्थिति सुदृढ भएका देशहरूमा सबै बालबालिकाहरूलाई प्राथमिक र माध्यमिक शिक्षाको प्रबन्ध गरिएको हुँदा ती देशहरूको साक्षरता प्रतिशत निकै माथि रहेको पाइन्छ । विशेष गरीकन औद्योगिक एवं धनी राष्ट्रहरूले लोककल्याणकारी राज्यको अवधारणा अनुरूप आफ्ना नागरिकहरूलाई सुशिक्षित र समृद्ध पार्नमा यथेष्ट भूमिका निर्वाह गरेका छन् । त्यसैले ती देशहरूमा अन्य नागरिकहरू सामान्य लेखपढ गर्न सजिलै सक्छन् । तर अझै पनि कम विकसित देशहरूमा साक्षरता प्रतिशत न्यून रहेको छ । यी देशहरूमा कक्षाकोठाको राम्रो व्यवस्था हुन नसक्दा धेरै बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेका छन् ।

विश्वभरि नै शैक्षिक स्थितिलाई अवलोकन गर्ने हो भने प्रायःजसो धेरै देशहरूमा शुरुको बालशिक्षा, नर्सरी र किण्डर गार्टेनको व्यवस्था शिक्षाको शुरुबाट गर्ने प्रचलनहरू रहेका पाइन्छन् । नेपालमा जस्तैः प्राथमिक शिक्षा प्रायः निशुल्क र अनिवार्य गर्ने प्रचलन छ । त्यसपछि क्रमशः नि.मा.वि., मा.वि. र उच्च शिक्षाको प्रबन्ध गरिएको छ । माध्यमिक र उच्च शिक्षा भने व्यक्तिगत प्रयास गर्न सक्नेहरूका लागि व्यवस्था

गरिएको हुन्छ । प्रायः औद्योगिक देशहरू जस्तैः जापान, अष्ट्रेलिया र पश्चिमी युरोपियन मुलुकहरूमा ९-११ वर्ष सम्मका सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय उपस्थितिका लागि वातावरण तयार पारिएको हुन्छ यो उमेर समूहकाले ३-४ वर्ष जति समय माध्यमिक (नि.मा.वि) स्कुल पनि नियमित गर्दछन् । यी देशहरूमा ७५ प्रतिशत बालबालिका सरकारी विद्यालयमा पढ्छन् । विशेष गरी अष्ट्रेलियामा यो व्यवस्था रहेको पाइन्छ । जहाँ राज्यले प्राथमिकदेखि माध्यमिक शिक्षासम्म निःशुल्क गरेको पाइन्छ ।

नेपालको छिमेकी देश भारतका १२ राज्यमा मात्र ११-१४ वर्षसम्मका बालबालिकाहरूले निःशुल्क शिक्षाबाट लाभान्वित भएका छन् । त्यहाँ ८५ प्रतिशत बालबालिकाहरू ११ वर्षसम्म विद्यालयमा उपस्थित हुन्छन् । उच्च शिक्षाको १८-२३ वर्षसम्मका विद्यार्थीहरू २५ प्रतिशत मात्र नियमित उपस्थित हुन पुग्छन् । झण्डै ५ हजार (४८५०) को सङ्ख्यामा रहेका कलेज तथा विश्व विद्यालयहरूले भारतीयहरूलाई उच्च शिक्षाको अवसर प्रदान गरेका छन् ।

नेपालमा पनि आंशिक र सम्बधन प्राप्त गरी २२२ क्याम्पसहरूको जालो विस्तार गर्न सफल त्रि.वि.ले बढीभन्दा बढी विद्यार्थीहरूलाई न्यून शुल्कमा साधारण, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ । त्यसरी नै नेपाल संस्कृत विश्वविद्यालय, पोखरा, पूर्वाञ्चल र काठमाडौं विश्वविद्यालयहरू र हजार जति उच्च मा.वि.हरूले उच्च शिक्षाको सेवा प्रदान गरिरहेका छन् । प्रजातन्त्रको जननी भनिने बेलायतमा ९३ प्रतिशत बालबालिकाहरू सरकारी विद्यालयमा पढ्छन् । बाँकी ७ प्रतिशतमा मात्र निजी स्कूलमा अध्ययन गर्दछन् । प्रायः विश्वमा प्राथमिक माध्यमिक, र उच्चतहको अध्ययनपद्धति लागू भएको पाइन्छ । बेलायतमा पनि प्राथमिक र माध्यमिक तहमा ५-१६ वर्षका विद्यार्थीहरू पूर्णकालीन रूपमा अनिवार्य शिक्षा प्राप्त गर्दछन् । जबसम्म उच्च शिक्षामा पुग्दैनन् त्यसबेलासम्म बेलायतमा व्यावसायिक शिक्षा प्रदान गरिंदैन । त्यहाँ प्राथमिक, द्वितीयक र थप गरी तीन तहमा शिक्षा प्रदान गरिने प्रचलन रहेको छ । उच्च शिक्षामा खुला विश्वविद्यालयको अवधारणाअनुसार पनि घरै बसेर उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था बेलायतमा रहेको छ (जोशी, -२०६२:१-३) ।

## २.१.४ नेपालमा शैक्षिक विकासको ऐतिहासिक पृष्ठभूमि

शिक्षा, मानवजीवनको अभिन्न अङ्गका रूपमा लिपिको सुरुवातबाट नै रहिआएको तथ्य फेला पर्दछ । शिक्षालाई नै समाज परिवर्तनको अविरल शृङ्खलाको सशक्त माध्यम पनि शिक्षालाई नै मानिन्छ । आधुनिक विकसित समाज हिजोको सरल शिकारी समाजको निरन्तर रूपान्तरणको परिणाम हो । यस प्रक्रियामा एकल भूमिका शिक्षाको नै रहेको पाइन्छ । यसबाट यो स्पष्ट हुन मानवजातिको उत्पत्तिबाट नै कुनै न कुनै रूप वा शैलीको शिक्षाको अस्तित्वलाई नर्कान सकिँदैन भन्ने कुरा प्रमाणित हुन्छ । विषय वा वस्तुको रूपान्तरण सरलवाट जटिलतर्फ लक्षित हुने प्राकृतिक नियमवाट शिक्षा पनि अलग हुन नसक्ने भएकाले, यसको प्राग्स्वरूप नितान्त सरल, अनौपचारिक र सीमित रहेको पाइन्छ ।

नेपालका सन्र्दभमा भन्नुपर्दा प्राचीनकालदेखि नै समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वास जीवनको आदर्श, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादीक्षाको परम्परा थियो । सम्पूर्ण शिक्षादीक्षा एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जान्थ्यो । स्नेह, ममता, वात्सल्य र शिष्टाचारकी प्रथम शिक्षिका आमा हुन्थिन् । उनैबाट दुईतीन वर्षसम्म केटाकेटीहरू समाजमा शिष्टाचारको पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो ।

त्यसपछि बाबुले छोरालाई, छोराले नातिलाई आ-आफ्नो कुल, धर्म आचारणमा चलिआएको धार्मिक तथा सामाजिक व्यवहार, पेशा तथा व्यवसायमा परिचित गराउँथे । छोरानातिलाई कम उमेरदेखि नै आफ्नो पेशामा संलग्न गराएर शिक्षादीक्षा दिंदै जान्थे । त्यो शिक्षा व्यावसायपरक हुन्थ्यो ।

आमा र सासूहरू छोरी तथा बुहारीहरूलाई घरव्यवहारका महिलाहरूले गर्नुपर्ने घरगृहस्थीका आवश्यक कुराहरू, कुलाचार, सामाजिक रीतिहरू तथा कर्तव्यका विषयमा तालिम दिंदै जाने गर्दथे । त्यो परम्परा धेरै पछिसम्म चलिआएको थियो भन्ने कुरा भानुभक्तको वधूशिक्षावाट पनि बुझिन्छ ।

वर्णाश्रम व्यवस्थाको अभ्युदयपछि धर्ममा आश्रित समाजमा मानिसहरू आ-आफ्नो धर्मविरुद्ध जान सक्दैनथे । वर्णाश्रम व्यवस्थामा व्राह्मणहरूको उच्चस्थान

थियो । पढ्नु, पढाउनु र पुरोहित्याइँ गर्नु उनीहरूको काम हुन्थ्यो । उनीहरूबाट नै वैदिक शिक्षाको विकास भएको थियो ।

समाजलाई पूर्ण व्यवस्थित गराउन वर्णाश्रम व्यवस्था गरिएझैं मानवजीवनलाई पूर्ण गराउन आश्रमव्यवस्था, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास आश्रमहरूको व्यवस्था गरिएको थियो । जसअन्तर्गत २५ वर्षसम्मको ब्रह्मचर्याश्रममा शिक्षा आर्जन गर्ने प्रथा निर्धारण भएको थियो ।

आधुनिक शिक्षाको संस्थागत व्यवस्थापूर्व नेपालमा पनि भारतमा जस्तै प्रचलित शिक्षा नै प्रचलित रह्यो ।

१) वैदिक वा संस्कृत शिक्षा

२) बौद्ध धर्मको प्रादुर्भाव पछि बौद्ध शिक्षा परम्परा

**क) वैदिक शिक्षा-**

यसअन्तर्गत गुरुकुल, ऋषिकुल, देवकुल, पितृकुल जस्ता प्रारम्भिक शिक्षा प्रचलीत थिए । गुरुकुल शिक्षाप्रणाली धेरै पछिसम्म अर्थात् अङ्ग्रेजी शिक्षाप्रणालीको जग बसिन्जेलसम्म चलनचल्तीमा रहिरह्यो ।

**गुरुकुलः** वैदिक शिक्षा ब्रह्मचर्याश्रममा आर्जन गरिने हुँदा उपनयनपछि वटुकहरूले गुरुकुलमा गुरुको स्थानमा ब्रह्मचर्य पालन गरी हिंसा, असत्य, रिस त्यागी पवित्र रही सन्तोषी बनेर यज्ञ, तपस्या र अध्ययन गर्नुपर्दथ्यो । स्नान, शौचादि, नित्यकर्मपछि गुरुको समीपमा रहेर विद्या अध्ययन हुन्यो । जनैपूर्णिमाको दिनबाट उपनयन क्रम सुरु हुन्थ्यो । उपनयनपछि वटुकहरू गुरुको मातृदेवो भवः पितृदेवो भवः, आचार्यदेवो भवः आदि नियम पालनका साथै विद्योपार्जनमा प्रयत्नशील रहन्थे ।

वैदिककालमा स्त्रीहरू पनि वेदाध्ययनवाट वर्जित थिएनन् । उनीहरू पनि ब्रह्मचरिणी भई वेदाध्यायनपश्चात् ब्रह्मवादिनी भएर बस्न सक्दथे । अध्ययन समाप्त गरी गृहस्थाश्रममा प्रवेश गर्ने महिलालाई सद्योवधू र सन्न्यास लिनेलाई ब्रह्मवादिनी भन्दथे । गार्गी, मैत्रेयी यिनै खालका विदुषी थिए ।

**ख) बौद्ध शिक्षा**

बौद्ध शिक्षा बुद्धको उपदेश तथा दर्शनमा आधारित थियो । यसमा वर्णभेद थिएन । पारिवारिक बन्धन तोडेर भिक्षु बनेपछि महिला तथा पुरुष दुवै शिक्षा ग्रहण गर्न योग्य हुन्थे । अध्ययन केन्द्र विहार, बहाल, मठ, र भिक्षुहरूको सङ्घ हुन्थ्यो । प्राकृत तथा पालीभाषा, बौद्ध दर्शन तथा साहित्य त्रिपिटक, जातक आदि पढाइका विषय हुन्थे । पढ्नका लागि छिमेकी देश भारत तथा चीनवाट शिक्षार्थीहरू नेपाल आउँथे । त्यस बखत नेपाल बौद्धिक सङगमस्थल जस्तै थियो ।

<u>लिच्छविकालमा शिक्षा:</u> किराँतकालको शिक्षादीक्षाबारे यकिन गर्न सकिएको छैन । किराँतकाल नेपाली संस्कृतिको उत्पत्तिकाल हो । त्यसकालमा बनेका अशोकका चैत्यहरू पाटन लगनखेलमा छँदै छन् ।

लिच्छविहरूको समयमा कला-संस्कृति र शिक्षाको विकासमा उनीहरूको ध्यान गयो । चौंथो शताब्दीमै पनि नेपालमा वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुनेगरेको सङ्केत मिल्दछ । लिच्छविकालमा नेपालमा बोलचालको भाषा स्थानीय भएतापनि राजभाषा भने प्रौढावस्थामा पुगेको देखिन्छ । शिक्षित जनसमुदाय संस्कृत भाषा नै प्रयोग गर्दथे । प्राचीन नेपाली शिक्षाको विकास धार्मिक सहिष्णुताका आधारमा हुने गर्दथ्यो ।

<u>मल्लकालमा शिक्षा:</u> मल्ल राजाहरू सबैले सर्वसाधारण जनतालाई शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य हो भन्ने ठानेका थिएनन् तर पनि उनीहरूले शिक्षा विकासमा सहयोग भने पुऱ्याएकै थिए । सर्वसाधारण जनता भने पढेलेखेका प्रायः हुँदैनथे । कर्म गराउने ब्राह्मण र विहारका बौद्धाचार्यहरूले नपढी हुँदैनथ्यो । यसकालमा शिक्षा वृत्तिविकासको रूपमा लिएको देखिन्छ । चौधौं शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरी व्यावसायिक सीप, सिकाउने व्यवस्था गरेका थिए । उनले शिक्षालाई जीवनको आधार बनाई व्यवसायिक शिक्षाको श्रीगणेश गरेका हुन् । उनले विद्वान् र गुणीको आदर गर्दथे । शिक्षाका केन्द्र मन्दिर र बौद्ध मठमा

केन्द्रित हुनाले जयस्थिति मल्लले तिनीहरूको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षाको विकासमा जोड दिएका थिए ।

बाईसी चौबीसी राज्यमा शिक्षा: बाईसी चौबीसी राज्यहरूमध्ये डोटी, जुम्ला, पाल्पा, तनहुँ, तथा पर्वतमा प्राप्त भएका पुराना हस्तलिखित ग्रन्थबाट ती ठाँउमा शिक्षा, संस्कृत भाषाका माध्यमबाट दिइन्थ्यो भन्ने देखिन्छ । गोरखामा शाहवंशीय राजाहरू राजकुमारहरूको पठनपाठन आफ्नै गुरुपुरोहितबाट गराउँथे । राजा रामशाह विद्याप्रेमी थिए । गोरखामा संस्कृतका विद्वान्हरूबाट परम्परागत संस्कृत शिक्षा प्रवाहित हुन्थ्यो । कास्कीका राजा सिद्धिनारायण शाहद्वारा पोखराथोकमा गुठीको आयस्ताबाट विद्यालय सञ्चालन भएको थियो ।

पाल्पाका सेन राजाहरूमा मुकुन्दसेन प्रथम विशेष विद्वान्, विद्याप्रेमी तथा राजनीतिज्ञ कहलिएका थिए । पृथ्वीनारायण शाहको एकीकरणपूर्व पनि नेपाली समाजका विभिन्न वर्ग आफ्नो परम्परागत शैली र ढङ्गमा पठनपाठन गरी अघि बढेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ ।

शाहकालमा राजाको समय राज्यसञ्चालन र राज्यको दरिलो व्यवस्था मिलाउनमै बित्यो । शिक्षाको विस्तार र विकासमा खासै उल्लेखनीय कार्य हुन पाएन ।

राणाकालमा शिक्षा (२००७ सालपूर्वको शैक्षिक अवस्था)

वि.सं.१९०३ मा जङ्गवहादुर प्रधानमन्त्री भएपछि बेलायतबाट भारतमा र भारतबाट नेपालमा आयात गरिएको म्याकलेको शिक्षाले दरवारस्कुलको नाममा वि.स. १९१० मा प्रवेश पायो । संम्बत् १९१५ मा शिक्षाको तालुकी अड्डाको व्यावस्था गरेर शिक्षा प्रशासनलाई गति दिइयो । संवत् १९२५ मा नारायणहिटी पाठशाला र १९३०/३१ तिर ल्हासाका नेपालीका लागि पाठशालाको व्यवस्था भयो । उनकै कार्यकालमा दिङ्लामा बालब्रह्मचारी षडानन्दबाट पाठशाला स्थापना गरियो । गाउँघरमा पिँढी शिक्षा नै प्रचलित थियो ।

रणोद्दीपको शासनकालमा उनका भाइ धीर शमशेरको आग्रहअनुसार वि.सं १९३४ मा रानीपोखरी संस्कृत पाठशाला र रिडी विष्णुपञ्जरमा पाठशाला स्थापना गरी त्यसलाई वि.सं १९६६ मा व्यवस्थित गरिएको थियो ।

वीर शमशेरले वि.सं १९५० मा कास्की पोखराको विन्ध्यवासिनी र पाल्पाको लहरे पीपलमा पाठशाला खोलेर उनले आफ्ना बाबुको इच्छापूर्ति गरे । वि. सं १९४१ मा तीनधारा पाठशालाको पूर्वाधार खडा गरी वि.सं १९४५ मा पाठशाला गराए ।

गङ्गावाइको आधारभूत प्राथमिक शिक्षाबाट प्रेरणा पाई छात्राहरूको शिक्षाको व्यावस्था उनैले गरेका थिए । संवत् १९४७ मा वीर अस्पताल र १९५७ मा मेडिकल स्कुलका स्थापना उनकै कार्य हुन् । संवत् १८६९ मा स्थापित पुस्तकखानालाई उनैले व्यवस्थित गरी वीर पुस्तकालयको नाम राखेका हुन । प्रधानमन्त्री देवशमशेरले प्राथमिक शिक्षालाई सर्वव्यापी बनाउने घोषणा गरे । दुई महिनाभित्रै काठमाडौं उपत्यकामा ३५ पाठशाला स्थापना, काठमाडौंमा कन्या पाठशालाको स्थापना आदि प्रमुख काम भएका थिए । उनले मानवतावादी बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहलाई पाठशालाका लागि पाठ्यपुस्तक अक्षराङ्क शिक्षा तयार गर्न लगाई किताब र सिलोट वितरण गराए । साथै शासनबारे सु-सूचित गराउन १९५८ वैशाख २४ गतेदेखि गोरखापत्रको प्रकाशन आदि प्रमुख काम गरेका थिए । प्रधानमन्त्री देवशमशेरका पालामा श्री जयपृथ्वीबहादुर सिंहले आफ्नो घर नक्सालमा वि.सं १९६३ मा सत्यवादी प्राथमिक पाठशाला सञ्चालन गरी बझाङवाट विभिन्न जातिका छात्रहरू झिकाई शिक्षा दिलाएका थिए । शिक्षाको प्रचार गर्छु भन्दा भन्दै उनलाई लखेटियो । चन्द्रशमशेरले देवशमशेरका पालामा खुलेका पाठशाला बन्द गर्ने चेष्टा गरे तापनि उपत्यकाभित्र र बाहिर पनि उनका आफन्तका जिल्लाहरूमा भाषा पाठशाला खोल्नु उनको बाध्यता भयो । त्यसै क्रममा धनकुटा, सिराहा, काभ्रे, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, दैलेख, प्यूठान, दाङ, बैतडी, सल्यान, जाजरकोट, दार्चुला, आदि जिल्लाहरूमा पाठशाला खुले । कन्या पाठशाला ढोकाटोलमा १९६२ र अमर खाँ फौजदारको प्रयत्नमा बारा भवानीपुरमा वि.सं १९८४ मा अर्को अङ्ग्रेजी स्कुल खुल्यो । प्रवासमा रहँदा कृष्णप्रसाद कोइरालाले भारतको चम्पारन जिल्लाको टेण्डिमा १९०६ मा प्राथमिक स्कुल खोलेपछि विराटनगरमा

स्थानानन्तरण गरिएको थियो । नेपालगञ्जमा पनि वि.सं.१९८५ मा अङ्ग्रेजी स्कुल स्थापनाको प्रयास भएको थियो ।

स्वामी दामोदरानन्दको सत्प्रयासले उपत्यकाबाहिरको पहिलो अङ्ग्रेजी स्कुल, सिराहामा चन्द्र मिडिल स्कुल, १९७२ र अमर खाँ फौजदारको प्रयत्नमा बारा भवानीपुरमा वि.सं १९८४ मा अर्को अङ्ग्रेजी स्कुल स्थापनाको प्रयास भएको थियो ।

संस्कृत शिक्षातर्फ जनकपुरको ज्ञानकूप, कपिलवस्तुको तौलेश्वरमा वि.सं.१९७८ मा पाठशालाको व्यवस्था भएको थियो । किताब तर्जुमा अड्डा १९६० मा र श्रेस्ता पाठशाला वि.सं. १९६२ मा, खडा गरिएको थियो । वि.सं १९६९ मा जाँचपास अड्डा वि.सं १९७० मा, गोरखा भाषा प्रकाशन समिति, वि.सं १९८५ मा पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिस उच्च शिक्षाका निमित्त वि.सं.१९७५ मा त्रिचन्द्र कलेज, र वि.सं १९८५ मा आयुर्वेदिक पाठशाला खुलेका थिए । पशुपति चन्द्रमुनिलाल वेदवेदाङ्ग विद्यालय खुलेका थिए ।

संवत् १९७० मा खडा भएको गोरखा भाषा प्रकाशिनी समितिको सवाल प्र.म. भीमसमशेरको पालामा वि.सं १९८९ अनुसार २२ गते रोज ३ मा संशोधन भई जारी भएको थियो । प्रधानमन्त्री जुद्ध शमशेरका पालामा वि.सं.१९८९ मा कृषि स्कूलको स्थापना, वि.सं.१९९० मा सिमिल मेडिकल स्कूल, एस.एल्.सी. बोर्डको गठन तथा पहिलोपटक शिक्षा बोर्ड वि.सं १९९३ मा गठन भएका थिए । अर्को कार्यकालमा गोकण्डेश्वर स्कूल, वीरगञ्ज हाईस्कूल, महावीर स्कूल, जुद्धोदय पब्लिक हाईस्कूल, गौर हाईस्कूल, जुद्धकला पाठशाला स्थापना भएका थिए । ठाँउठाँउमा भाषा पाठशालाहरू काठमाडौंको घण्टाघरमा र कपिलवस्तुको कृष्णनगरमा मदरसा पनि खुले । प्रधानमन्त्री पद्म शमशेरले स्कूल पाठशाला खोल्नमा लगाइराखेको बन्देज खुकुलो गरी, वि.सं.२००४ मा संवैधानिक कानून घोषण गरी दिएकाले जनता पाठशाला खोल्न खुवै हौसिए । वि.सं. २००३ मा धरान पब्लिक स्कूल, तथा इलाम हाईस्कूलको श्रीगणेश भएको थियो । केन्द्रमा रहेको इन्स्पेक्टर अफिसलाई विस्तार गरी पूर्व र पश्चिममा डेपुटि इन्स्पेक्टर अफ स्कूल खुले । वि.सं. २००४ मा पद्म पब्लिक स्कूल, भद्रपुर, राजविराज, पद्मकन्या विद्याश्रम, पद्म हाईस्कूल भक्तपुर, कन्यामन्दिर खुले । वि.सं.२००४ सालमै प्राविधिक सीप र तालिमको व्यवस्थाका लागि रेञ्जर तथा

फरेष्टर तालिम केन्द्र, खादी विद्यालय, जेल तालिम केन्द्र, घरेलु इलम, धर्माश्रम र पशुचिकित्सालय खुले ।

भारतको सिको गर्दै शिक्षक तालिमका लागि २००४ मा आधार शिक्षण केन्द्र स्थापना भयो । ठाउँठाउँमा आधार स्कूल खुले । पद्म शमशेरले संस्कृत शिक्षापट्टि उदासीनता देखाई मृतभाषा भनिदिंदा तीनधारा पाठशालाका छात्रहरू 'जयतु संस्कृतम्'को नाराले क्रान्तिमा उत्रिएका थिए । अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरका पालामा केही आधार स्कूल, पश्चिम भेगको पहिलो मोहन कन्या मिडिल स्कूल पाल्पा, पूर्वप्राथमिक स्कूल मन्टेश्वरी खुलेका थिए । उनकै पालामा वि.सं. २००५ मा सर्वप्रथम २५ सदस्यीय विश्वविद्यालय योजनासभा गठन गरिएको थियो । विदेशी छात्रवाससहितको पब्लिक स्कूल खोल्ने अनुमति दिइएको थियो । विदेशमा हुन गएको छात्रसम्मेलनमा भाग लिन सर्वप्रथम पठाइएको थियो । सरकार जतिसुकै शिक्षा विस्तारमा उदासीन रहे पनि समयको प्रभावले केही शिक्षण संस्था खडा भएका थिए (शर्मा, २०६० पृष्ठ १-५) ।

## २.१.५ निजीकरणको दुष्प्रभाव

अहिलेका नाफामुखी स्कूलहरू सरकारले विशेष गरी शहरी क्षेत्रमा सार्वजनिक स्कूल व्यवस्थापन गर्न नसकेका कारणले चलेका हुन् । हाम्रो देशमा निजी शिक्षा बिग्रँदो सार्वजनिक शिक्षाको फाइदा लिंदै उदार अर्थतन्त्रका प्रक्रियासँगै एउटा आर्थिक क्रियाकलापमा, परिणत भयो । समाजको सानो हिस्सालाई यस्ता निजी स्कूलहरूले शिक्षाको सुविधा पुऱ्याएका होलान् तर बहुसङ्ख्यक नेपालीका छोराछोरी पढ्ने स्कूलहरू बेहाल छन् । निजी स्कूलहरूका कारणले सार्वजनिक स्कुलहरूको विश्वसनीयता ध्वस्त भएको छ । तर माओवादीहरूले बेलाबेलामा भनेजस्तो निजी स्कूलहरूलाई भटाभट राष्ट्रियकरण गर्दैमा नेपालको शिक्षाको स्थिति सुध्रिहाल्ने भने देखिंदैन । हामी सबैले सरकारीकरण भइरहेका स्कूलहरूको हालत नदेखेका छैनौं ।

पश्चिमहरूको शिक्षा पश्चिमी समाजको आवश्यकतासँग निकै नजिक छ । तर त्यस्तै प्रणालीको नक्कलमा आधारित उनीहरूले पनि छाडि सकेको पद्धतिमा आधारित

निजी तवरबाट दिइने अधिकांश शिक्षा नेपालजस्तो देशका लागि उपयोगी हुने सम्भावना निकै कम छ ।

अभिभावकहरू आफ्ना केटाकेटी कहाँ पठाउने भन्ने कुराको निर्णय कस्तो पढाइ हुन्छ भन्ने कुराले मात्र होइन कहाँ पठाउँदा आफ्नो सामाजिक हैसियत बढ्छ भन्ने कुराले पनि निर्धारण गर्दछ । सार्वजनिक स्कूल जतिसुकै राम्रो भए पनि अब बोर्डिङमा' नपढे सामाजिक हैसियत प्राप्त हुन्न भन्ने धारणा देखिन्छ ।

जबसम्म नीतिनिर्माताहरू तथा अन्य प्रभावशाली व्यक्तिहरूका केटाकेटी निजी विद्यालयमा रहन्छन्, तबसम्म उनीहरूले सरकारी विद्यालयको गुणस्तरीयताको सबाललाई खासै वास्ता गर्दैनन् । सन् १९९९ मा गरिएको एक सर्वेक्षणले उच्चस्तरीय अधिकृतहरू तथा सांसदहरूमध्ये आधाभन्दा बढीका केटाकेटीहरू निजी विद्यालयमा पढ्छन् भन्ने देखाएको छ । जबकि सार्वजनिक स्कूलहरूको हाल बेहाल छ । गुणस्तरीयता प्रदान नगर्ने विद्यालयहरू धेरै टिक्न सक्दैनन् । सार्वजनिक स्कुलहरू बन्द हुने प्रक्रिया सुरु भइसक्यो । सबै अभिभावक आफ्ना नानी निजी स्कुलमा हाल्न सक्दैनन् मुख्य चिन्ता र चासोको विषय यही हो ।

सरकारको तर्फबाट हुने कमजोर अनुगमन र लापरवाही पनि अर्थ राजनीतिसँग जोडिएको छः प्रभावशाली व्यक्तिका केटाकेटीहरू कि त गाउँमा बस्दैनन् या निजी विद्यालयमा अध्ययन गर्दछन् । वास्तवमा ऐतिहासिक रूपमा कारणहरू जेसुकै भए तापनि निजी स्कूल छयापछ्याप्ती खुल्नुका पछाडि सार्वजनिक स्कूलहरू बिग्रनु र सार्वजनिक स्कूल बिग्रनुका पछाडि शिक्षकहरूको अनियमितता जिम्मेवार छ । यो स्पष्ट छ कि निजीकरण राष्ट्रिय शिक्षानीतिको असफलताको उपज हो भने दरिद्र शिक्षा नीति नै दरिद्र सामाजिक तथा आर्थिक अवस्थाको द्योतक पनि हो । त्यसैले त्यहाँ एउटा दुश्चक्र देख्न सकिन्छः खराब सामुदायिक स्कुलले निजीकरण निम्त्याउँछ र निजीकरणले सरकारी स्कूललाई खराब बनाउँछ (भट्टराई, २०६३ः ६२-८१) ।

<u>२००७ देखि २०१७ सालसम्म</u>ः- २००७ सालको परिर्वतनले राजनीतिक, सामाजिक, क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि ठूलो जागरण ल्यायो । फलस्वरूप देशका विभिन्न भागमा विद्यालयहरू खेल्ने आन्दोलन नै चल्यो । स्थानीय जनताको पहल र प्रयत्नमा

अनेकौं संस्थाहरू खुले । यस अवधिमा विद्यालय मात्र होइन, विभिन्न कलेजहरू पनि स्थापना भए । २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । २००७ सालमा रहेको प्राथमिक विद्यालय र विद्यार्थीसङ्ख्या वृद्धि भएर २०१८ सालमा पुग्दा क्रमशः ४००१ र ४४९१४९ पुग्यो । यसै गरी २०१८ सम्ममा माध्यमिक विद्यालय १५६ र उच्च शिक्षण संस्था ३३ पुगे । विद्यार्थी सङ्ख्या वृद्धि भएर क्रमशः २१११५ र ५१४३ पुग्यो । यस तथ्याङ्कले २०१७ सालपछि नेपालको शैक्षिक जागरणले ठूलो फड्को मारेको देखाउँछ ।

<u>२०१७ देखि २०४६ सालसम्मः</u>- २०१७ सालमा राजा महेन्द्रबाट संसदीय व्यवस्था विघटन गरी दलविहीन पञ्चायती व्यवस्थाको सूत्रपात गरेपश्चात् पनि, शैक्षिक संस्थाहरू सञ्चालन गर्ने प्रवृति जीवितै रह्यो । जनतालाई वैज्ञानिक शिक्षा दिन र देशका लागि दक्ष जनशक्ति तयार पार्न भनेर २०२८ सालमा नयाँ शिक्षा योजना लागू गरियो । फलस्वरूप, मुलुकले शैक्षिक एकीकरणको जल्दोबल्दो समस्याको निदानमा अहंम् भूमिका निर्वाह मात्र गरेन अपितु व्यावसायिक शिक्षाको दिशामा नयाँ जागरण समेत ल्यायो । यस अवधिमा पनि शिक्षण संस्थाहरूको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भएको पाइन्छ ।

<u>२०४६ साल र त्यसयताः</u>- नेपाली समाज र राजनीतिमा २०४६ सालको घटना एउटा ऐतिहासिक फड्को थियो । आन्दोलनको सफलतापश्चात् नेपाली समाज खुला हुन पुग्यो । यसको असर शैक्षिक क्षेत्रमा पर्नु स्वाभाविकै थियो । परिणामस्वरूप शिक्षा क्षेत्रमा पनि परिवर्तन देखिन थाल्यो । २०४६ सालमा नेपालको साक्षरता प्रतिशत ३९.६ मात्र थियो । २०५४ सम्म आइपुग्दा यो वृद्धि भएर ५२.६ प्रतिशत हुन पुग्यो । २०४६ सम्म प्राथमिक, नि.मा.वि, र मा.वि. विद्यालयको सङ्ख्या क्रमशः १५८३४, ३९४१ र १७७१ रहेकामा २०५८ मा यो सङ्ख्या बढेर क्रमशः २४९५१, ७३३१ र ४१११ पुग्यो ।

२०४६ सालपछि देशमा विभिन्न विद्यालय, विश्वविद्यालय, कलेज र अनेकौं इन्स्टिच्युटहरू स्थापना भए । निजी लगानीकर्ताहरू पनि शिक्षाको विकासमा लगानी

गर्न सहभागी हुन थाले । स्वभाविक रूपमा यसवाट देशको शैक्षिक विकासमा योगदान पुग्यो ।

२०४६ पछि शिक्षामा परिमाणात्मक विकास भएको छ । विद्यार्थी भर्नादर, साक्षरता प्रतिशत, आदिमा वृद्धि भएको छ । यसलाई महत्त्वपूर्ण उपलब्धि मान्नुपर्दछ ।

### २.१.५.१ गुणस्तरमा ह्रास आउनु

हाम्रो शिक्षामा आएको न्यून गुणस्तरलाई सरकारले पनि स्वीकारेको छ । वास्तवमा २०४६ सालको आन्दोलनको सफलतापश्चात् शिक्षाक्षेत्रमा रहेका समस्याहरू समाधान गर्न गम्भीर प्रयत्न हुनेछ भन्ने ठानिएको थियो । शैक्षिक संस्था वृद्धि गर्ने, विद्यार्थी, शिक्षकसङ्ख्या बढाउनेजस्ता कामहरू उल्लेखनीय सङ्ख्यामा भए पनि, गुणात्मक वृद्धितर्फ भने ह्रासको प्रवृत्ति हावी रह्यो । यद्यपि राज्यको लगानी शिक्षाका क्षेत्रमा सर्वाधिक हुने गरेको थियो । तथापि न्यून गुणस्तरका कारणले गर्दा शिक्षा जीवनोपयोगी हुन सकेन फलस्वरूप बेरोजगारको सङ्ख्या वृद्धि हुनुमा यो एउटा प्रमुख कारण बन्न गएको छ ।

### २.१.५.२ शिक्षामा निजीकरण र व्यापारीकरण

निजीकरणको विधिवत् थालनी २०३६ सालबाट भए पनि विशेष गरी, २०४६ सालपछि राज्यले अपनाएको आर्थिक उदारीकरणको शिकार शिक्षाक्षेत्र पनि बन्न पुगेको पाइन्छ । शैक्षिक क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्न खुल्ला गरिएपछि लगानीकर्ताको एउटा ठूलो सङ्ख्या शिक्षाक्षेत्रमा लागेको छ । देशमा नयाँ-नयाँ विद्यालयहरू, उच्च माध्यमिक विद्यालयहरू, कलेजहरू र विश्वविद्यालयहरू निजी प्रयत्न र लगानीमा स्थापना भएका छन् । करोडौं-अरबौं रूपैयाँ लगानी भएको छ । यसमा वैदेशिक लगानीसमेत भित्र्याइएको छ । यस्तो लगानीको प्रवृत्ति, सेवाका लागि भन्दा नाफाका लागि बढी हुने गरेको छ र शैक्षिक क्षेत्र व्यापारमा परिणत भएको छ ।

यसरी खुलेका निजी शैक्षिक संस्थाहरूलाई राज्यले उचित तवरबाट सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न सकेको पाइँदैन । यस्ता संस्थाहरूबाट समाज राष्ट्र र विपन्न समुदायलाई सहयोग पुऱ्याउनुपर्ने थियो तर सरकारको यसबारेमा ठोस नीति-

नियम र योजना नभएकाले निजी शिक्षण संस्थाहरू, सीमित व्यक्तिहरूले नाफा आर्जन गर्ने व्यवसाय बन्न पुगेका छन् । बल्ल अब समाजले निजी शैक्षिक संस्थाहरूको नकारात्मक असर महसुस गर्न थालेको छ ।

### २.१.५.३ वर्ग सृजना

निजी र सामुदायिक शैक्षिक संस्थाको गुणस्तरमा रहेको असमानताले समाजको एउटा हुनेखाने वर्ग निजी शैक्षिक संस्थाप्रति आकर्षित भएको छ । राज्यले ठूलै लगानी गरे तापनि सामुदायिक स्कूलहरूले दिने न्यून गुणस्तर र तज्जन्य प्रतिफल विशेष प्रवेशिका परीक्षामा देखिएको असन्तुलनले सामुदायिक विद्यालयको दयनीय अवस्थालाई उजागर गरेको छ । यस्तो अवस्थामा हुनेखाने वर्ग निजी विद्यालयमा आकर्षित हुनु स्वाभाविक देखिन्छ । निजी विद्यालयहरूको उत्पादन तुलनात्मक रूपमा राम्रो भएकाले त्यहाँबाट उत्पादित विद्यार्थीहरू नै उत्कृष्टताका आधारमा विज्ञान तथा प्रविधि जस्ता महत्त्वपूर्ण शिक्षामा अवसर प्राप्त गर्दछन् । जबकि सामुदायिक विद्यालयको उत्पादन विविध पक्षमा प्रतिस्पर्धा गर्न नसक्ने भएकाले पहुँचको अभावमा साधारण शिक्षामा सीमित रहन बाध्य छन् । अर्थात् शिक्षाकै कारणले गर्दा सम्पन्न झन् सम्पन्न र विपन्न झन् विपन्नताको स्थितिमा रहने अवस्था आएको छ । यसलाई शिक्षाले सिर्जना गरेको वर्ग भन्न सकिन्छ । सामाजिक न्याय, शान्ति, स्थिरता र समानताका दृष्टिले यस्तो अवस्था बन्नु र बन्न दिनु उपयुक्त होइन ।

### २.१.५.४ शिक्षाको सुलभता र भौतिक पूर्वाधारको अभाव

“सबैका लागि शिक्षा” भन्ने नारा दिइए तापनि व्यवहारमा यस्तो भएको पाइँदैन । विद्यालय जाने उमेरका धेरै विद्यार्थी विद्यालय जान पाएका छैनन् । शिक्षासम्बन्धी चेतनाको अभाव र गरिबीका कारणले गर्दा नै यस्तो भएको मान्न सकिन्छ । अर्कातर्फ देशका सम्पूर्ण भागमा विद्यालय सर्वसुलभ हुन सकिरहेका छैनन् ।

स्थापित विद्यालय तथा महाविद्यालयमा पनि प्राप्त भौतिक पूर्वाधारहरू छैनन् । देशका अनेकौं विद्यालयहरूमा पर्याप्त शिक्षकको अभाव छ । शिक्षकविद्यार्थीको अनुपात मिल्न नसक्नुलाई अस्वभाविक मान्न सकिंदैन । विद्यालयमा, स्वच्छ खानेपानी, चर्पी,

खेलकुद, पुस्तकालय, प्रयोगशाला आदिको उचित व्यवस्था हुन सकिरहेको छैन । फलस्वरूप शिक्षामा न्यून गुणस्तर कायम हुन सहयोग पुऱ्याइरहेको छ । (नेपाल, २०६२: ९९-१००) ।

## २.१.६ निजी क्षेत्र महत्त्वपूर्ण शिक्षा प्रदायकका रूपमा

धेरैजसो विकासोन्मुख विश्वमा निजी क्षेत्र, महत्त्वपूर्ण शिक्षा प्रदायकका रूपमा रहेको पाइन्छ । माध्यमिक तहमा भन्दा प्राथमिक तहमा जब निजी क्षेत्रले न्यून भूमिका निर्वाह गर्दछ, यसको महत्त्व बढ्दै जान्छ । अल्पसङ्ख्यक धनाढ्य बाबुआमाको आवश्यकताअनुसार निजी स्कुलले सेवा प्रदान गर्दछ भन्ने विचारलाई हटाइदिएको छ । दुई प्रतिशत सरकारी आँकडाका तुलनामा १०% केटाकेटी अनुदान अप्राप्त निजी विद्यालयहरूमा भर्ना हुन्छन् भन्ने तथ्य एक घरधुरी सर्वेक्षणबाट पत्ता लागेको छ । भारतको उत्तरप्रदेश राज्यमा सम्पूर्ण केटाकेटीहरूमध्ये २५% केटाकेटी यस्ता निजी विद्यालयमा भर्ना हुने गर्दछन् । यस्ता खालका उपलब्धिले निजी शिक्षा स्वीकार गरिए भन्दा ज्यादै बढी सर्वव्यापी तथ्य हो भन्ने कुराको सङ्केत गर्दछन् ।

निजी शिक्षा प्रदायकहरू समूदायबाट सञ्चालित स्कूलदेखि लिएर व्यापारिक उद्देश्यले सञ्चालित छन् । सेवा प्रदान गर्नु निजीकरणको केवल एक मात्र पाटो हो । सार्वजनिक विद्यालयको अपर्याप्तताका कारण सिर्जित बढी दूरीमा रहेका घरधुरीहरूबाट पहिलेदेखि नै बढ्दो मात्रामा आर्थिक लगानी निजी क्षेत्रमा गरिएको छ । केही निःशुल्क सार्वजनिक शिक्षाले गर्दा, निजी शिक्षालाई प्रतिस्पर्धात्मक, रोजाइ बनाएको छ । लाहोरमा, निजी स्कूलको प्राथमिक तहमा केटाकेटी पढाउँदा, १९९६ मा लाग्ने खर्च झण्डै डलर ११२ थियो जुन सार्वजनिक स्कुलको दाँजोमा दोब्बर हुन आउँछ ।

सार्वजनिक विद्यालयका शिक्षकको अनुपस्थितिका कारणले गर्दा नै, निजी स्कूल रोज्नु परेको तथ्य घरधुरी सर्वेक्षणबाट थाहा भएको छ । शिक्षामा राज्यको अपर्याप्त व्यवस्था, सार्वजनिक विद्यालयको न्यून कार्यसम्पादनका कारण, गरिब घरधुरीबीच, निजी शिक्षाको बजारविस्तारको सिर्जना गराएको छ ।

जबकि, राज्यको शिक्षा व्यवस्थाको, बिग्रँदो अवस्थाको परिणामस्वरूप सिर्जित रिक्त स्थान पूर्ति निजी विद्यालयहरूले गरिरहेका छन् । तिनीहरूको आधारभूत शिक्षामा विश्वव्यापी द्रुत प्रणालीको सहजीकरणको क्षमताको अतिशयोक्ति मात्र भएको देखिन्छ । तिनीहरू गरिबहरूले सामना गरिरहेको समस्यालाई सम्बोधन गर्न असमर्थ छन् । ल्याटिन अमेरिकामा, निजी स्कूलहरू प्राथमिक स्कूल भर्नाको १४ प्रतिशत भन्दा बढी जिम्मा अहिले लिन्छन् । जुन अरू धेरै देशहरूभन्दा उल्लेखनीय मानिन्छ । पेरूमा, निजी प्राथमिक विद्यालयहरूले धेरै बढी शैक्षिक उपलब्धि, प्रदान गर्दछन् । धेरैजसो ल्याटिन अमेरिकी देशमा सम्भ्रान्त वर्गहरूको प्रायः सामुदायिक स्कूलप्रणालीसँग कुनै अन्तक्रिया हुँदैन । जसले गर्दा सार्वजनिक विद्यालयको गुणस्तर सुधार गर्न आवश्यक पर्ने कर प्रणालीको विकास र साधनस्रोतको परिचालन गर्नमा कठिनाइ उत्पन्न भएको छ । डरलाग्दो ह्रासोन्मूख चक्र सिर्जना गराएको छ । २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षाको लक्ष्य हासिल गर्न, आधारभूत गुणस्तरीय सार्वजनिक शिक्षाको विकल्प छैन । कुनै देशहरूमा निजी सार्वजनिक साझेदारिताले ठूलो भूमिका खेल्न सक्छन् । तर सीमान्तको हकमा मात्र । तिनीहरूले आम असमावेशी समस्यासमाधान गर्न सक्दैनन् र सबैका लागि शिक्षा प्रदान गर्ने राज्यको भूमिका न्यून गर्न सक्दैनन ९इहाक, द्ण्ण्ङ द्द्ढ-द्घण० ।

## २.१.७ आधारभूत शैक्षिक तथ्याङ्क

नेपालमा विभिन्न तहमा सञ्चालित सरकारी, सामुदायिक र निजी विद्यालयको सङ्ख्या र ती विद्यालयहरूमा पढ्ने विद्यार्थी र पढाउने शिक्षकहरूको सङ्ख्यामा रहेको विभिन्नतालाई र साक्षरताका दृष्टिले विभिन्न उमेरसमूहमा पर्ने शहरी तथा ग्रामीण महिला तथा पुरुषहरूको उपलब्धिका तुलनामा एवं विभिन्न तह उत्तीर्ण गर्नेहरूको प्रतिशत र यसमा सामुदायिक तथा संस्थागत विद्यालयहरूको योगदान विभिन्न स्रोतहरूबाट प्राप्त आँकडाहरूलाई निम्न तालिकामा देखाइएको छ :

## तालिका नं. २
## नेपालको वर्तमान शैक्षिक स्थिति

### प्राथमिक १-५ सम्म

| संस्था | सरकारी | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|
| विद्यालय | २२,४१८ | २,०५७ | २,३४८ | २६,८२३ |
| विद्यार्थी | ३३,९०,००० | २,३१,००० | ३५३००० | ३९,७४००० |
| शिक्षक | ८१,७०७ | ६,६८५ | २२,६३५ | १,११०२७ |

निम्न माध्यमिक कक्षा ६-८ सम्म-

| संस्था | सरकारी | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|
| विद्यालय | ६,१८२ | ६१८ | १,१५५ | ७,९५५ |
| विद्यार्थी | ८,६९,००० | १५,४००० | १,६५,००० | १,१८,८००० |
| शिक्षक | १८,८९७ | २,५९९ | ८,०७५ | २८,५७१ |

माध्यमिक कक्षा ९-१० सम्म

| संस्था | सरकारी | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|
| विद्यालय | ३,४५३ | २५४ | ८६३ | ४,५७० |
| विद्यार्थी | ३,५४,००० | ६१,००० | ८१,००० | ४,९६,००० |
| शिक्षक | १३,५६४ | १,३१५ | ८,१४९ | २३,०२८ |

स्रोतः अन्तर्राष्ट्रिय मञ्च २०६२ वैशाख, पूर्णाङ्क १९३० - नेपालसम्बन्धी वार्षिक अङ्क)

## तालिका नं. ३

| | |
|---|---|
| साक्षरतादर (६ वर्ष वा सोभन्दा माथि) प्रतिशतमा | ७२.१% (दुवै लिङ्गको) |
| (क) पुरुष | ८३.२०% |
| (ख) महिला | ६१.८% |
| शहरी साक्षरतादर (६ वर्ष वा सोभन्दा माथि) | ७७.३% (दुवै लिङ्गको) |
| (क) पुरुष | ८७.०% |
| (ख) महिला | ८७.०% |
| ग्रामीण साक्षरतादर (६ वर्ष वा सोभन्दा माथि) | ६१.४% (दुवै लिङ्गको) |
| (क) पुरुष | ७३.३% |
| (ख) महिला | ५१.३% |
| प्रौढ साक्षरतादर प्रतिशतमा | ६७.१% (दुवै लिङ्गको) |
| (क) पुरुष | ८१.३% |

| | |
|---|---|
| (ख) महिला | ५३.६% |
| उत्तीर्ण गरेको शैक्षिक तहअनुसार साक्षर जनसङ्ख्या | |
| प्राथमिक तह | ३५.५३% |
| नि.मा.वि. ⁄ मा.वि.तह | ३६.५६% |
| एस.एल.सी. वा सो सरह | ९.४२% |
| प्रमाणपत्र तह वा सोभन्दा माथि | ८.७५% |
| विद्यालय नगएका साक्षर तथा अन्य तह | ९.७४% |
| विद्यालयमा रहने औसत वर्ष | ४.४०% |
| युवा उमेरका साक्षर महिला पुरुष अनुपात | ०.९३ |

स्रोतः राष्ट्रिय जनगणना, २००१ ।

तालिका नं. ४

कास्की जिल्लाको शैक्षिक अवस्था (२०६१⁄२०६२)

| ६ वर्ष वा सोभन्दा माथि | | | १५ वर्षभन्दा माथि | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरष | जम्मा |
| ६२.९% | ८५.५७% | ७४.१४% | ५७.४९% | ७८.२१% | ६७.७६% |

स्रोतः जि.वि.स.को कार्यालय सूचना तथा अभिलेख केन्द्र, कास्की, २०६२ ।

तालिका नं. ५

कास्की जिल्लाको सङ्क्षिप्त शैक्षिक विवरण २०६१⁄०६२

| विद्यालय | पूर्व प्रा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | १०+२ | +२ | |
| सामुदायिक | ९० | २९२ | ५२ | ६५ | १७ | ( | ४३६ |
| संस्थागत | १५५ | २९ | २९ | ७५ | १० | ७ | १५६७ |
| जम्मा | २४५ | ३२१ | ८१ | १४० | २७ | ७ | ५८३.७ |

स्रोतः जि.वि.स.को कार्यालय सूचना तथा अभिलेख केन्द्र, कास्की, २०६२ ।

विभिन्न उमेरसमूहमा पर्ने पुरुषहरूको साक्षरता प्रतिशत महिलाका दाँजोमा बढी देखिन्छ यसबाट शैक्षिक विकास उन्नयनमा पुरुषहरू प्राथमिकताका दृष्टिले अगाडि रहेका छन् । विभिन्न तह, उमेर र लिङ्गका दृष्टिले प्राप्त शैक्षिक उपलब्धिका

पछाडि कार्यरत विद्यालयहरूमध्ये संस्थागत विद्यालयहरूको दाँजोमा सामुदायिक विद्यालयहरूको योगदान बढी देखिन्छ । सामुदायिक विद्यालयको सङ्ख्या बढी हुनु र धेरै अगाडिबाटै क्रियाशील रहनु नै यसको एक मात्र कारण हो । जबकि, संस्थागत विद्यालयहरू वि.सं. २०३६ सालबाट मात्र अस्तित्वमा आएका हुन् ।

## २.१.८निजी स्कूलका सकरात्मक एवं नकरात्मक पक्षहरू

सामुदायिक विद्यालयमा गरेको लगानी वर्तमान अवस्थामा त्यति फलदायी भएको देखिन्न । एकातिर लगानी वृद्धि भइरहेको छ भने अर्कातिर गुणस्तर खस्कदै गएको छ । सर्वसाधारण जोसुकै पनि आफ्ना बालबच्चालाई निजी तथा आवासीय विद्यालयमै भर्ना गराउन चाहन्छन् । किनभने निजी तथा आवासीय विद्यालयले १) प्रवेशिका परीक्षामा राम्रो नतिजा प्रदर्शन गरेका छन् । २) गुणस्तरीय शिक्षा प्रदान गर्ने चेष्टा गरेको देखिन्छ । ३) विद्यालयमा अनुशासन तथा आचरण पालन गराउन सक्रिय देखिन्छन् । (४) पठनपाठनका अतिरिक्त, अतिरिक्त क्रियाकलापको यथोचित व्यवस्थाले छात्रछात्राको प्रतिभा उजागर गर्ने कोशिश गरेको देखिन्छ । (५) प्रतिस्पर्धामा खरो उत्रने चेष्टा गरेको देखिन्छ । (६) अनुभवी तथा दक्ष शिक्षकबाट पठनपाठन गराउन कोसिस भएको पाइन्छ । (७) गुणस्तरीय शिक्षाका लागि प्रतिभापलायन र बाहिरिने रूपैयाँको बचावटमा मद्दत पुऱ्याएको पाइन्छ ।

निजी तथा आवासीय विद्यालयका केही अँध्यारा पक्ष पनि छन् । १) विद्यालय शुल्क सबैको क्षमताले नभ्याउने किसिमको छ । (२) निजी तथा आवासीय विद्यालय धनी वर्गका लागि र सामुदायिक विद्यालय विपन्न दर्जाका लागि भएजस्तो देखिन्छ । ३) सरकारले निर्धारित गरेका पाठ्यपुस्तकका अतिरिक्त लादिने विदेशी प्रकाशकका थुप्रै किताबका पाठ्यवस्तुले हाम्रो राष्ट्रको मूल्यमान्यता राष्ट्रियता र सार्वभौमिकतामा प्रभाव नपार्लान् भन्न सकिन्न । किनभने भेषभूषा नमिलाई विदेशीलाई टोपी लगाइदिएर त्यो स्वदेशी बन्दैन ती पाठ्यपुस्तक विद्यार्थीको उमेर र स्तरअनुसारका भएको पाइँदैन । (४) दलित उत्पीडित तथा पिछडिएका जनजातिका विद्यार्थीहरूलाई विशेष सहुलियतमा समुचित ध्यान गएको भेटिन्न (५) निजी क्षेत्रबाट सञ्चालित सबै स्तरका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई नियुक्तिपत्र दिने गरेको

पाइँदैन । (५) विद्यालयमा पढाइने सबै विषय उत्तिकै महत्त्वका छन् । सबै शिक्षक सामान छन् भन्ने दृष्टिकोण रहेको पाइँदैन । (६) अङ्ग्रेजी भाषा मात्र जाने पुग्छ भन्ने देखिन्छः नेपाली भाषामा ध्यान पुगेको देखिन्न (७) सवारीसाधन उपलब्ध गराइएको देखाएर थोत्राबसमा स्थानभन्दा दुईगुणा बढी नानीहरूलाई बस्न बाध्य गराउने विद्यालयहरू पनि प्रशस्त छन् । (८) आवासीय विद्यालय (सबैमा)मा गुणस्तरयुक्त खाना उपलब्ध नभएको गुनासो पनि नागरिक समाबाट आइरहेको पाइन्छ । (९) निम्न वर्गमा बौद्धिक शोषण असमान शिक्षाले सामाजिक असन्तुलन र अस्थिरता पैदा नहोला भन्न सकिन्न (शिक्षा आयोगको प्रतिवेदन, २०४९:२२५-२२६) ।

## २.१.९ निजी विद्यालयको उत्पति, विकास र त्यसप्रतिको आमधारणा

समाजका जानेमानेका विद्वान् तथा शिक्षाविद्हरू पनि निजी विद्यालयले गुणस्तर कायम गरेको छ भन्नेबारेमा सहमत देखिन्छन् । समुदायका नेताहरू पनि निजी शिक्षालयलाई गुणस्तर कायम गरेकै मान्छन् । आमनागरिकहरू बुझेर वा नबुझेर अर्थात् उच्च देखिनका लागि पनि निजी शिक्षालयतिर आकर्षित छन् । निजी शिक्षालयले गुणस्तरीय शिक्षा प्रदान गर्ने आकर्षणलाई पुष्टि गर्न निम्न तर्कहरू अघि सार्दछन्: धेरैभन्दा धेरैले निजी शिक्षालयमा पढाउँछन् । लब्धाङ्क-पत्रमा प्रतिशतको खात देखाउँछन् । फरर्र अङ्ग्रेजी बोलेर शान देखाउँछन् । झोलाभरिको पुस्तक देखाउन पनि पछि पर्दैनन् यसैले सम्बन्धित तहको निजी क्षेत्रको परीक्षाको नतिजालाई अकाट्य रूपमा पेश गर्दछन् । चर्को शुल्क लिए पनि स्तरीय शिक्षा निजी विद्यालयले नै प्रदान गर्छन् भन्ने मान्यता समाजमा विद्यमान छ ।

निजी विद्यालयमा पढाउँदा आफ्ना सन्ततिले योग्य र, सक्षम भएर व्यक्तिगत उन्नति गर्न सक्छन् । प्रतिष्ठा कायम गर्न सक्छन् र जहाँसुकै बिक्न सक्छन् भन्ने धारणा पनि समाजमा व्याप्त छ । यसरी सुरुका दिनहरूमा सामाजिक दायित्वको हवाला दिंदै प्रबुद्ध नागरिक नगरा बजाउँदै शिक्षाक्षेत्रमा प्रवेश गरेको निजीकरणले अहिले आएर एउटा रक्सी फ्याक्ट्रीको हैसियत कायम गरेको छ । उही ऐननियम अन्तर्गत दर्ता र करको दायराभित्र रहेको निजी शिक्षालय व्यापार गरेर पनि गुणस्तर दिन्छ भन्ने आम धारणा रहेको छ (मञ्जन, २०६३: १०४-१०५) ।

## २.२ पूर्वाध्ययनहरूको समीक्षा

काठमाडौं जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयको टेष्ट परीक्षाको अङ्ग्रेजी विषयमा विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन बारेमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)ले गरेको अध्ययनलाई पन्त, (१९९४) को अध्ययनबाट नेपाली, अङ्ग्रेजी, गणित र विज्ञानजस्ता मुख्य विषयको उपलब्धि सामुदायिक विद्यालयको दाँजोमा निजी विद्यालय उच्च रहेको पाइन्छ ।

यसै गरी काठमाडौं जिल्लाका संस्थागत र सामुदायिक विद्यालयको कक्षा ८ को जिल्लास्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि तुलनात्मक अध्ययनबाट प्राप्त नतिजा निम्नानुसार थियोः

अध्ययनको निष्कर्ष हेर्दा मुख्य विषय (विज्ञान, गणित, अङ्ग्रेजी, नेपाली) को उपलब्धि सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयमा उच्च रहेको पाइयो (काफ्ले, २०६०: १५-१६) ।

उपर्युक्त उल्लिखित "काठमाडौं जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा ८को जिल्लास्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन" बाट प्राप्त नतिजाहरू निम्नानुसार थिएः

- सामुदायिक विद्यालयको औसत उपलब्धि २७.७३ प्रतिशत र संस्थागत विद्यालयको औसत उपलब्धि ४९.६३ प्रतिशत रहको पाइयो ।
- ग्रामीण क्षेत्रका विद्यालयको औसत उपलब्धि ३५.४ प्रतिशत र शहरी क्षेत्रका विद्यालयको औसत उपलब्धि ४१.९६ प्रतिशत रहेको पाइए ।
- नेपाली विषयको शिक्षणमा देखिएका समस्याहरू जस्तो सन्दर्भसामग्रीको अभाव, घोकन्ते प्रवृत्ति, सृजनात्मकताको अभाव आदि प्रमुख रहेका पाइयो ।
- छात्र एवं छात्राको उपलब्धि हेर्दा क्रमशः ४०.६० प्रतिशत र ३७.७७ प्रतिशत रहेको पाइयो ।

उपर्युल्लिखित समस्यासमाधान गर्नका लागि, पाठ्यक्रम सर्वसुलभ रूपमा उपलब्ध गराउनुपर्ने, शैक्षिक सामग्रीको यथेष्ट व्यवस्था गर्नुपर्ने, शिक्षकलाई तालिम

दिनुपर्ने, विद्यार्थीहरूको सङ्ख्या ३५ भन्दा कम राख्नुपर्नेजस्ता उपायबाट समस्या समाधान गर्न सकिने प्रतिक्रिया शिक्षकहरूको रहेको पाइयो ।

त्यस्तै गरेर बुटवल नगरपालिकाका, सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको विज्ञान विषयको तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको विज्ञान विषयको उपलब्धिको तुलनात्मक अध्ययनबाट प्राप्त नतिजा सामुदायिकभन्दा संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको उच्च रहेको पाइयो (अधिकारी, २००४: २०-२२) ।

काठमाडौं महानगरपालिका भित्रका सामुदायिक तथा निजी माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूबाट भएको सुपरिवेक्षण प्रणालीको तुलनात्मक अध्ययनबाट निम्न कुराहरू पत्ता लागेका छन् (छन्त्याल, १९९९: १७-१८ ) :

(क) दुवै प्रकारका विद्यालयमा सुपरिवेक्षणको सामूहिकभन्दा व्यक्तिगत क्रियाकलापमा जोड दिइएको, कक्षावलोकन र शिक्षकको व्यक्तिगत छलफल ज्यादै प्रचलित भएको एवं छिमेकी विद्यालयको अध्ययनभ्रमणको योजना बनाई केही निजी विद्यालयले लागू गरेको भेटिएको छ ।

(ख) सुपरीवेक्षणको सामूहिक कार्यविधिमा, विशेष गरेर सामुदायिक विद्यालयका प्र.अ.हरूले परीक्षाअगाडि मात्र सबै शिक्षक स्टाफको छलफलबाट योजना निर्माण गरेको, तर विषयको पूर्व जानाकारी नभएको, निजी विद्यालयहरूमा पूर्व जानकारीसहित, परीक्षाबाहेक अन्य विषयहरूमा पनि सामूहिक छलफल हुने गरेको साथै निजी विद्यालयका प्र.अ.हरूले नयाँ शिक्षकलाई सेवाप्रवेश अभिमुखीकरण तालिम पनि दिने गरेको पाइएको छ ।

(ग) सामुदायिक विद्यालयका प्र.अ.हरूले शिक्षणयोजनामा अक्सर गरेर प्रदर्शन कक्षा राख्ने गरेको तर निजी विद्यालयका प्र.अ.हरूले त्यसकार्यमा बढी जोड दिएको भेटिएको छ ।

(घ) दुवै प्रकारका विद्यालयका प्र.अ.हरूको मुख्य र साझा समस्यामा शिक्षकको कमी, पाठयोजना निर्माणमा रुचि नभएको, शैक्षिक सामग्रीको अपर्याप्तता, उचित शिक्षणविधिका लागि उचित सामग्रीको अभाव आवश्यकताअनुसारको शिक्षण विधि प्रयोग गर्न सक्ने सक्षम शिक्षक अत्यन्तै कम भेटिएका छन् ।

(ङ) दुवैथरी विद्यालयका प्रअ.हरूले सामना गर्नुपरेका अन्य समस्याहरूमा आर्थिक, समस्या, प्राविधिक समस्या, कार्यबोझको समस्या र सन्दर्भ सामाग्रीको अभाव भएको पाइएको छ ।

भरतपोखरी गा.वि.स.मा व्यावसायिक गोलभेडाखेतीसम्बन्धी समाजशास्त्रीय अध्ययनबाट प्राप्त निष्कर्षअनुसार गोलभेडाखेतीबाट भएको आम्दानीले शिक्षामा लगानी गरेको पाइन्छ (बराल, २०६३: ५२-५३) । थोरै छोराछोरी हुनेले निजी स्कूलमा र धेरै हुनेले सामुदायिक विद्यालयमा पठाउने गरेका छन् । अन्य शिक्षामा पनि यहाँका कृषकहरूले निजी स्कूलमा पढाउने गरेका छन् । ५६ प्रतिशतले सामुदायिक विद्यालयमा पढाउने गरेको र ३४ प्रतिशतले निजी स्कूलमा पढाउने गरेको अध्ययनले देखाएको छ ।

## २.३. अङ्ग्रेजी भाषाप्रतिको मोह

अभिभावकहरू आफ्ना बाबु नानीहरूले देश, काल परिस्थिति अनुकूलको शिक्षा विद्यालयहरूबाट गरून् भन्ने चाहन्छन् । यसै चाहनाको प्रतिविम्बका रूपमा खोटाङ जिल्लास्थित ज्योति प्रा.वि.लाई लिन सकिन्छ ।

शैक्षिक सत्र २०६४ सम्म नेपाली माध्यममा पढाइ हुने उक्त प्रा.वि.मा जम्मा ६० जना मात्र विद्यार्थी अध्ययनरत रहेको अवस्था थियो । विद्यार्थीसङ्ख्या वृद्धि गर्न र अभिभावकहरूको चाहनालाई पूर्ति गर्ने क्रममा उक्त प्रा.वि.ले शैक्षिक सत्र २०६५ बाट अङ्ग्रेजी माध्यममा पठनपाठन शुरु गरेको परिणामस्वरूप विद्यार्थीसङ्ख्या ह्वातै बढेर १०९ पुगेको र यो क्रम निरन्तर रहेकाबाट अभिभावकविद्यार्थीहरू अङ्ग्रेजी भाषाप्रति कति आर्कर्षित छन् भन्ने कुरा छर्लङ्ग हुन्छ । उक्त स्कूलको यस घटनालाई अन्य सामुदायिक विद्यालयहरूले पनि अनुकरण गर्न सके मौजुदा विद्यार्थीसङ्ख्याको ह्रासोन्मुख प्रवृत्तिलाई नियन्त्रण गरी ज्योति प्रा.वि.को अवस्था हासिल गर्न तमाम सामुदायिक विद्यालयहरू सक्षम हुन सक्ने देखिन्छ । (इपेज २०६५: असार, वर्ष ६) ।

सारांशमा शोध/खोजका वा अध्ययनका दृष्टिले एकल भएकाले वा भएको पनि पहुँचका दृष्टिले अलग रहेको सन्दर्भमा सम्बन्धित साहित्य र पूर्व अध्ययनहरूको अध्ययनसँग सम्बन्धित यो अध्याय, नितान्त नवीन, साहित्यसमीक्षाले समेटिएको छ । यस क्रममा भएगरेका साहित्यहरूको मन्थनबाट प्राप्त सारहरूलाई निम्नानुसार समावेश गरिएको छः-

१. सामुदायिक विद्यालयहरू महत्त्वपूर्ण शिक्षा प्रदायकको रूपमा रहेका र धेरैजसो देशहरूमा, यस्ता स्कूलहरूको आर्कषण तुलनात्मक रूपमा बढी देखिन्छ ।

२. नेपाललगायत केही देशहरूको हकमा ठालू तथा सम्भ्रान्त वर्गका मानिसहरूको लागि निजी स्कूलहरू महत्त्वपूर्ण शिक्षा प्रदायकका रूपमा रहेका देखिन्छन् ।

३. अभिभावक तथा विद्यार्थीहरूको मौजुदा ट्रेण्ड अङ्ग्रेजी भाषाप्रतिको आर्कषण रहेको पाइन्छ ।

४. सरकारी स्कूलहरूको कार्यसम्पादनक्षमता न्यून भएका कारण निजी स्कूलहरूलाई मलजल पुगेको देखिन्छ ।

५. विभिन्न स्रोतहरूबाट उपलब्ध तथ्याङ्कहरूबाट प्राप्त जानकारीअनुसार शिक्षा हासिल गर्ने क्रममा उमेरसमूह र लिङ्गका आधारमा भन्नुपर्दा पुरुष महिलाका तुलनामा अगाडि रहेको र यसको मात्रा गाउँमा भन्दा शहरमा बढी देखिन्छ । यस क्रममा सामुदायिक विद्यालयहरूको योगदान, भूमिका र पहुँच तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । जसलाई यस अध्ययनको पूर्णताका दृष्टिले उपयोगी र महत्त्वपूर्ण मान्न सकिन्छ ।

६. नेपालमा निजी विद्यालयको स्पष्ट उपलब्धि भनेको वैदेशिक कामका लागि अङ्ग्रेजी भाषा प्रयोग गर्न सक्ने विद्यार्थीहरूको उत्पादन हो भन्ने देखिन्छ ।

# अध्याय तीन

## अध्ययनविधि

### ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयहरूमा विद्यार्थीसङ्ख्या घट्दै जानाको पछाडि कुन-कुन पक्षको हात रहेको छ भन्ने खोज गर्ने उद्देश्यका साथ प्रस्तुत भएको छ । यस किसिमको अध्ययन सम्पादन गर्न, अन्वेषणात्मक एवं व्याख्यात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ । यी दुवै ढाँचाबाट दुवैथरी विद्यालयमा भएका सकारात्मक एवं नकारात्मक पक्षहरूको लेखाजोखा गरी नकारात्मक पक्षको निराकरण पश्चात् सकारात्मक पक्षलाई उजागर गर्ने काम भएकोले, प्रस्तुत दुवै ढाँचाहरू यस अध्ययनमा प्रयुक्त गरिएका छन् । यस अध्ययनमा कुनै पनि परिकल्पनाको निर्माण र विचरको प्रयोग गरिएको छैन ।

### ३.२ जनसङ्ख्या र नमूना

विषयको गाम्भीर्य, महत्त्व र सन्दर्भसमेतलाई मनन गर्दा यो अध्ययन, व्यापक क्षेत्रसँग सम्बन्धित देखिन्छ । तथापि, “तँलाई हेर, मलाई हेर र बेला हेर” भन्ने जनश्रुतिलाई मनन गरी, साधन स्रोत र समयादिको सापेक्ष हुने अर्थमा र अध्ययनको विषयसँग तादात्म्य सम्बन्ध राख्ने भएकाले उपयुक्तताको आधारमा ११९ घरधुरी भएको भलाम गा.वि.स.को वडा नं. ३ लाई अध्ययनक्षेत्र छनोट गरी प्रस्तुत अध्ययन गरिएको छ । अध्ययनसँग सम्बन्धित जम्मा घरधुरी ६१ भएकाले नमूना छनोटको औचित्य नभएको ठहरका साथ समग्रलाई नै अध्ययनसँग सम्बन्धित गरिएको छ । बहुप्रचलित अध्ययनविधि, मध्ये प्राथमिक तथ्याङ्क सङ्कलनको लागि प्रश्नावली विधि मुख्य सूचनादातासँगको अन्तर्वार्ता, समूहकेन्द्रित छलफलको प्रयोग गरिएको छः ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

तथ्य वा सूचनासङ्कलन स्वयंमा कठिन कार्य हो । जुनसुकै कठिन कार्यहरू यत्नसाध्य हुन्छन् । असम्भव हुँदैनन्, यसमा शास्त्र वचन छ :-

**उद्यमेन हि सिध्यन्ति कार्याणि मनोरथैः ।**

**न हि सुप्तष्य सिंहस्य प्रविशन्ति मुखे मृगा : ।**

(अर्थः मनले आँटेका कार्यहरू उद्योगद्वारा फत्ते हुन्छन् । सुतेको सिंहका मुखमा मृग आएर आफैं प्रवेश गर्दैनन् अर्थात् मार्नका लागि प्रयत्न गर्नुपर्छ ।

यसमा प्रश्नावलीविधि प्रयोग गरिएको छ । साथ-साथै, समूहकेन्द्रित छलफल र मुख्य सूचनादातासँगको अन्तर्वातालाई पनि यसै क्रममा समावेश गरिएको छ । विश्वसनीयताका दृष्टिले यस्ता तथ्याङ्कहरू उपयुक्त र प्रमाणिक हुन्छन् तापनि, साधन, स्रोत, समय र अध्ययनक्षेत्रको व्यापकतालाई दृष्टिगत गर्नुपर्दा प्राथमिक तथ्याङ्कमा पूर्ण आश्रित बन्न चाहेर पनि व्यवहारिक देखिन्न । अतः यसमा गा.वि.स. वडा समिति वा अग्रजहरूका कृति, लेख आदिबाट समेत तथ्याङ्क सङ्कलन गर्ने कार्य भएको छ ।

## ३.४ प्रश्नावलीसूची

प्राथमिक तथ्याङ्कसङ्कलनका लागि मुख्य औजारका रूपमा यस विधिलाई आत्मसात गरिएको छ । अध्ययनक्षेत्रमा सामुदायिक विद्यालयको घट्दो प्रभाव, घट्दो विद्यार्थीसङ्ख्याको कारण पत्ता लगाउन खुला प्रश्नहरूका सूची बनाई पूर्वपरीक्षणपछि मात्र प्रयोग गरिएको छ । यसरी बनाइएका प्रश्नहरूको सूची, अध्ययनको उद्देश्यलाई यथासम्भव छुन सक्ने गरी शोधनिर्देशकको समेत वरद निर्देशनमा तयार गरिएको हो । यस प्रकार संरचित प्रश्नहरूबाट सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कसङ्कलन गर्न सघाउ पुगको ठानिएको छ ।

## ३.५ मुख्य सूचनादातासँग अन्तर्वार्ता

प्रस्तुत अध्ययनलाई, पुष्ट बनाउन स्वाभाविक रूपमा आवश्यक पर्ने पर्याप्त तथ्याङ्कहरूको सङ्कलनका लागि, बहुप्रचलित, मुख्य सूचनादातासँगको अन्तरवार्तालाई पूरक औजारका रूपमा समावेश गरिएका छ । यो अध्ययन, अभिभावकहरूको मात्र

नभई सरोकारवालाको पनि त्यतिकै चासोको विषय हो भन्ने कुरामा विवाद छैन । अतः यस प्रयोजनका लागि, अध्ययनक्षेत्र र सम्बन्धित गा.वि.स.भित्रका सामाजिक सङ्घसंस्था तथा राजनीतिक दलका अगुवा कार्यकर्ता, प्र.अ., शिक्षक, विद्यार्थी, गा.वि.स. सचिव, महिला समूहका अध्यक्ष, आदि व्यक्तिहरू समावेश गरी १० जनाजतिसँग अध्ययनको उद्देश्यमा केन्द्रित रही अन्तर्वार्ता लिइएको छ । अन्तरवार्ताका क्रममा प्रयुक्त प्रश्नहरू असंरचित प्रकृतिका रहेका छन् ।

## ३.६ समूहकेन्द्रित छलफल

यसै गरी अध्ययनको पूर्णता हेतु तथ्याङ्कसङ्कलनको थप बहुप्रचलित विधिका रूपमा समूह केन्द्रित छलफललाई इन्कार गर्न सकिन्न । कतिपय सूचना तथा तथ्याङ्क समूह छलफलका माध्यमबाट अपेक्षाकृत यथेष्ट मात्रामा प्राप्त गर्न सकिन्छ भन्ने शोधार्थीको अनुभवमा सही उत्रिएको छ । समूहकेन्द्रित छलफलमा “वादे वादे जायते तत्त्वबोध” भन्ने नीतिवचन मुताविक अध्ययनलाई परिपक्व बनाउन थप योगदान पुगेको छ । यस्तो छलफल दुई अलग समूह र समयमा सम्पन्न गरिएको छ । छलफलमा सहभागीहरूको सङ्ख्या ७/७ जना सहभागीहरू गरिएका थिऐ । जसको दृश्य र संलग्न व्यक्तिहरूको नाम अनुसूचीमा समावेश गरिएको छ । छलफलमा प्रयुक्त प्रश्नहरू पनि असंरचित खालका रहेका छन् ।

## ३.७ तथ्याङ्कविश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्कसङ्कलनको काम कुनै पनि अध्ययनअनुसन्धानका लागि महत्त्वपूर्ण मात्र नभएर अपरिहार्य हुन्छ । जसको अभावमा अध्ययनअनुसन्धान अगाडि बढ्न सक्दैन । उसो त तथ्याङ्कसङ्कलन आफैंमा साध्य भने होइन । किनभने सङ्कलित तथ्याङ्कमात्रले अध्ययनको उद्देश्य, निस्कर्ष प्राप्त हुँदैन । यसका लागि सङ्कलित तथ्याङ्कको विश्लेषण गर्नु जरुरी हुन्छ । यस प्रयोजनको लागि सङ्कलित तथ्याङ्क सुसाङ्ख्यको एस.पी.एस.एस. कार्यक्रममा राखी कोरा तथ्याङ्कलाई प्रशोधन र विश्लेषण गरिएको छ यस कार्यमा, तथ्याङ्कशास्त्रीय औजार, मध्यक, प्रतिशत आदिको प्रयोग भएको छ । तथ्याङ्क प्रस्तुतीकरणका लागि, तालिका, लेखाचित्र, स्तम्भ लेखाचित्र नक्सा पाइचार्ट

आदि समेतको यथायोग्य प्रयोग भएको छ । तथ्याङ्कको वस्तुगत गुण कायम राख्न र विभिन्न स्रोतबाट प्राप्त हुने तथ्याङ्कहरूमा रहने भूलहरूलाई हटाउने प्रयासलाई समावेश गरिएको छ । यसका लागि मानवशास्त्रीय ज्ञानको यथासम्भव उपयोगमा जोड दिने प्रयास भएको छ ।

## ३.८. पूर्वपरीक्षण तथा अध्ययनअवधि

कुनै पनि अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनु नै शोधकार्यको महत्त्वपूर्ण र अपरिहार्य पक्ष मानिन्छ । हरेक कार्यसम्पादन उपयुक्त साधनको प्रयोगमा मात्र सम्भव हुन्छ । अतः यस शोधकार्यको अभीष्ट प्राप्ति एवं निष्कर्ष निकाल्ने हेतुले प्रयोगमा ल्याइएका प्रश्नावली सूचीको विश्वसनीयता के कति छ भन्ने थाहा पाउन अपनाउनुपर्ने विधिअन्तर्गत पूर्वपरीक्षणको कार्य गरियो । तत्पश्चात् प्रयुक्त औजारमा विद्यमान कमीकमजोरी निरूपण गरी उपर्युक्त साजको रूपमा  परिणत गरिएको छ ।

यसप्रकार निर्माण गरिएको प्रश्नावलीका मद्दतले अभीष्ट कार्य निस्पन्न गर्ने क्रममा भएको निरन्तर प्रयास र लगनका आधारमा यथासम्भव छिटो प्राथमिक तथा द्वितीयकतथ्याङ्क सङ्कलनको कार्यलाई छोट्याउने प्रयासका बाबजुद अपेक्षाकृत बढी समय लाग्न गएको छ ।

प्रस्तावित अध्ययनको आद्योपान्त गर्ने कार्य निरन्तर प्रयास र लगनका आधारमा यथासम्भव छिटो प्राथमिक तथ्याङ्कसङ्कलनको कार्यलाई सङ्क्षेपीकरण गर्ने प्रयास भएको छ । तथापि शोध-प्रस्तावमा अनुमान गरिएभन्दा बढी समय लाग्न जानमा विभिन्न तत्त्वहरूको हात रहन पुगेको छ । द्वितीयक तथ्याङ्कसङ्कलनको कार्य पनि समयका दृष्टिले अपेक्षाकृत बढी रहन गएको छ । फलस्वरूप, प्रस्तावित समयको दुइ गुणा समयको लगानी यस अध्ययनलाई पूर्णता दिने क्रममा लाग्न गएको छ ।

# अध्याय चार
# अनुसन्धानविधि

## ४.१ अध्ययनक्षेत्रको ऐतिहासिक, भौगोलिक, आर्थिक, जनसाङ्ख्यिक र शैक्षिक पृष्ठभूमि

अध्ययनक्षेत्र, नेपालको मौजुदा, राजनीतिक विभाजनअनुसार, पश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकाम कास्की जिल्लाअन्तर्गत, पोखरा उपमहानगरपालिकाको पूर्वोत्तर दिशामा पर्ने वडा नं. १६ सँग जोडिएको भलाम गाविस.को वडा नं. ३ लाई अध्ययनको विषयसँग तुलनात्मक रूपमा बढी सान्दर्भिक र उपयुक्त भएका कारणले छनोट गरिएको हो । यहाँ, यस गाविस.को एक मात्र हाईस्कूल (१-१० कक्षा) स्थापित (२०१७) छ । साथै, एक निजी विद्यालय (१-७ कक्षा) पनि यसै वडामा सञ्चालित छ । यो गा.वि.स. उत्तरमा अर्मला गा.वि.स., पूर्वमा मौजा गा.वि.स. र आर्वाविजय गा.वि.स., दक्षिणमा काहुँ गा.वि.स. तथा पोखरा उपमहानगरपालिकाको वडा नं. १६सँग जोडिएको छ । यस गा.वि.स. को जम्मा क्षेत्रफल, पछिल्लो नापीअनुसार ९.८६ वर्ग कि.मि. छ । विश्वमानचित्रमा कास्की जिल्लाको अवस्थिति ८३$^{\circ}$ ४०' पूर्वदेखि ८४$^{\circ}$ १२' पूर्वी देशान्तर र अक्षांशका दृष्टिले २८$^{\circ}$ ६ उत्तरदेखि २८$^{\circ}$ ३६' उत्तरसम्म फैलिएको छ । यसै अवस्थितिभित्र भलाम गा वि.स. पनि समावेश छ जसको अलग्गै अवस्थितिको अलग्गै तथ्याङ्क प्राप्त हुन सकेन । २०५८ को जनगणनाअनुसार भलाम गा.वि.स.को जनसङ्ख्या पुरुष १४३६ जना र महिला १२२२ गरी जम्मा २६५८ रहेको छ । यो जनसङ्ख्या ५७६ घरधुरीमा वितरण भएको देखिन्छ । जबकि सन् २००१को गा.वि.स.को तथ्याङ्कअनुसार पुरुष १६८३ (५२.३५%) र महिला १५३२ (४७.६५ प्रतिशत) सहित जम्मा जनसङ्ख्या ३२१५ रहेको देखिन्छ र जनघनत्व ३२५.७३ (भलाम गा.वि.स. प्रोफाइल २०५७: १५-१६) । उता यसै गा.वि.स.को वडा नं. ३ को घरधुरीसङ्ख्या ११९ र महिला तथा पुरुषको जनसङ्ख्या क्रमशः ३३१ र २९४ सहित जम्मा जनसङ्ख्या ६२५ रहेको देखिन्छ । (स्थलगत सर्वेक्षण, २००७ अनुसार) । अध्ययनक्षेत्र पोखरा नगरको वडा नं. ११ सँग मोटरबाटो (रञ्जनपथ) बाट जोडिएको

छ । यहाँ नगर बस सेवासमेत चालू रहेको छ । विद्युत सेवा, खानेपानी र स्वास्थ्य उपचौकी र छोटी हुलाकका सुविधाहरू प्राप्त  छन् । अम्बोटे, रिमुरेचौर, गिदरीखोर, डाँडा, कोलाले, बैंसी, बायखोला, एकलेखेत, डाँडाकटेरी र चनौटे गरी विभिन्न टोलहरूमा अध्ययनक्षेत्र विभाजित छ । किनभने, जिल्ला सदरमुकामको उचाइ ७५० मिटर भएको विभिन्न अध्ययन तथा जि.वि.स. कास्कीको सूचना तथा अभिलेख केन्द्र २०६२ बाट ज्ञात हुन आएको छ ।

यहाँको हावापानी समशीतोष्ण प्रकारको छ । बसोबासका दृष्टिले यो ठाउँ विलक्षण विशेषताहरूले युक्त हुनाका साथै बाढी, पहिरो, खोलानालाको प्रकोप, वन्य तथा मानवजन्य समस्यासमेतबाट मुक्त छ । यहाँ बस्ने सबैको स्वास्थ्य, शिक्षा, सुरक्षा, खाद्यान्नका दृष्टिले उपयुक्त र भलो भएकाले यस ठाउँको नाम भलाम रहन गएको भन्ने भनाइ सार्थक देखिन्छ । पोखरा नगरबाट समयका दृष्टिले, जिल्ला सदरमुकाम पुग्न साढे २ माइलको दूरीमा रहेको यो ठाउँ पुग्न अर्थात्, साढे एक घण्टा लाग्दछ भने यातायातको साधनबाट २५ मिनेट सालाखाला लाग्दछ ।

यहाँको सालना वर्षा परिमाण (जि.वि.स. कास्कीको रेकर्ड २०६२ अनुसार) न्यूनतम ३०६८ मि.मि.देखि अधिकतम ३३५३.३ मि.मि.सम्म रहेको छ । तापक्रमका दृष्ट्रिले अधिकतम तापक्रम अप्रिल महिनामा ३३$^{o}$ सेन्ट्रिग्रेडसम्म र न्यूनतम तापक्रम जनवरीमा ५.६$^{o}$ से सम्म हुने गर्दछ (जि.वि.स., कास्की, २०६२) । भू-बनोटका दृष्टिले, समथर उब्जाउ जमिन (फाँट/खेत) देखि भिरालो (ढालु) जमिन र पहाडी भू-भाग समेतले बनेको  छ यो ठाउँ उब्जाउका दृष्टिले पनि यहाँको माटो, अनुकुल हुनाले यहाँका धेरै जसो मानिसको पेशा कृषि रहिआएको छ ।

धार्मिक तथा पर्यटकीय दृष्टिले अद्वितीय स्थान ओगट्ने, सम्पदाहरूको पनि यहाँ कमी छैन । तर प्रचार र प्रसारको कमी हुनाको कारण अद्यपि ओभ्mेल परेको ऐतिहासिक स्थान हो-श्री हरिहर गुफा सन्न्यास आश्रम भलाम । जसको स्थापना १८ औ शताब्दीको अन्ततिर भएको कुरा उपलब्ध लिखतबाट अनुमान लगाउन सकिन्छ । (सनद वि.स १९०६वैशाख सुदी ७) ।

यसप्रकार, अध्ययनक्षेत्र, सर्वोपरि विशेषताले युक्त भएको र अध्ययनको विषयसँग मेल खाने भएका कारण अध्ययनक्षेत्रका रूपमा यसको छनोट गरिएको हो ।

अध्ययन क्षेत्रको मानचित्र

## ४.२ अध्ययनक्षेत्रको जनसाङ्ख्यिक पृष्ठभूमि

अध्ययनक्षेत्र, भलाम गाविस.को वडा नं. ३, वैदिक सनातन परम्पराअनुसार चारवटै जातजातिको मिलन केन्द्रका रूपमा रहेको छ । सामाजिक संस्थाअर्न्तगत मुख्य रूपमा, विद्यालयहरू स्थापित छन् । जसमा एउटा सामुदायिक विद्यालयका रूपमा महेन्द्र मा.वि. च्यालेचौर (स्था. २०१७) पर्दछ, भने अर्को निजी स्कूलका रूपमा पोष्टमोर्डन एकेडेमी (२०६३) रहेको छ । त्यसैगरी हरिहर आमा समूह, नवोदय युवाक्लब, पौडेल आत्रेय समाज, माधव स्मृति प्रतिष्ठान, सामुदायिक वन उपभोक्ता समितिजस्ता सामाजिक संस्थाहरू समाज सेवाकार्यमा अहोरात्र जुटिरहेका छन् ।

व्यक्ति, परिवाररूपी संस्थाको एकाइ भएझैं, परिवार समाजरूपी संस्थाको एकाइ मानिन्छ । यस वडामा बसोबास गर्ने जम्मा ११९ घरकुरियामध्ये ६१ परिवार अध्ययनसँग सम्बन्धित छन् । वडाको जम्मा जनसङ्ख्या ६२५ छ । वर्ण तथा लिङ्गको आधारमा जनसङ्ख्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ जातजाति र लिङ्ग

महिला र पुरुषको सङ्ख्या, जातजातिअनुसार फरकफरक देखिन्छ । जसअनुसार ब्राह्मण, क्षेत्री र कामीहरूमा पुरुषको सङ्ख्या बढी छ । जबकि गुरुङ्ग, घर्ती, मगर, नेवारहरूको हकमा महिलाको सङ्ख्या अगाडि वा बराबरीको स्थितिमा रहेको देखिन्छ । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६

लिङ्गका आधारमा जातजातिको विवरण (जनसङ्ख्या)

| जातजाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ब्राह्मण | १९७ (३१.४२५) | १६५ (२६।४%) | ३६२ (५७.९२%) |
| क्षेत्री | ५६ (८।९६%) | ५० (८%) | १०६ (१६.९६%) |
| गुरुङ | १३ (२.०८%) | १९ (३।०४%) | ३२ (५.१२%) |
| घर्ती | ३ (०।४८%) | ६ (०।९६%) | ९ (१.४४%) |
| मगर | २ (०।३२%) | २ (०.३२%) | ४(०.६४%) |
| नेवार | १ (ण.१७%) | १ (०।१६%) | २ (०.३२%) |
| कामी | ५९ (९।४४%) | ५१ (८।१६%) | ११० (१७.६०%) |

| जम्मा | ३३१ (५२।९६%) | २९४ (४७।०४%) | ६२५ (१००.००%) |
|---|---|---|---|

स्रोतः स्थलगत अध्ययन २००७ ।

(कोष्ठकभित्र दिएको आँकडाले सम्बन्धित सङ्ख्याको प्रतिशत जनाउँछ ।)

माथिको तालिकाअनुसार सबभन्दा बढी जनसङ्ख्या ब्राह्मणको देखिन्छ जसमा पुरुष १९७ (३१.५२%) र महिला १६५ (२६.४%) रहेका छन् । सबभन्दा घटी नेवार ०.३२ प्रतिशत (२ जना) रहेको छ ।

## ४.२.२ जातजाति र परिवार

शिकारी अवस्थाको बृहत् पारिवारिक स्वरूप व्यवहारिकताका दृष्टिले असहज भएका कारण, परिवारिक ढाँचामा रूपान्तरण हुने क्रम व्यापक हुँदै गएको छ । पछिल्लो समयमा एकल पारिवारिक ढाँचाको अभ्यास द्रुतगतिले बढेर गएको छ । जसलाई जातजातिका आधारमा अध्ययनक्षेत्रका परिवारको प्रकार निम्नतालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७

जातीयताका आधारमा परिवारको प्रकार

| परिवारको प्रकार | जात/जातीयता | | | | |
|---|---|---|---|---|---|
| किसिम | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | जम्मा |
| एकल परिवार | २७ (७३।०%) | २ (२५।०%) | ४ (८०।०%) | ८ (७२।७%) | ४१ (६७।२%) |
| संयुक्त परिवार | १० (२७%) | ६ (७५%) | १ (२०%) | ३ (२७।३%) | २० (३२।८%) |
| जम्मा | ३७ १००% | ८ १००% | ५ १००% | ११ १००% | ६१ १००% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकभित्रको तथ्याङ्कले जातजातिको प्रतिशतलाई जनाउँदछ ।

माथिको तालिका मुताविक एकल परिवारसङ्ख्या सबभन्दा बढी ब्राह्मणको ७३.०% देखिन्छ । जबकि सबभन्दा कम सङ्ख्या २५% क्षेत्रीको देखिन्छ । अर्थात् एकल परिवार सङ्ख्या ६७.२% (४१ जना) देखिन्छ । त्यस्तै संयुक्त परिवार ३२.८% देखिन्छ ।

जसमा सबभन्दा बढी क्षेत्रीको ७५% र सबभन्दा कम जनजातिको २०% देखिन्छ समग्रमा भन्नुपर्दा, एकल परिवारको प्रवृत्ति बढ्दै गएको तथ्याङ्कले देखाउँछ ।

## ४.२.३ उमेरअनुसार वैवाहिक स्थिति

विवाह पारिवारिक संस्था स्थापनाको सनातन एवं सर्वव्यापी कडी हो । अध्ययनमा समेटिएका ६१ घरधुरीभित्रका सदस्यहरूको उमेरसमूहअनुसार वैवाहिक स्थिति निम्न तालिकामा देखाइएको छ :

तालिका नं. ८

उमेरसमूहअनुसार ६१ परिवारका सदस्यहरूको वैवाहिक स्थिति

| **परिवारको प्रकार** | **जात/जातीयता** | | | |
|---|---|---|---|---|
| अवस्था/स्थिति | १-१४ | १५-५९ | ७०-७६ | जम्मा |
| विवाहित | १ (ए.८%) | १३२ (७९.५%) | १६ (१०.७%) | १४९ (४८.७%) |
| अविवाहित | १३३ (९९.२%) | ३४ (२०.५%) | ० (०%) | १५७ (५१.३%) |
| जम्मा | १३४ (१००%) | १६६ (१००%) | १६ (१००%) | ३०६ (१००%) |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकभित्रको आँकडाले सम्बन्धित तथ्याङ्कको प्रतिशत जनाउँछ ।)

तालिकाअनुसार, ६०-७६ वर्ष समूहका सदस्यहरू शतप्रतिशत विवाहित छन् र सबभन्दा कम १-१४ वर्ष उमेर समूहका ८% (१ जना) विवाहित देखिन्छ । त्यस्तै अविवाहितको अवस्था भने विवाहितको ठीक उल्टो देखिन्छ । अर्थात् १-१४ वर्ष समूहमा ९९.२% (१३ जना) अविवाहित छन् भने ६०-७६ वर्ष समूहमा कोही पनि अविवाहित छैनन् ।

## ४.२.४. परिवारका सदस्य र लिङ्ग

लिङ्गका आधारमा ६१ परिवारका सदस्यहरूको उमेर निम्नतालिकामा समूहगत रूपमा प्रस्तुत गरिएको छ :

तालिका नं. ९

लिङ्गका आधारमा परिवारका सदस्यहरूको उमेर

| परिवारका सदस्यहरूको | परिवारका सदस्यहरूको लिङ्ग | | जम्मा |
|---|---|---|---|
| उमेर वर्ष | पुरुष | महिला | |
| (१-१४ वर्ष) | ६६ (४२।३%) | ५८ (३८।७%) | १२४ (४०।५%) |
| १५-५९ | ८१ (५१।९%) | ८५ (५६.७%) | १६६ (५४.२%) |
| ६०-७६ | ९ (५।८%) | ७ (४.७%) | १६ (५(२%) |
| जम्मा | १५६ (१००%) | १५० (१००%) | ३०६ (१००%) |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

*(कोष्ठकमा दिइएको सङ्ख्याले, सम्बन्धित सङ्ख्याको प्रतिशत जनाउँछ।)*

माथिको तालिकाअनुसार, १५-५९ वर्ष समूहका सदस्यहरू सबभन्दा बढी ५४.२% (१६६ जना) र सबभन्दा कम ६०-७६ वर्ष समूहका ५.२% (१६ जना) सदस्यहरू रहेका पाइन्छ। त्यसै गरी लिङ्गका आधारमा लेखाजोखा गर्दा १५-५९ वर्ष समूहमा महिलाको प्रतिशत ५६.७ (८५ जना) बढी देखिन्छ। ६०-७६ वर्ष उमेर सूहमा पुरुषको सङ्ख्या ५.८% (९ जना) र महिलाको सङ्ख्या ४.७% (७ जना मात्र) रहेको देखिन्छ।

## ४.२.५ उत्तरदाता र लिङ्ग

छानिएका आधाआधीको सङ्ख्यामा दुवै लिङ्गको उपस्थिति रहे तापनि, उत्तरदाताको रूपमा छानिएका ६१ सहभागीहरूको लैङ्गिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १०

लिङ्गअनुसार उत्तरदाताको विवरण

| उत्तरदाताको लिङ्ग | उत्तरदातासङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | २३ | ३७।७ |
| महिला | ३८ | ६२।३ |
| जम्मा | ६१ | १००।०० |

स्रोतः स्थलगत सर्वेक्षण, २००७।

माथिको तालिकाअनुसार, ६२.३ प्रतिशत (३८ जना) उत्तरदाता महिला भएको देखिन्छ। बाँकी ३७.७ प्रतिशत २३ जना) पुरुष उत्तरदाता रहेको देखिन्छ।

## ४.२.५.१ उत्तरदाता र उमेर

उत्तरदाताहरूलाई उमेरसमूहअनुसार, देहायबमोजिम विभाजन गरी तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११

उमेरअनुसार उत्तरदाता

| उमेर समूह | उत्तरदातासङ्ख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | २० | ३२.८ |
| ३१-४० | ३३ | ५४.१ |
| ४१-५० | ८ | १३.१ |
| जम्मा | ६१ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २००७।

माथिको तालिकाअनुसार, ३१-४० वर्ष उमेरसमूहका उत्तरदाता सबभन्दा बढी ५४.१ प्रतिशत रहेका छन् र सबभन्दा कम उत्तरदाता १३%, ४१-५० वर्ष समूहमा पर्दछन्।

#### ४.२.५.२ लिङ्ग र वैवाहिक स्थिति

विवाह पारिवारिक जीवनको शुरुवात भनिन्छ । अनमेल विवाह, बालविवाहजस्ता विकृतिबाट विस्तारै मुक्त गर्दै जनाको कारण शिक्षा र तज्जन्य आधुनिकीकरणलाई मान्न सकिन्छ । यही झलक ६१ परिवारका ६२५ जना सदस्यहरूको लिङ्गका आधारमा वैवाहिक स्थिति समान नभई फरक फरक हुनु स्वाभाविकै हो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १२

लिङ्गका आधारमा परिवारका सदस्यहरूको वैवाहिक स्थिति

| परिवारका सदस्यहरूको | सदस्यहरूको लिङ्ग | | |
|---|---|---|---|
| वैवाहिक स्थिति | पुरुष | महिला | जम्मा |
| विवाहित | ७५<br>(४८.१%) | ७४<br>४९.३% | १४९<br>४८.७% |
| अविवाहित | ८१<br>५१.९% | ७६<br>५०.७% | १५७<br>५१.३% |
| जम्मा | १५६<br>१००% | १५०<br>१००% | ३०६<br>१००% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकभित्रको प्रतिशतले सम्बन्धित सङ्ख्यालाई जनाउँछ)

माथिको तालिकाअनुसार उत्तरदाताको जम्मा परिवारसङ्ख्या ३०६ मध्ये विवाहित महिलाको सङ्ख्या ४९.३% (७४ जना) छ पुरुषको ४८.१% (७५ जना) रहेको देखिन्छ । त्यस्तै गरी, अविवाहित पुरुषको सङ्ख्या सबभन्दा बढी ५१.९% (८१ जना) छ भने महिलाको ५०.७% (७६ जना) रहेका छन् । अर्थात् विवाहित पुरुषको सङ्ख्या महिलाको दाँजोमा केही बढी देखिन्छ ।

## ४.३ अध्ययनक्षेत्रको आर्थिक पृष्ठभूमि

### ४.३.१ सदस्यहरूको पेशा र लिङ्ग

दैनिक गुजारा सञ्चालन गर्न परि आउने हरेक कार्य र समस्या हल गर्न स्रोत साधन (आर्थिक) को सर्वोपरि महत्त्व रहन्छ । जुन तथ्य मानव संस्कृतिको प्रारम्भदेखि

नै रहिआएको पाइन्छ । प्रारम्भमा शिकारी तथा सङ्कलन स्वरूपको अर्थनीति थियो । हाल आएर आर्थिक अवस्थाले ठूलो फड्को मारेको छ । यसै क्रममा घरको चुल्होचौकामा सीमित रहने महिलाहरू समयको परिवर्तनसँगै, शिक्षा, व्यापार, नोकरी आदि तर्फ पाइला अगाडि बढाएका छन्  र यो प्रवृत्ति अध्ययनक्षेत्रमा स्पष्ट देख्न पाइन्छ जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १३

लिङ्गका आधारमा परिवारका सदस्यहरूको पेशा

| सदस्यहरूको पेशा | परिवारको सदस्यहरूको लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| कृषि | २२ (१५.२%) | ६० (४१.७%) | ८२ (२८.४%) |
| व्यापार | ० (०%) | ६ (४.२%) | ६ (२.१%) |
| नोकरी | २७ (१८.६%) | ८ (५.६%) | ३५ (१२.१%) |
| विद्यार्थी (अध्ययन) | ६७ (४६.२%) | ६९ (४७.९%) | १३६ (४७.१%) |
| पेन्सनवाला | १ (७%) | १ ७% | २ ७% |
| जम्मा | १४५ १००.०% | १४४ १४४.०% | २८९ १००.०% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकभित्रको प्रतिशतले सम्बन्धित सङ्ख्यालाई जनाउँछ ।

माथिको तालिकाअनुसार आयआर्जनका दृष्टिले कृषि व्यवसाय अपनाउनेमा सबभन्दा बढी प्रतिशत सदस्यहरू देखिएका छन् । जसमा, महिलाको बाहुल्य ४१.७% (६० जना) छ । जबकि पुरुष संलग्नता १५.२% (२२ जना) मात्र देखिन्छ । नोकरी गर्नेहरूको सङ्ख्या १२.१% (३५ जना) रहेको देखिन्छ । सबभन्दा कम प्रतिशत ७% (२ जना) सदस्यहरू पेन्सनवाला रहेको तथ्याङ्कले देखाउँदछ । उता विद्यार्जनलाई पेशा बनाउनेहरूचाहि सबैभन्दा बढी सदस्यहरू ४७.१% (१३६ जना) रहेको देखिन्छ ।

## ४.३.२ पेशा र जातीयता

जीवननिर्वाहका लागि कर्म गर्नुपर्दछ । शरीर काम गर्नका लागि उत्पन्न भएको हुँदा कोही पनि जीव अकर्मण्य रहन सक्दैन । सनातन हिन्दुपरम्पराबमोजिम जातका आधारमा श्रमविभाजन गरिएको छ । जसअनुसार ब्राह्मण पढ्ने पढाउने, क्षेत्री लडाइँ गर्ने र रक्षा गर्ने । वैश्य खेती, व्यापार र गोरक्षा गर्ने एवं शूद्र सेवाचाकरी गर्ने भन्ने शास्त्रोक्त विधान छ, परन्तु अध्ययनक्षेत्रका उपस्थित उत्तरदातामा समावेश जातजातिहरूले अपनाइआएको पेशाको फेहरिस्त निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १४

जात/जातिगत आधारमा उत्तरदाताको पेशा

| उत्तरदाताको पेशा | जात /जातीयता | | | | |
|---|---|---|---|---|---|
| व्यवसाय | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | जम्मा |
| कृषि | २0 (५४.१%) | ५ (६२.५%) | ५ (१००.१%) | ९ (८१.८%) | ३९ (६३.९%) |
| व्यापार | ३ (८.१%) | 0 0% | 0 0% | 0 0% | ३ (४.९न्न) |
| नोकरी | १४ (३७.८%) | २ (२५.०%) | 0 ० | १ (९.१%) | १७ (२७.९%) |
| वैदेशिक रोजगार | 0 (0%) | १ (१२.५%) | 0 0% | १ (९.१) | २ (३.३%) |
| जम्मा | ३७ १00% | ८ १00% | ५ १00% | ११ १00% | ६१ १00% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकभित्रको सङ्ख्याले पेशासम्बन्धी प्रतिशत जनाउँछ । )

माथिको तालिकाबमोजिम, सबैभन्दा बढीले कृषि पेशा अपनाउँछन् । जसमा जनजाति शतप्रतिशत रहेको देखिन्छ । व्यापार पेशा अपनाउनेमा ब्राह्मण ८.१% (३ जना) मात्र रहेको पाइयो । त्यस्तै नोकरी गर्नेमा पनि सर्वाधिक ३७.८% (१४ जना) ब्राह्मण रहेको देखिन्छ । वैदेशिक रोजगारीलाई पेशा बनाउनेमा क्षेत्रीको प्रतिशत १२.५% (१ जना) भएको पाइयो । कृषिप्रधान मुलुक हुनाका नाताले पनि धेरै मानिस कृषि पेशा अपनाउँछन् भन्ने कुरा सारांशका रूपमा बुझ्न सकिन्छ ।

### ४.३.३ जातजाति र जमिनको वितरण

. जमिनको असमान वितरण नेपाली समाजको विशेषता हो र यसबाट अध्ययन क्षेत्र पनि अछुतो छैन । अध्ययनसँग सम्बन्धित भएका ६१ जना उत्तरदातासँग अचल सम्पत्ति, (जमिन/घडेरी) को के - कस्तो पहुँच/अवस्था छ भन्ने बारे निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १५

जात/जातीयताका आधारमा जग्गाजमिनको वितरण

| घरबारीबाहेक अरू जमिन | जात/जातीयता | | | | |
|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | जम्मा |
| छ | २९<br>७८।४% | ४<br>५०% | ४<br>८०% | ५<br>४५.५% | ४२<br>६८।९% |
| छैन | ८<br>२१.६% | ४<br>५०% | १<br>२०% | ६<br>५४.५% | १९<br>३१.१% |
| जम्मा | ३७<br>१००% | ८<br>१००% | ५<br>१००% | ११<br>१००% | ६१<br>१००% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

(कोष्ठकमा दिएको सङ्ख्याले अरू जमिनको प्रतिशत जनाउँछ ।

माथिको तालिकाअनुसार, अरू जमिन भएकामा बढी प्रतिशत ६८.९ (४२ जना) उत्तरदाता रहेका छन् जसमा २९ जना बाहुन (७८.४%) पर्दछन् । त्यसै गरी अरू जमिन छैन भन्नेहरूमा ३१.१% (१९ जना) रहेको देखिन्छ । जसमा सबैभन्दा बढी दलित ५४.५% (६ जना) रहेको देखिन्छ । यसबाट सारांशमा यो बुझ्न सकिन्छ कि अरू जमिन हुनेहरूमा ब्राह्मणको सङ्ख्या धेरै रहेको छ ।

### ४.३.४ लिङ्ग र पेशा

पेशागत विविधता मानवसमाजमा आदिम कालदेखि रहिआएको संस्कृति हो । नेपाली समाज र संस्कृति पनि नयाँ नभएको सन्दर्भमा यसलाई, त्यसैको निरन्तरता मान्नुपर्दछ । लिङ्गका आधारमा उत्तरदाताको पेशागत विविधताका सम्बन्धमा ६१ जना उत्तरदाताहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं १६

लिङ्गका आधारमा उत्तरदाताको पेशा

| उत्तरदाताको पेशा | उत्तरदाताको लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | स्त्री | |
| कृषि | ७<br>(३०.४%) | ३२<br>(८४.२%) | ३९<br>(६३.९%) |
| व्यापार | ०<br>(०%) | ३<br>(७.९%) | ३<br>(४-९%) |
| नोकरी | १४<br>(६०.९%) | ३<br>७.९% | १७<br>(२७.९%) |
| वैदेशिक रोजगार | २<br>(८.७%) | ०<br>०% | २<br>(३.३%) |
| जम्मा | २३<br>(१००%) | ३८<br>(१००.०%) | ६१<br>(१००.०%) |

स्रोतः स्थलगत अध्ययन २००७।

कोष्ठकमा दिइएको सङ्ख्याले पेशागत प्रतिशत जनाउँछ।

माथिको तालिकाअनुसार, सबभन्दा बढी ६३.९% (३९ जना) उत्तरदातामध्ये स्त्रीको सङ्ख्या (८४.२%) ३२ जना संलग्न देखिन्छन्। सबभन्दा कम ३.३% (२ जना) उत्तरदाता वैदेशिक रोजगारमा संलग्नमध्ये महिला उत्तरदाताको सहभागिता शून्य देखिन्छ।

### ४.३.५ जातजाति र मासिक आम्दानी

श्रीमद्भागवत गीता ४।१३ अनुसार गुण र कर्मका आधारमा चार जातमा विभाजित मानवहरू आ-आफ्नो जातगत कर्ममा निष्ठापूर्वक आचरण गर्दै आएका छन्। फलतः उनीहरूको कार्यमा दक्षता, कुशलताका आधारमा आयआर्जन समान नहुने भएकोले, उनीहरूको आर्थिकस्तर फरक-फरक हुनु स्वभाविकै हुन्छ। जस्को झलक अध्ययनक्षेत्रका ६१ उत्तरदाताहरूबीच जातिगत आधारमा रहेको फरक फरक आयस्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १७

जाति/जनजातिको मासिक औसत आम्दानी

| औसत मासिक आय | | | | | |
|---|---|---|---|---|---|
| रु. | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | जम्मा |
| ? ५००० | ५<br>(१३.५%) | २<br>(२५.०%) | १<br>(२०.०) | ४<br>(३६.४%) | १२<br>(१९.७%) |
| ५००१-१०००० | २०<br>(५४.१%) | ४<br>(५०%) | १<br>(२०%) | २<br>(१८.२%) | २७<br>(४४.३%) |
| १०,००१-२०,००० | ११<br>(२९.७%) | २<br>(२५.०%) | ३<br>(७०%) | ५<br>(४५.५%) | २१<br>(३४.४%) |
| २०,००१-५०,००० | १<br>(२.७%) | ०<br>०% | ०<br>०% | ०<br>(०%) | १<br>(१.६%) |
| जम्मा | ३७ | ८ | ५ | ११ | ६१ |
| | १००% | १००% | १००% | १००% | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

कोष्ठकमा दिइको सङ्ख्याले आम्दानी (सरदर) प्रतिशत जनाउँदछ।

तालिका नं १६ अनुसार, विभिन्न जातजातिमध्ये आम्दानीका आधारमा वर्गीकरण गर्दा ५००० हजारभन्दा बढी आय गर्नेमा ३६.४% (४ जना) दलित, दोस्रामा क्षेत्रीको प्रतिशत २५ (२ जना) र सबभन्दा कम ब्राह्मण पर्दछन्। समग्रमा १९.७% ( १२ जना) यस वर्गमा पर्दछन् । यसै गरी रु. ५,००१-१०,००० सम्म आय हुनेमा सबभन्दा बढी ब्राह्मण ५४.१% (२० जना) सबभन्दा कम दलित १८.२% रहेका छन्। यस वर्गमा ४४.३% (२७ जना) उत्तरदाताहरू समावेश छन् । त्यस्तै, १०००१-२०,००० सम्म आम्दानी हुनेमा ब्रह्मण २९.७% (११ जना) दलित ४५.५% (५ जना) र सबभन्दा बढी ७०% (३ जना) जनजाति पर्दछन्। समग्रमा यस वर्गभित्र, ३४.४% (२१ जना उत्तरदाता समावेश छन्। २०,००१-५०००० सम्म आम्दानी हुने उत्तरदातामध्ये ब्राह्मणको मात्र उपस्थिति छ, त्यो हो २.७% (१ जना)।

## ४.४ अध्ययनक्षेत्रको शैक्षिक पृष्ठभूमि

अध्ययनक्षेत्र शैक्षिक विकासका दृष्टिले भलाम गा.वि.स.को मात्र नभएर कास्की जिल्लाकै एक अग्रणी स्थान ओगट्न सफल मानिन्छ । किनभने वि.सं. २०१७ देखि १-१० कक्षासम्म पढाइ हुने माध्यमिक विद्यालय यसै क्षेत्रमा स्थापित छ । जसले  मह काट्छ, उसले हात चाट्छ" भन्ने लोकोक्तिलाई यस क्षेत्रले चरितार्थ गरेको पाइन्छ । यस वडामा, १ दशक पहिलेबाट एक निजी स्कूल, साविक न्यू सनराइज, हाल पोष्टमोर्डन एकेडेमी (२०६३) को नामले सञ्चालित रहिआएको छ जहाँ १-७ सम्मका कक्षा सञ्चालित छन् ।

### ४.४.१ लिङ्ग र शिक्षाका आधारमा उत्तरदाता

अध्ययनक्षेत्रमा पर्ने ११९ मध्ये, अध्ययनसँग सम्बन्धित विद्यालयस्तरमा पढ्ने जम्मा ६१ घरमात्र भएकामा, सबै घरधुरीलाई अध्ययनको दायरामा समावेश गरिएको छ । लिङ्गका आधारमा उत्तरदाताको शिक्षाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ । जसमा पुरुषको परम्परागत वर्चस्व प्रस्ट देखिन्छ । महिलाको अवस्था शिक्षाका दृष्टले निराशाजनक नभएको र क्रमशः विकास र विस्तारोन्मुख देखिन्छ ।

तालिका नं. १८

लिङ्गका आधारमा उत्तरदाताको शिक्षा

| उत्तरदाताको शिक्षा | उत्तरदाताको लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| निरक्षर | ०<br>०% | ५<br>१३।२% | ५<br>८।२% |
| साक्षर | २<br>८।७% | ५<br>१३.२% | ७<br>११.५४% |
| प्राथमिक तहमुनि | १<br>४.३% | २<br>५।३% | ३<br>४।९% |
| प्राथमिक तह उत्तीर्ण | ३<br>१२% | ९<br>२३।७% | १२<br>१९।७% |
| नि.मा.वि.तह उत्तीर्ण | ४<br>१७.४% | ४<br>१०.५% | ८<br>१३।१% |
| मा.वि. तह उत्तीर्ण | ०<br>०% | ४<br>१०.५% | ४<br>६.६% |
| प्रवेशिका उत्तीर्ण | २<br>८.७% | ५<br>१३.२% | ७<br>११.५% |
| प्रमाण पत्र तह उत्तीर्ण | ३<br>१३।% | ४<br>१०।५% | ७<br>११.५% |
| स्नातक तह वा सोभन्दा माथि | ८<br>३४.८% | ०<br>०% | ८<br>१३।१% |
| जम्मा | २३<br>१००% | ३८<br>१००% | ६१<br>१००% |

स्रोतः स्थलगत अध्ययन, २००७।

(कोष्ठकमा दिइएको प्रतिशतले उत्तरदाताको सङ्ख्यालाई जनाउँछ ।)

तालिका नं. १७ अनुसार सबभन्दा बढी उत्तरदाता १९.७% १२ जनाले प्रा.वि. तह उत्तीर्ण गरेको पाइन्छ। जसअनुसार महिलाको सङ्ख्या २३.७% (९ जना) देखियो। सबभन्दा कम ५ कक्षामुनि पढ्ने पुरुषको सङ्ख्या सबभन्दा कम ४.३ प्रतिशत (१ जना) भएको पाइन्छ। स्नातक तह वा सो भन्दा माथि पढ्ने महिला उत्तरदाता कोही पनि नभएको देखिन्छ । प्रवेशिका उत्तीर्ण गर्नेमा ११.५% मध्ये महिलाको सङ्ख्या १३.२% (५ जना) पुरुषको सङ्ख्या ८.७% (२ जना) भन्दा बढी देखिन्छ । समग्र उत्तरदाता (६१ जना) मध्ये ५ जना महिला निरक्षर देखिन्छन्।

## ४.४.२ जातजाति र शिक्षा

वैदिक सनातन धर्मअनुसार गुण र कर्मका आधारमा हिन्दूहरू चार वर्णमा विभाजन गरिएका छन्- ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र

*चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः* (गीता ४।१३)

जसमा ब्राह्मणको काम शिक्षा एवं दान लिनुदिनु, क्षत्रियहरूको लडाइँ गर्नु, रक्षा गर्नु, शूरवीर बन्नु । वैश्यको खेती, व्यापार र पशुपालन गर्नु र शूद्रको काम अघिल्ला तीन वर्णको सेवा, सुश्रूषा गर्नु भन्ने उल्लेख छ । उल्लिखित चार वर्णको प्रतीकका रूपमा शरीरका चार अङ्गलाई जनाउने गरिन्छ -

ब्राह्मण-मुख, क्षत्रिय-बाहु (हात), वैश्य-तिघ्रा र शूद्र-पैताला । यसै वर्ण व्यवस्थाअनुसार श्रमविभाजनको परम्पराबाट हिन्दू समाज र संस्कृति निर्देशित रहिआएको छ । परन्तु पछिल्लो समयमा आइपुग्दा यस वर्ण र लिङ्ग व्यवस्थाअनुसारको श्रमविभाजनमा अतिक्रमणको वा उल्लङ्घनको प्रवृत्ति हावी भएको पाइन्छ । जसलाई निम्न तालिकाले स्पष्ट गर्दछ :

तालिका नं. १९

जाति/जनजातिका आधारमा उत्तरदाताको शिक्षा

| उत्तरदाताको शिक्षा | जाति/जनजाति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जातजाति | दलित | |
| निरक्षर | ३<br>(८.१%) | ०<br>(०.०%) | १<br>(२०.०%) | १<br>(९.१%) | ५<br>(८.२%) |
| साक्षर | ४<br>(५४.१%) | ०<br>(०%) | २<br>(२०%) | १<br>(१८.२%) | ७<br>(४४.३%) |
| प्राथमिक तहमुनि | १<br>(२.७%) | ०<br>(०%) | ०<br>(०%) | २<br>(१८.२%) | ३<br>(१३.१) |
| प्रा.वि.तह उत्तीर्ण | ५<br>(१३.५%) | १<br>(१२.५%) | १<br>(२०.०%) | ५<br>(४५.५%) | १२<br>(१९.७%) |
| नि.मा.वि. उत्तीर्ण | २<br>(५.४%) | ३<br>(३७.५%) | १<br>(२०%) | २<br>(१८.२%) | ८<br>(१३.१%) |
| मा.वि. उत्तीर्ण | ३<br>(८.१%) | १<br>(१२.५%) | ०<br>(०%) | ०<br>(०%) | ४<br>(६.६%) |
| प्रवेशिका उत्तीर्ण | ५<br>(१३.५%) | २<br>(२५%) | ०<br>०% | ०<br>०% | ७<br>(११.५%) |
| प्रमाणपत्र तह उत्तीर्ण | ६<br>(१६.२%) | १<br>(१२.५%) | ०<br>(०%) | ०<br>(०%) | ७<br>(११.५%) |
| स्नातक वा सो भन्दा माथि | ८<br>(२१.६%) | ०<br>(०%) | ०<br>(०%) | ०<br>(०%) | ८<br>(१३.१%) |
| जम्मा | ३७<br>१००% | ८<br>१००% | ५<br>१००% | ११<br>१००% | ६१<br>१००% |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

*नोटः कोष्ठकमा दिइएको आँकडाले शैक्षिक स्थितिको (सरदर) प्रतिशत जनाउँदछ।*

तालिका १८ अनुसार निरक्षर ८.२% मध्ये क्षेत्रीको ०% छ। साक्षर ४४.३% मध्ये ब्राह्मण सबभन्दा बढी ५४.१% र यस तहमा कोही पनि क्षेत्री पर्दैनन्। प्राथमिक तहभन्दा कम पढ्नेमा १३.१% (३ जना) अन्तर्गत क्षेत्री र जनजाति समावेश छैनन्। प्रा.वि.तह उत्तीर्ण गर्नेमा कम १९.७% (१२ जना) देखिन्छ। नि.मा.वि. तह उत्तीर्ण

गर्नेमा क्षेत्री र जनजाति समावेश छैनन् । नि.मा.वि. तह उत्तीर्ण गर्नेमा क्षेत्री सबभन्दा बढी ३७.५% छन् । मा.वि. तह उत्तीर्ण गर्नेमा जनजाति र दलितको प्रतिशत शून्य छ । प्रवेशिका उर्त्तीण गर्नेमा ब्राह्मण सबभन्दा १३.५% छन् । दलित र जनजातिको प्रतिशत शून्य छ प्रमाणपत्र उत्तीर्ण गर्नेमा ब्राह्मणको सङ्ख्या १६.२% छ, जबकि जनजाति र दलितको स्थिति शून्य छ । स्नातक तह उत्तीर्ण गर्नेमा ब्राह्मणमात्र २१.६% पर्दछन् । अन्यको उपस्थिति शून्य प्रतिशत देखिन्छ सारांशमा भन्नुपर्दा, अध्ययनक्षेत्रमा शैक्षिक दृष्टिले ब्राह्मण अगाडि छन्, जसलाई स्वभाविक मान्नुपर्दछ ।

### ४.४.३ लिङ्गको आधारमा परिवारका सदस्यहरूको शिक्षा

६१ घरकुरिया उत्तरदाताको २०९ परिवारका सदस्यहरूको लिङ्गका आधारमा प्राप्त शिक्षाको विवरण निम्न तालिकामा जानाकारीको लागि प्रस्तुत गरिएको छ । जसअनुसार शिक्षाका दृष्टिले पुरुषहरू महिलाका दाँजोमा अगाडि देखिए पनि, दुई लिङ्गबीच शिक्षाको खाडल पुरिँदै गएको र लैङ्गिक विभेद कम हुँदै गएको देखिन्छ ।

तालिका नं. २०

लिङ्गका आधारमा उत्तरदाताका परिवारका सदस्यहरूको शिक्षा

| परिवारका सदस्यहरूको शिक्षा | परिवारका सदस्यहरूको लिङ्ग | | जम्मा |
|---|---|---|---|
| निरक्षर | महिला | पुरुष | |
| निरक्षर ५ वर्षमुनि | १५ (१०.४%) | २ (१.४%) | १७ (७.६%) |
| साक्षर | १३ (९.०%) | ९ (६.२%) | २२ (७.६%) |
| प्राथमिक तहमुनि | ४१ (२८.५%) | ४१ (२८.३%) | ८२ (२८.४) |
| प्रा.वि.तह उत्तीर्ण | २५ (१७.४%) | २१ (१४.५%) | ४६ (१५.९%) |
| नि.मा.वि. उत्तीर्ण | १९ (१३.२%) | २१ (१४.५%) | ४० (१३.८%) |
| दश कक्षा उत्तीर्ण | ६ ४.२% | ६ ४.१% | १२ ४.२% |
| प्रवेशिका उत्तीर्ण | १८ (१२.५%) | १२ (८.३%) | ३० (१०.४%) |
| प्रमाणपत्र तह उत्तीर्ण | ५ (३.५%) | १५ (१०.३%) | २० (६.९%) |
| स्नातक वा सो भन्दा माथि | २ (१.४%) | १८ (१२.४%) | २० (६.%९) |
| जम्मा | १४४ (१००%) | १४५ (१००%) | २८.९ (१००%) |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

कोष्ठकभित्रको सङ्ख्याले, शिक्षाको प्रतिशत जनाउँदछ।

तालिका नं. २० अनुसार सबभन्दा बढी प्रतिशत २८.४% ले प्राथमिक तहमुनि उत्तीर्ण गरेका सदस्यहरूलाई जनाउँछ। जसमा महिलाको सङ्ख्या पुरुषका तुलनामा बढी देखिन्छ। जबकि पुरुषको सङ्ख्या २८.३% (४१ जना) र महिलाको सङ्ख्या

२८.५% (४१ जना) रहेको देखिन्छ । सबभन्दा कम ४.२% (१२ जना) परिवार का सदस्य १० कक्षा उत्तीर्ण देखिन्छन् जसमा पुरुषको सङ्ख्या महिलाको सँग थोरैले मात्र कम देखिन्छ । त्यस्तै स्नातक वा सोभन्दा बढी उत्तीर्ण गर्नेमा पुरुष १२.४% (१८ जना) र महिला १.४% (२ जना) देखिन्छ । यसबाट परिवारका महिला सदस्यहरू उच्च शिक्षामा पछाडि परेको देखिन्छ ।

# अध्याय पा“च

# सामुदायिक विद्यालय र निजी विद्यालयप्रतिको जनधारणा

सरकारको नीतिअनुसार केही दशकयता, राज्यमा दुई प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । सरकारीनीति, कार्यक्रम, रेखदेख, नियन्त्रण, आर्थिक, प्राविधिक तथा प्रशासनिक सहयोगबाट सञ्चालित सामुदायिक विद्यालय र सरकारी अनुदान अप्राप्त व्यक्ति तथा समुदायको संलग्नता र सहयोगमा राज्यको नीतिअनुसार चलेका निजी विद्यालयहरू पर्दछन् । यी दुई थरी विद्यालयहरूप्रति उत्तरदाताहरूको हेराइ/बुझाइ के छ ? भन्ने बारेमा गरिएको अध्ययनबाट प्राप्त आँकडा निम्न तालिकामा देखाइएको छ :

## ५.१ घरधुरी र विद्यालयबीचको दूरी

सामुदायिक विद्यालय र निजी विद्यालय पायकका दृष्टिले प्रत्येक उत्तरदाता (अभिभावक) को घरबाटको दूरी समान हुन सम्भव छैन । अतः यो दूरी क-कसको घरबाट के कति छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २१

सामुदायिक तथा निजी विद्यालयमा पुग्न लाग्ने समय

| मिनेट | घरधुरीसङ्ख्या | | प्रतिशत | |
|---|---|---|---|---|
| | सामुदायिक | निजी | सामुदायिक | निजी |
| ५ मिनेटभित्र | ३९ | ७ | ६३.९ | ११.५ |
| ६ देखि १५ मिनेटसम्म | १९ | ४० | ३१.१ | ६५.६ |
| १६ देखि ३० मिनेटसम्म | ३ | १२ | ४.९ | १९.७ |
| ३१ देखि ७५ मिनेटसम्म | - | २ | - | ३.३ |
| जम्मा | ६१ | ६१ | १००% | १००% |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

माथिको तालिकाअनुसार, ५ मिनेटभित्र सामुदायिक विद्यालय पुग्न सकिने घरधुरीको सङ्ख्या ६३.९% (३९ घरधुरी) र निजी विद्यालय पुग्न सक्ने घरधुरीसङ्ख्या

११.५ प्रतिशत (७ घरधुरी) रहेको देखिन्छ । ६ देखि १५ मिनेटभित्र सामुदायिक विद्यालय पुग्न लाग्ने घरधुरी ३१.१ प्रतिशत (१९ घरधुरी) छन् र निजी विद्यालय पुग्न लाग्ने घरधुरी ६५.६ प्रतिशत (४० घरधुरी छन । त्यसै गरी १६ देखि ३० मिनेटमा पुग्न सकिने घरधुरीमध्ये, सामुदायिक विद्यालयका हकमा ४.९% (३ घरधुरी) र निजीका हकमा १९.७ प्रतिशत (१२ घरधुरी) पर्दछन् । निजी विद्यालय पुग्नको लागि आधा घण्टाभन्दा बढी समय लाग्ने २ वटा मात्र घरपरिवार रहेका छन् । यसबाट सारांशमा के भन्न सकिन्छ भने, निजी विद्यालयको दाँजोमा सामुदायिक विद्यालयहरू अधिकांश घरधुरीबाट सापेक्षिक रूपमा नजिक रहेका छन् ।

## ५.२ विद्यालयको रोजाइ

आ-आफ्नो सुविधा, चाहना र पायकअनुसार ६१ घरधुरीमध्ये निम्नानुसार अलग - अलग विद्यालयमा, छोरा/छोरी भर्ना गराउने, पठाउने, गर्दछन् । जसलाई निम्न तालिकाका माध्यमबाट प्रस्तुत गरिएको छ :

तालिका नं. २२

कुन विद्यालयमा छोरा/छोरीहरू पठाउनुहुन्छ ?

| छोरा/छोरीहरू पढ्ने विद्यालय | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक विद्यालय | २३ | ३७.७ |
| निजी विद्यालय | २६ | ४२.६ |
| दुवै विद्यालय | १२ | १९.७ |
| जम्मा | ६१ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

माथिको तालिकाअनुसार, सबभन्दा बढी घरधुरी ४२.६ प्रतिशत (२६ घर धुरीले) निजी विद्यालयमा पढाउँछन् र सबभन्दा कम १९.७ प्रतिशत दुवैथरी विद्यालयमा पढाउँछन् । सामुदायिक विद्यालयमा मात्र पढाउने ३७.७ प्रतिशत (२३ घरधुरी) रहेका छन् । यस तथ्याङ्कबाट अधिकांश सामुदायिक विद्यालय नजिक भए तापनि बढी अभिभावकहरू आफ्ना छोरा छोरीहरू सापेक्षिक रूपमा टाढा पर्ने निजी स्कूलमा पढाउँछन् भन्ने देखिन्छ ।

## ५.३ को कुन विद्यालयमा पढाउँछन् ?

शिक्षाको स्वतन्त्रताको उपभोग गर्न र त्यस निम्ति आफूलाई मनपर्ने विद्यालय रोज्न बन्देज छैन । उपलब्ध दुईथरी विद्यालयमध्ये को कहाँ पढाउँछन् भन्ने बारेमा अध्ययनक्षेत्रका विभिन्न जातजातिहरूले पढाउने गरेका विद्यालयहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २३

को कुन विद्यालयमा पढाउँछन? (जातीयताअनुसार)

| छोरा/छोरी पढाउने विद्यालय | जाति/जनजाति | | | | |
|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | जम्मा |
| सामुदायिक | १६<br>(४३.२%) | १<br>१२.५% | ०<br>०% | ६<br>५४.५% | २३<br>३७.७ |
| निजी विद्यालय | १५<br>४०.५% | ७<br>८७.५% | ०<br>०% | ४<br>३६.४%) | २६<br>४२.६% |
| दुवै | ६<br>१६.२% | ०<br>०% | ५<br>१००% | १<br>९.१% | १२<br>१९.७% |
| जम्मा | ३७<br>१००% | ८<br>१००% | ५<br>१००% | ११<br>१००% | ६१<br>१००% |

स्रोत: स्थलगत अध्ययन २००७।

कोष्ठकभित्रका सङ्ख्याले सम्बन्धित सङ्ख्याको प्रतिशत जनाउँछ।

तालिका नं. २३ अनुसार, निजी विद्यालयमा, सबभन्दा बढी घरधुरीहरू ४२.६ प्रतिशत (२६ घरधुरी) ले पढाउँछन्  जसमा ब्राह्मण ४०.५% (१५ घरधुरी) क्षेत्री ८७.५ प्रतिशत (७ घरधुरी), र दलित ३६.४ प्रतिशत (४ घरधुरी) मात्र समावेश छन् । कोही पनि जनजातिहरू निजी विद्यालयमा आफ्ना छोराछोरीहरू पढाउँदैनन् । ३७.७ प्रतिशत घरधुरीहरूले सामुदायिक विद्यालयमा बालबच्चा पढाउँछन् । जसमा जातीयताका आधारमा छुट्याउँदा, ब्राह्मण ४३.२% (१६ घरधुरी), क्षेत्री १२.५ प्रतिशत (१ घरघुरी ) र दलित ५४.५ प्रतिशत (६ घरधुरी), क्षेत्री १२.५ प्रतिशत (१ घरधुरी) र दलित ५४.५ प्रतिशत (६ घरघुरी) पर्दछन्  र दुवै विद्यालयमा आफ्ना बालबच्चा पढाउने घरधुरीहरू

१९.७ प्रतिशत (१२ घरधुरी) छन् जसमा, जनजाति शतप्रतिशत (५ घरधुरी), ब्राह्मण १६.२ प्रतिशत र दलित ९.१ प्रतिशत (घरधुरी) रहेका छन् । क्षेत्रीहरू कोही पनि यसअन्तर्गत पर्दैनन् । समग्रमा भन्नुपर्दा, सङ्ख्यात्मक हिसाबले जम्मा ६१ घरधुरीमध्ये सबभन्दा बढी ४२.६ प्रतिशत (२६ घरधुरी) ले बालबच्चा निजी विद्यालयमा पढाउँछन् ।

## ५.४. निजी विद्यालयमा पढन कहँ जान्छन् ?

निजी विद्यालयको स्थापना, सेवाभाव भन्दा व्यवसायका रूपमा भएको पाइन्छ । सेवालाई गौण राख्दै व्यवसायलाई प्राथमिकता दिएर स्थापना गरिएका विद्यालयहरू, शहरमा केन्द्रित हुने प्रवृत्ति बढी देखिन्छ । तथापि गाउँमा पनि फाट्टफुट्ट निजी विद्यालयहरू स्थापना हुने गरेका पाइन्छन् । निजी विद्यालयको पारखबारे अभिभावक तथा विद्यार्थीको रोजाइ कस्तो छ, भन्ने विषयमा निम्न तालिकाले समाधान दिने प्रयास गरेको छ :

तालिका नं २४

निजी विद्यालयमा पढ्न कहाँ जान्छन् ?

| निजी विद्यालय पढ्ने | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| गाउँमा | १४ | ३६.८ |
| पोखरामा | १८ | ४७.४ |
| अन्यत्र | ५ | १३.२ |
| गाउँ र पोखरा दुवैमा | १ | २.६ |
| जम्मा | ३८ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २००७ ।

माथिको तालिकाअनुसार, ४७.४, प्रतिशत (१८घरधुरी) ले आफ्ना छोरछोरी पोखरामा पढ्न पढाउँछन् । ३६.८ प्रतिशत घरधुरी (१४ जना घरधुरी)ले गाउँमा स्थापित निजी विद्यालयमा पढाउँछन् । अन्यत्र पढाउने घरधुरी १३.२% (५) रहेका छन् । गाउँ तथा पोखरा शहरमा दुवैमा पढाउने घरधुरी २.६ प्रतिशत रहेको देखिन्छ । यस

तथ्याङ्कले अभिभावकहरू निजी स्कूलमा मात्र सीमित नरहेर स्थानविशेषलाई पनि पारख गर्दछन् भन्ने देखिन्छ ।

## ५.५ सामुदायिक विद्यालयमा पठाउनुपर्ने कारण

विद्यालयको रोजाइमा अभिभावक तथा विद्यार्थीहरू स्वतन्त्र भए पनि कसले कुन विद्यालय रोज्दछ भन्ने कुराका पछाडि आ-आफ्नै दृष्टिकोणले काम गरेको हुन्छ । सबैले रोज्ने विद्यालय एकै किसिमको हुनुपर्ने र हुन सक्ने विषय नभएकाले, कोही अभिभावक विविध कारणले आफ्नो रुचिको विद्यालयमा पढाउँछन् । कत्तिले बाध्यतावश पनि सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउँछन् भने कतिले आफ्नो चाहनाअनुसार पढाउँछन् । केही अभिभावकहरूको सामुदायिक विद्यालयमा पठाउनुपर्ने कारणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २५

सामुदायिक विद्यालयमा पढाउन पठाउनु पर्नाको कारण

| सामुदायिक विद्यालयमा पठाउनुपर्ने कारण | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| नजिक भएर | १० | २८.६ |
| आर्थिक कठिनाइले | १२ | ३४.३ |
| आफू पनि त्यस्तै विद्यालयमा पढेकाले | ६ | १७.१ |
| नजिक भएर र राम्रो भविष्यका लागि | १ | २.९ |
| राम्रो भविष्यका लागि | १ | २.९ |
| माथिका सबै | २ | ५.७ |
| अन्य | ३ | ८.६ |
| जम्मा | ३५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २००७ ।

माथिको तालिकाअनुसार, सबभन्दा बढी ३४.३ प्रतिशत (१२ घरधुरी) ले आर्थिक कठिनाइले सामुदायिक विद्यालय पठाउने गरेको पाइयो । सबभन्दा कम नजिक र राम्रो भविष्यका लागि भनेर सामुदायिक विद्यालयमा छोराछोरी पढाउने २.९ प्रतिशत (१ घरधुरी) रहेको पाइन्छ ।

## ५.६ निजी विद्यालयमा पढाउनुपर्ने कारण

निजी विद्यालयहरू महङ्गा छन् र दूरीका हिसाबले टाढा हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा नपढाउने अभिभावकहरूले निजी विद्यालयमा आफ्ना छोराछोरी किन पढाउँछन् ? भन्ने कुरा निम्न तालिकाले यसको समाधान दिने प्रयास गरेको छ ।

तालिका नं. २६

उत्तरदाताहरू बालबच्चा निजी विद्यालयमा किन पठाउँछन् ?

| निजी विद्यालयमा पठाउनुपर्ने कारण | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| नजिक भएर | १ | २.६ |
| राम्रो भविष्यका लागि | ३२ | ८४.२ |
| नजिकै र राम्रो भविष्यका लागि | १ | २.६ |
| राम्रो भविष्यका लागि र अङ्ग्रेजीको जग बसाल्न | २ | ५.३ |
| अन्य | २ | ५.३ |
| जम्मा | ३८ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २००७ ।

माथिको तालिका नं २५ अनुसार राम्रो भविष्यका लागि भन्ने कारणमा सबभन्दा बढी ८४.२ प्रतिशत (३२ घरधुरी) र सबभन्दा कम घरधुरी २.६ प्रतिशत नजिक र राम्रो भविष्यका लागि भन्नेमा रहेको देखिन्छ ।

## ५.७ विद्यालयको प्राथमिकता

पछिल्लो परिदृश्यअनुसार, सामुदायिक विद्यालयका सट्टा निजी विद्यालयको माग र आकर्षणका पछाडि अभिभावक र विद्यार्थीहरूको आफ्नै रोजाइ र ग्राह्यता रहेको हुन्छ । त्यसैको परिणामस्वरूप, सामुदायिक विद्यालयमा पढाउने अभिभावकहरू किन त्यसो गर्दै छन् ? निजी विद्यालयको विकल्प उनीहरूसँग छ कि छैन भन्ने कुरालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २७

उत्तरदाताहरूले पढाउन चाहेको विद्यालय

उत्तरदाताहरूले पढाउन चाहेको विद्यालय

| भनेजस्तो भएमा पढाउने विद्यालय | घरकुरियासङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक विद्यालय | ५४ | ८८.५ |
| निजी विद्यालय | ७ | ११.५ |
| जम्मा | ६१ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २००७।

तालिका नं २६ बाट, भनेजस्तो सुधार भएमा, ८८.५ प्रतिशत घरधुरीले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा नै पढाउने बताएका छन् । उता ११.५ प्रतिशतले आफ्ना छोराछोरी निजी विद्यालय पठाउने जनाएका छन् । यसबाट, अभिभावकहरू सामुदायिक विद्यालयमा सुधार चाहन्छन् । जसलाई सामुदायिक विद्यालयको सुधारका लागि टड्कारो आवश्यकता औंल्याएको देखिन्छ। जुन हुन सकिरहेको छैन ।

## ५.८ जनधारणा (उत्तरदाताको)

कुनै पनि भनाइ विचार वा विषयप्रतिको जनधारणा, आ-आफ्नै हुन्छ । त्यसैले, हाल प्रचलनमा रहेका विभिन्न विद्यालयहरूमध्ये, सामुदायिक तथा निजी विद्यालयहरू आ - आफ्नै तरिकाले, शिक्षा प्रदान गरिरहेका छन् । यी दुई विद्यालयले, व्यक्ति तथा समाजमा पारेको प्रभाव बुझ्न मानवशास्त्रीय/समाजशास्त्रीय दृष्टिले महत्त्वपूर्ण हुन्छ । यसबारेमा उत्तरदाताहरूको केकस्तो धारणा रहेको छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. २८

## उत्तरदाताहरूको जनधारणा

| भनाइहरू | ठीक | | बेठीक | | सरासरगलत | | |
|---|---|---|---|---|---|---|---|
| | बारम्बरता सङ्ख्या | प्रतिशत | उत्तरदाता सङ्ख्या | प्रतिशत | उत्तरदाता सङ्ख्या | प्रतिशत | |
| क. सामुदायिक विद्यालयको आवश्यकता निजी स्कूलबाट पूरा हुँदैन । | द्धठ | ठठ | ज्ञघ | द्दज्ञाघ | ज्ञ | ज्ञाट | टज्ञ |
| ख. निजी स्कूल नेपाल र नेपालीको हितमा खोलिएका हुन् । | द्दठ | द्धद्धाघ | घद्द | छद्दाछ | द्द | घाघ | टज्ञ |
| ग. निःशुल्क शिक्षाका कारण, निजी स्कूललाई फाइदा पुगेको छ /दाउ लागेको छ । | घघ | छद्धाज्ञ | घट | द्धद्दाट | द्द | घाघ | टज्ञ |
| घ. सामुदायिक विद्यालप्रति राज्य उदासीन रहेको छ । | द्धद्द | टडाढ | ज्ञट | द्दटाद्द | घ | द्धाढ | टज्ञ |
| ङ.राजनीतिकरण नै सामुदायिक विद्यालयको उन्नतिमा प्रमुख बाधा हो । | द्धड | ठडाठ | ज्ञघ | द्दज्ञाघ | ( | ( | टज्ञ |
| च. निजीकरणले सामुदायिक विद्यालयलाई सङ्कटोन्मुख बनाएको छ । | छठ | ढघाद्ध | द्ध | टाट | ( | ( | टज्ञ |
| छ. शिक्षामा देखिएको व्यापारीकरण बन्द गर्नुपर्छ । | छढ | ढटाठ | द्द | घाघ | ( | ( | टज्ञ |
| ज. सामुदायिक विद्यालयको विकल्प छैन । | द्धठ | ठठाण | ज्ञद्धा | द्दघ | ( | ( | टज्ञ |
| झ. अङ्ग्रेजी माध्यमका स्कूलबाट नेपालको हित हुँदैन । | ज्ञड | द्दढाछ | द्धज्ञ | टठाद्द | द्द | घाघ | टज्ञ |

स्रोतः स्थलगत अध्ययन २००७ ।

माथिको तालिकाअनुसार, भनाइ (क) प्रति ७७% ले ठीक, २१.३ % ले बेठीक र १.६ प्रतिशतले सरासर गलत धारणा राखेको पाइन्छ । उसै गरी, भनाइ (ख) उपर, ५२.५ प्रतिशतले बेठीक, ४४.३% ले ठीक र ३.३% ले सरासर गलत छ भन्ने ठहऱ्याएका छन् । त्यस्तै भनाइ (ग) माथि सबभन्दा बढी उत्तरदाता ५४.१% ले ठीक ४२.६ प्रशितशतले, बेठीक र ३.३ प्रतिशतले सरासर गलत ठानेका छन् । भनाइ 'घ' प्रति सबभन्दा बढी उत्तरदाता ६८.९% (४२ जना) ले ठीक, २६.२% ले बेठीक र सबभन्दा कम उत्तरदाताले ४.९% (३ जना) ले सरासर गलत सम्झेको देखिन्छ । त्यस्तै भनाइ (ङ) प्रति सबभन्दा बढी उत्तरदाता ७८.७ ले ठीक, २१. ३% ले बेठीक र ठहऱ्याएको देखिन्छ । अनि, भनाइ (च) प्रति धेरै उत्तरदाता हरूले ९३.४ प्रतिशत (५७ जना) ले ठीक र बाँकी ६.५% ले बेठीक सम्झेको देखिन्छ । त्यस्तै गरी, भनाइ (छ) प्रति पनि धेरै उत्तरदाताले ९६.७ प्रतिशतले ठीक बाँकी ३.३% ले बेठीक ठहऱ्याएको देखिन्छ । भनाइ (ज) प्रति धेरै उत्तरदाता ७७ प्रतिशत (४७ जना) ले ठीक र बाँकी २३ प्रतिशतल (१४ जना)ले बेठीक मानेका छन् र भनाइ (झ) प्रति धेरै उत्तरदाता ६७.२% (४१) जनाले बेठीक र सबभन्दा कम उत्तरदाता ३.३ प्रतिशतले सरासर गलत ठहऱ्याएको देखिन्छ ।

माथिका सम्पूर्ण भनाइप्रति सरोकारवालाको धारणाअनुसार, सामुदायिक विद्यालयप्रति उनीहरूको सकारात्मक छ तर, विभिन्न किसिमका समस्याहरू सामुदायिक विद्यालयमा रहेका छन् र तिनको निराकरण गर्नुपर्ने उनीहरूको ठम्याइ छ ।

# अध्याय छ

# सामुदायिक विद्यालयमा विद्यार्थीहरू  कमी हुनाका आधारहरू

## ६.१ उत्तरदाताको हेराइ

पछिल्लो दशकयता, विशेष गरीकन शहरी क्षेत्र र आसपासका काँठ क्षेत्रमा निजी विद्यालयहरू खुल्दै जाने दर तीव्र छ । त्यसको परिणामस्वरूप, समुदायिक विद्यालयहरू खुल्ने (नयाँ) प्रवृत्ति ठप्प छ र विद्यार्थीसङ्ख्या वर्षेनी घट्दो छ । विद्यालयको स्थापना गर्नेदेखि लिएर, यहाँसम्म ल्याई पुऱ्याउने समाजसेवी, शिक्षाप्रेमी, चन्दादाता र संस्थापकहरूसमेत पनि यसबाट अछुतो छैनन्, आफ्नो त्यागतपस्याले स्थापित र सञ्चालित सामुदायिक विद्यालयहरूको यस देशप्रति, उनीहरूको दृष्टिकोण के छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २९

सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या घट्दै गएको दृश्यप्रति उत्तरदाता अभिभावकको हेराइ

| | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ० | ० |
| नराम्रो | ६१ | १०० |
| जम्मा | ६१ | १०० |

स्रोतः स्थलगत अध्ययन २००७ ।

माथिको तालिकाअनुसार, सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना/सङ्ख्या घट्दै गएको मन नपराउने/नराम्रो मान्ने उत्तरदाताहरूको प्रतिशत शतप्रतिशत रहेको देखिन्छ । यसबाट अभिभावकहरू सामुदायिक विद्यालयप्रति ममता/अपनत्व राख्दछन् भन्ने देखिन्छ ।

## ६.२ सामुदायिक विद्यालय र त्यसको औचित्य

सामुदायिक विद्यालयको औचित्य र आवश्यकता छ ? भन्ने सन्दर्भमा, उत्तरदाताहरूको प्रतिक्रिया निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३०

सामुदायिक विद्यालयको औचित्य र आवश्यकताप्रति उत्तरदाताको प्रतिक्रिया

| सामुदायिक विद्यालयको औचित्य र आवश्यकता | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सामुदायिक विद्यालयको  औचित्य र आवश्यकता छ। | ४३ | ७०.९५ |
| सामुदायिक विद्यालयको गुणस्तर सुधार्नुपर्छ। | ५ | ८.२ |
| समयसापेक्ष (अङ्ग्रेजी माध्यममा) पढाइ हुनुपर्छ | १३ | २१.३ |
| जम्मा | ६१ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

माथिको तालिका नं. २९ अनुसार, सबभन्दा बढी उत्तरदाता ७०.५ प्रतिशत ( ४३ घरधुरी)ले औचित्य र आवश्यकता छ भनेर प्रतिक्रिया दिएका छन् । त्यस्तै २१.३ प्रतिशत (१३ घरधुरी) ले समय सापेक्ष अङ्ग्रेजी माध्यममा पढाइ हुनुपर्दछ भन्ने पक्षमा उभिएका छन् । सामुदायिक विद्यालयको आवश्यकता र औचित्य छैन भन्नेमा कोही पनि नभएको पाइयो । यसबाट उत्तरदाताहरूले सामुदायिक विद्यालयमा सुधारको आवश्यकता औंल्याएको स्पष्ट देखिन्छ।

## ६.३ निजी विद्यालय र पहुँच

शिक्षा प्रदायका विकल्पमा दुई थरी विद्यालय राज्यले व्यवस्था गरेको छ । परन्तु, 'सबैका लागि शिक्षा' पहुँचका दृष्टिले यी दुई थरी विद्यालयका बीचमा समानता पाइँदैन। यसबारे उत्तरदाताहरूका विचारलाई निम्न तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ३१

निजी स्कूलको पहुँच सम्बन्धमा उत्तरदाताको प्रतिक्रिया

| पहुँचमा नहुनाको कारण | घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| निम्न आर्थिक अवस्था | ३७ | ६०.७ |
| निम्न आर्थिक अवस्था र सबै ठाउँमा निजी स्कूल नखोलिनु | ७ | ११.५ |
| प्रतिक्रिया नआएको | ५ | ८.२ |
| जनता गरिब छन् र निजी स्कूल महङ्गा छन् | ७ | ११.५ |
| निजी स्कूल बढी महङ्गा छन् | ३ | ४.९ |
| सर्वसुलभ नभएर | २ | ३.३ |
| जम्मा | ६१ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण २००७।

माथिको तालिकाअनुसार, बहुसङ्ख्यक जनताहरूको आर्थिक अवस्था कमजोर भएको कारणले, निजी स्कूलहरू सबैको पहुँचमा छैनन् भन्नेमा ६०.७ प्रतिशत (३७) उत्तरदाता रहेका छन् । सबभन्दा कम ३.३ प्रतिशत (२जना) उत्तरदाताले निजी स्कूल सबैको पहुँचमा नहुनाको कारणको रूपमा सर्बसुलभ नभएर भन्ने औंल्याएका छन् । यसको मतलव सबैजसो उत्तरदाताले, सामुदायिक विद्यालयको महत्व र आवश्यकतालाई जोड दिएको देखिन्छ तर, गुणस्तर कायम गर्नुपर्नेतर्फ पनि विचार गर्नुपर्छ ।

## ६.४ जिम्मेवारीको पहिचान

प्रजातन्त्रको शुरुवात (२००७ वि.सं.) सँगै शिक्षाको प्रचार र प्रसारका क्रममा देशभरि विद्यालयको स्थापना भएदेखि निजी स्कूलको स्थापनाअघिसम्म सरकारी विद्यालय देशको आवश्यकता पर्ने जनशक्ति उत्पादन गर्न सक्षम भएकै हुन् हाल पनि, सरकारी स्कूलका उत्पादनले नै राष्ट्रको सम्पूर्ण अङ्गमा प्रभुत्व जमाइराखेका पनि छ । परन्तु शिक्षाको निजीकरणको नीति (२०३६) तथा बढ्दो भूमण्डलीकरणका कारण, निजीकरणले बढवा पाएकाले र अङ्ग्रेजी माध्यमका स्कूलहरू भटाभट खुल्दै गए र उच्च आर्थिक स्तर र हैसियतका ठालू व्यक्तिहरूले आफ्ना छोराछोरीहरू तिनै स्कूलमा

पढाउन थाले । ठूलाको नक्कल गर्ने चलन पुरानै भएकाले, हाल आएर, ऋणधन गरेर भए पनि छोराछोरी निजी स्कूलमा पढाउने होड नै चलेको छ । अन्यथा इज्जत र हैसियतमा समेत प्रश्नचिन्ह लाग्ने भयबाट धेरैभन्दा धेरै अभिभावकहरू देखिन्छन् ।

यसक्रममा सामुदायिक विद्यालयमा पढाउने शिक्षक, शिक्षाकर्मी, नीति तथा निर्णयनिर्मातादेखि कार्यान्वयनकर्तासमेत पनि यस लहरबाट मुक्त छैनन् । यस्तो अवस्था आउनका पछाडि जिम्मेवार को छ त ? भन्ने प्रश्नमा, उत्तरदाताहरूको प्रतिक्रिया निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं ३२

सामुदायिक विद्यालयको गुज्रँदो अवस्था आउनामा को जिम्मेवार छ त?

| जिम्मेवार व्यक्ति/संस्था | उत्तरदाता /घरधुरीसङ्ख्या | प्रतिशत |
|---|---|---|
| राज्य | २ | ३.३ |
| दुवै (राज्य र सरोकारवाला) | ५९ | ९६.७ |
| **जम्मा** | **६१** | **१००** |

स्रोतः स्थलगत अध्ययन २००७ ।

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयको विद्यमान गुज्रँदो अवस्था आउनाका पछाडि ९६.७ प्रतिशत उत्तरदाताहरूले राज्य र सरोकारवालाई जिम्मेवार ठहऱ्याएका छन् । जबकि ३.३% (२जना) उत्तरदाताले राज्यको निजीकरणको नीति २०३६ लाई जिम्मेवार ठहऱ्याएका छन् । सरोकारवालालाई उत्तरदाताले गैह्रजिम्मेवार ठहऱ्याएको देखिन्छ ।

## ६.५ मुद्दा र बहुप्रतिक्रिया

'जति भाँडो उति चुबुर्को' भनेझैं दुई थरी विद्यालय भएपछि दुवैमा छोराछोरी पढाउने चाहना हुनु एउटा पाटो हो भने बाध्यता अर्को पाटो । कसै कसैलाई परिस्थितिले पनि असर पुऱ्याएको हुन्छ । ६१ उत्तरदाता (घरधुरी) मध्ये कसको के अवस्था छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३३

अलगअलग मुद्दा र प्रतिक्रिया

| मापदण्ड सङ्केत | गणना | मुद्दा (केस) |
|---|---|---|
| आर्थिक कठिनाइ/समस्या | १ | ८.३ |
| उमेरको समस्या | १ | ८.३ |
| अङ्ग्रेजीको जग बसाल्न | ५ | ४१.७ |
| भनेजस्तो नभएर | ३ | २५.० |
| प्रतिक्रियाबिहीन | १ | ८.३ |
| अन्य | ४ | ३३.३ |

स्रोत: स्थलगत अध्ययन २००७।

*(विभिन्न विषयमा प्राप्त बहुउत्तरमा आधारित प्रतिशत)*

माथिको तालिकाअनुसार अङ्ग्रेजीको जग बसाल्न भन्नेमा सबभन्दा बढी ४१.७ वटा केस देखिन्छ उता, आर्थिक कठिनाइ, उमेरगत समस्या र अनुत्तरित मा ८.३ वटा मात्र केश रहेको देखिन्छ । निचोडमा भन्नुपर्दा, अङ्ग्रेजी भाषालाई नै महत्व दिएर अभिभावक/उत्तरदाताहरूले निजी स्कूलमा छोराछोरी पढाउने गरेको देखिन्छ ।

# अध्याय सात

# सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या बढाउन आवश्यक उपायहरूको खोजी

## ७.१ सामुदायिक विद्यालय नै किन ?

सरकारको निजी विद्यालयीय शैक्षिक पद्धतिलाई कानुनी मान्यता दिने २०३६ र त्यसपछिको निर्णयअनुसार स्थापित संस्थागत विद्यालयहरूको विकास र विस्तार भइरहेको र त्यसतर्फ सरोकारवालाहरूको आकर्षण देखिएको मौजुदा अवस्थामा, सामुदायिक विद्यालयको औचित्य र आवश्यकता पर्दछ भन्ने कुरा स्वभाविक लाग्दैन । परन्तु सरोकारवालाहरूले सामुदायिक विद्यालयको महत्त्वलाई कसरी हेर्दछन् भन्ने बारेमा प्राप्त उनीहरूको प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ३४

सामुदायिक विद्यालयको प्रभावकारिता उत्तरदाताका दृष्टिमा

| सामुदायिक विद्यालयको महत्त्व र आवश्यकताको मापदण्ड/आधारहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सबैले समान शिक्षा पाउँछन् । | १ | १.६ |
| विद्यार्थीको सर्वाङ्गीण विकाशका लागि आवश्यक छ । | १ | १.६ |
| यसलाई सुधार्नुपर्छ । | १ | १.६ |
| प्रतिक्रिया नआएको । | ६ | ९.८ |
| गुणस्तरीय शिक्षा र आर्थिक कारोवार समुदायले गर्नुपर्छ । | १ | १.६ |
| सबैले निजी विद्यालयमा पढ्न सक्दैनन । | १ | १.६ |
| सबैले पढ्न पाउँछन् र सबैको पहुँचमा छ । | २ | ३.३ |
| सामुदायिक विद्यालय नभएमा कोही निरक्षर हुन्छन् । | ७ | ११.५ |
| सामुदायिक विद्यालयको औचित्य घट्न दिनुहुँदैन । | १ | १.६ |
| सर्वसुलभ छ । | २० | ३२.८ |
| सर्वसुलभ र नजिक छन् । | ५ | ८.२ |
| सरकारले दायित्त्व लिन्छ । | १ | १.६ |
| यथास्थितिमा आवश्यक छैन । | १ | १.६ |
| यसको महत्त्व बढ्दै छ । | १३ | २१.३ |
| जम्मा | ६१ | १०० |

स्रोतः स्थलगत अध्ययन २००७ ।

तालिका नं. ३४ बमोजिम, सबभन्दा बढी उत्तरदाता ३२.८ प्रतिशत (२० जना) ले सर्वसुलभ भएकाले सामुदायिक विद्यालयको महत्त्व र आवश्यकता बढी छ भनी प्रतिक्रिया दिएका छन् । यसको महत्त्व बढ्दै छ भन्नेमा २१.३ प्रतिशत उत्तरदाता देखिएका छन् । सामुदायिक विद्यालय नभएमा कतिपय निरक्षर हुन सक्ने अवस्था आउँछ भन्नेमा ११.५% उत्तरदाता रहेका छन् । सबैले निजी विद्यालयमा पढन नसक्ने भएकाले सामुदायिक विद्यालयको महत्त्व छ भन्नेमा १.६% रहेका छन् ।

## ७.२ सामुदायिक विद्यालय र अपेक्षित सुधार

सामुदायिक विद्यालयमा छोरा/छोरी भर्ना नगराएका अभिभावकहरूलाई सामुदायिक विद्यालयप्रति आकर्षित गर्न र विद्यार्थी भर्ना- सङ्ख्या वृद्धि गर्न, अपरिहार्य सुधारका कार्यहरूलाई उत्तरदाताका अनुसार, निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ३५

## उत्तरदाताका अनुसार, सामुदायिक विद्यालयमा गर्नुपर्ने सुधारहरू

| गर्नुपर्ने सुधारहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अभिभावकले भनेजस्तो बनाएमा । | १ | १.६ |
| सबै पक्षहरू समायानुकूल बनाइनुपर्छ । | ३ | ४.९ |
| अङ्ग्रेजी माध्यममा पढाइ गर्नुपर्छ, । | १ | १.६ |
| अङ्ग्रेजी माध्यम, राजनीति हुन नहुने, र योग्य शिक्षक हुनुपर्छ । | १ | १.६ |
| अङग्रेजी माध्यममा पढाइ, राजनीति नहुने, निःशुल्क शिक्षा हटाउने, सक्षम शिक्षकको नियुक्ति गर्नुपर्ने । | १५ | २४.६ |
| राम्रो अनुशासन, असल शिक्षा, शिक्षकले बालबालिकालाई आफ्ना सामुदायिक विद्यालयमा भर्ना गराउनुपर्ने । | १ | १.६ |
| निजी स्कूलमा जस्तै राम्रो एवं गुणस्तरीय पढाइ हुनुपर्ने । | १ | १.६ |
| असल एवं गुाण्स्तरीय शिक्षा । | २ | ३.३ |
| राम्रो विषय र केटाकेटीको जिम्मेवारी लिनुपर्ने । | | |
| अनुशासन र अङ्ग्रेजी राम्रो हुनुपर्ने । | १० | १६.४ |
| राम्रो अङ्ग्रेजी, अनुशासन र कम्प्युटर कक्षाहरू हुनुपर्ने । | १ | १.६ |
| अङ्ग्रेजी, अनुशासन र विषयहरू राम्रो हुनुपर्ने । | १ | १.६ |
| राम्रो वातावरण असल शिक्षक र गुणस्तरीय शिक्षा । | ५ | ८.२ |
| राम्रो पाठ्यक्रम र असल शिक्षक भएमा । | १ | १.६ |
| निजी स्कूलजस्तो शैक्षिक कडाइ हुनुपर्छ । | १ | १.६ |
| निजी स्कूलकोजस्तो प्रणाली बनाएमा । | १ | १.६ |
| निजी स्कूल जस्तै बनाएमा । | १ | १.६ |
| अनुशासन र गृहकार्यलाई कडाइ गरेमा । | ८ | १३.१ |
| दुई किसिमको विद्यालय (सामुदायिक विद्यालय/निजी) नभएमा । | १ | १.६ |
| सबैले सामुदायिक विद्यालयमा पढाउनुपर्छ । | १ | १.६ |
| शिक्षाप्रणाली र शिक्षा गुणस्तरीय भएमा । | १ | १.६ |
| सामुदायिक विद्यालयका शिक्षकले आफ्ना केटाकेटी सामुदायिक विद्यालयमा भर्ना गरेमा । | १ | १.६ |
| जम्मा | ६१ | १०० |

स्रोतः स्थलगत अध्ययन, २००७ ।

तालिका नं. ३४ अनुसार, सर्वाधिक उत्तरदाताहरू २४.६ प्रतिशतले सामुदायिक विद्यालयमा, अङ्ग्रेजी माध्यममा पठाइनुपर्ने, राजनीतिकरण बन्द गरिनुपर्ने निःशुल्क शिक्षा हटाइनुपर्ने, सक्षम शिक्षकको नियुक्तिजस्ता कार्यहरू भएमा, आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गर्न सकिन्छ, भन्ने धारणा व्यक्त गरेको पाइन्छ । अर्कोथरी, १६.४ प्रतिशत (१० जना) उत्तरदाताहरू बालबच्चा, सा.विद्यालयमा भर्ना गराउन तयार भएको बताउँछन् । त्यस्तै १३.१ प्रतिशत उत्तरदाता (अभिभावक) भने, कडा अनुशासन र गृहकार्यलाई जोड दिएमा, बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गराउन उत्सुक देखिन्छन् । अर्कोथरी ८.२ प्रतिशत ( ५ जना) भने, राम्रो वातावरण, अशल शिक्षक र गुणस्तरीय शिक्षालाई, पूर्वसर्तका रूपमा अगाडि सारेको पाइन्छ ।

सारांशमा भन्नुपर्दा, यो वा त्यो, कोणबाट प्राप्त विचार वा शर्तलाई विश्लेषण गर्दा, निजी विद्यालयका आधारभूत विशेषताहरू (अङ्ग्रेजी माध्यम, गुणस्तर आदि) सामुदायिक विद्यालयमा बहाल गर्ने हो भने अभिभावकहरू आफ्ना छोरा/छोरीहरू भर्ना गराउन चाहन्छन् ।

## ७.३ गुणस्तर र त्यसको मापदण्ड

दुई थरी विद्यालयको तात्त्विक अन्तरलाई, गुणस्तरको मापदण्ड कसीका रूपमा अङ्ग्रेजीभाषा माध्यमलाई स्वीकार गरिएको छ । यदि यस अन्तरलाई निराकरण गरिएमा दुई थरी भन्ने कुरा साथसाथै समाप्त हुने कुरामा सन्देह रहन्न । तथापि, सामुदायिक विद्यालयमा निजी स्कूलको गुणस्तर बहाल गर्नुपर्ने कार्यलाई निम्न तालिकाद्वारा स्पष्ट पारिन्छ :

तालिका नं. ३६

निजी विद्यालयको गुणस्तर, सामुदायिक विद्यालयमा प्राप्त गर्न चाल्नुपर्ने कदम

| मापदण्डको नमूना | गणना | विषय |
|---|---|---|
| अङ्ग्रेजी माध्यममा पढाइ गर्नुपर्छ । | ५१ | ८३.६ |

तालिका नं. ३५ बमोजिम सामुदायिक विद्यालयमा, निजी स्कूलको गुणस्तरको कसी मानिएको अङ्ग्रेजी भाषाको पढाइ गर्न सकिएमा सामुदायिक विद्यालय पनि, गुणस्तर युक्त हुन्छ भन्ने ठहर ८३.६ छ ।

# अध्याय आठ

## सारांश, निष्कर्ष र सुझाउ

विभिन्न अध्यायहरूको संरचनाभित्र सीमित रही तयार पारिएको 'सामुदायिक विद्यालयप्रति सरोकारवालाहरूको धारणा' नामक शोधशीर्षकअन्तर्गत १-८ अध्यायमा समावेश समग्र अध्ययनको विषयवस्तुहरूको मन्थन गरी प्राप्त सारभूत तथ्यहरूलाई यथाशक्य अध्यायगत रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनको पहिलो चरणमा, १ देखि ७ सम्मका अध्यायहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ :

**अध्याय १ :** पहिलो अध्यायमा, परिचय शीर्षकअन्तर्गत, समस्याको पहिचान राखिएको छ । जसअनुसार, समस्या के हो ? कसरी उत्पन्न भयो भन्ने बारेमा चर्चा गरिएको छ । फलतः समस्याको चिनारी जनसमक्ष लैजाने प्रयास भएको छ । त्यस्तै अध्ययन के का लागि भन्ने देखाउन, यसका उद्देश्यहरूलाई निम्नानुसार तय गरिएको छ :

१) सामुदायिक विद्यालय र निजी (संस्थागत) विद्यालय प्रतिको जनधारणा पहिचान गर्नु ;

२) सामुदायिक विद्यालयमा विद्यार्थी भर्नासङ्ख्या घट्दै जानुको चुरो (वास्तविकता) पत्ता लगाउनु ;

३) विद्यार्थीसङ्ख्या बढाउन आवश्यक उपायहरूको पहिचान गर्नु ;

अध्ययन किन गर्नुपऱ्यो, यसबाट के उपलब्धि हुन्छ ? यसले समाजमा के योगदान दिन सक्छ ? भन्ने बारेमा अध्ययन केन्द्रित गरिएको छ । अध्ययनजस्तो बृहत् र गहन कार्य असिमित ठाउँमा गर्नु स्वयंममा झन्झटिलो मात्र नभएर साधन, स्रोत र समयका दृष्टिले अव्यवहारिक हुने भएकाले, यसको सीमानिर्धारण गरिएको छ । अध्यायका अन्तमा अध्ययनलाई पूर्णता दिनुपर्दा, प्रयोगमा आएका केही पारिभाषिक शब्दहरूको परिभाषा दिइएको छ ।

**अध्याय २ :** विभिन्न सान्दर्भिक अध्ययनहरू सम्बन्धित साहित्यहरूको समीक्षा गरिएको छ । फलस्वरूप, अध्ययनलाई तार्किक निष्कर्ष र परिणाममा पुऱ्याउन सहयोग र मद्दत पुगोस् भन्ने अभिप्राय राखिएको छ ।

**अध्याय ३ :-** भित्र अध्ययन/अनुसन्धान कसरी गर्ने ? कहाँ गर्ने कहिले गर्ने, समग्रता र नमूना छनोट कति गर्ने ताकि त्यसले जनसङ्ख्याको प्रतिनिधित्व गर्न सकोस् । तथ्याङ्कको स्रोतको पहिचान र प्रकृतिको विश्लेषण गरिएको छ । साथै तथ्याङ्क सङ्कलनका क्रममा उपर्युक्त विधिहरूमध्ये प्रश्नावली विधि, लक्षित समूह छलफल र मुख्य सूचनादाताहरूको अर्न्तवार्ताका माध्यमबाट तथ्याङ्कसङ्कलन तथा एस.पी.एस. एस. विधिबाट विश्लेषण गरी तालिका तथा चित्रबाट प्रस्तुतीकरण गरिएको छ । साथै यथोचित बजेटको बाँडफाँड पर्याप्त समयको साथै अन्वेषणात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ ।

**अध्याय ४:-** अध्ययनक्षेत्रको परिचय शीर्षकअन्तर्गत ऐतिहासिक तथा भौगोलिक, सामाजिक आर्थिक र शैक्षिक पृष्ठभूमिलाई आधार बनाइएको छ । जसमा अध्ययनक्षेत्रको अवस्थिति, क्षेत्रफल यसको पूर्वाधार, अवस्था, आदि समावेश छन् । सामाजिक (जनसाङ्ख्यिक) पृष्ठभूमिअन्तर्गत अध्ययनक्षेत्र चार जातको फूलबारीको राम्रो अनुपम रहेको छ जसमा ब्राह्मणको जनसङ्ख्या सर्वाधिक छ र सङ्ख्यात्मक हिसाबले अन्य जातिहरू कामी, गुरुङ, क्षेत्री, घर्ती, मगर र नेवार पर्दछन् । एकल पारिवारिक ढाँचा बढी मात्रामा रहेको यस क्षेत्रको पारिवारिक ढाँचा, वैवाहिक स्थिति शैक्षिक अवस्था, पेशागत स्थिति, जग्गाजमिनको वितरण आयआर्जन, आदिको स्थितिलाई जातीय, लैङ्गिक आधारमा, विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**अध्याय ५:-** सामुदायिक र निजी (संस्थागत) विद्यालयप्रतिको जनधारणा अध्ययनसमावेश छ । जसअनुसार, अध्ययनक्षेत्रका सम्बन्धित ६१ घरधुरीबाट दुवै विद्यालयसम्मको दूरी, पहुँच, अभिभावकहरूले प्रयोग गर्ने विद्यालय सामुदायिक/निजी) का तुलना दुई विद्यालयप्रतिको उनीहरूको हेराइ, बुझाइ, सोचाइ, रोजाइ र महत्त्व आदिलाई जातिगत आधारमा, अध्ययनविश्लेषण गरिएको छ । सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या घट्दै जानु, निजी विद्यालय आकर्षणको केन्द्र बन्दै जानु यसमा कसको के-कति जिम्मेवारी रहेको छ, सामुदायिक विद्यालयको भविष्य, औचित्य र महत्व आदिका बारेमा उनीहरूका धारणालाई तथ्याङ्कीय आधारमा विश्लेषण गरिएको छ ।

**अध्याय ६** :- अन्तर्गत अध्ययनक्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै जानु त्यसको ठीक विपरीत, निजी स्कूलमा विद्यार्थीसङ्ख्या बढ्दै जानुलाई समुदायको पहल, प्रयास र सहयोगमा स्थापित सामुदायिक विद्यालय जसमा राज्यको लगानी, नियन्त्रण, अनुभवी तालिमप्राप्त शिक्षक सर्वसुलभ, पायक आदि दृष्टिले स्वाभाविक मान्न सकिदैन । हरेक कार्यहरू कारणद्वारा निर्देशित हुन्छन् भन्ने कार्यकारण सम्बन्धको सिद्धान्तलाई आधार मानेर अध्ययनविश्लेषण गर्ने प्रयास गरिएको छ । प्राप्त विविध कारण र असरहरूलाई समेट्ने प्रयत्न गरिएको छ ।

**अध्याय ७:-** मा अध्याय ६ बाट प्राप्त विविध कारणहरूलाई निरूपण गरी विद्यार्थीसङ्ख्या भर्ना/वृद्धि गर्नका लागि सम्भाव्य सबै प्रयास उपाय र रणनीतिहरू जो अभिभावक, मुख्य सूचनादाता, सरोकारवालाबाट प्राप्त भएका छन्, तिनीहरूलाई समेट्ने प्रयास गरिएको छ । वास्तवमा कारणको निरूपण नगरी, असरको निराकरण गर्न असम्भव हुने भएर नै यस अध्यायको आवश्यकता महसुस गरिएको हो । यस अध्यायको भावनालाई आत्मसात गरिएमा सामुदायिक विद्यालयहरूको मौजुदा गुज्रदा अवस्थाको रोकथाम, नियन्त्रण र पुनरुत्थानको मार्ग प्रशस्त हुने देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थीसङ्ख्या वृद्धि गर्न, आवश्यक पर्ने वातावरणको सिर्जना गर्नुपर्दछ । वातावरणले सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताको निर्धारण गर्दछ । यसका लागि, राजनीतिकरण बन्द गर्नुपर्ने, अनुशासन कडा बनाउनुपर्ने अङ्ग्रेजी भाषाको माध्यममा पढाइ गर्नुपर्ने, समयसापेक्ष विषयहरूको पढाइ गर्नुपर्ने, गृहकार्यलाई नियमित र प्रभावकारी बनाउनुपर्ने, योग्यता र क्षमताका आधारमा शिक्षकको नियुक्ति गर्नुपर्ने, शिक्षाको गुणस्तरमा जोड दिनुपर्ने आदिको व्यवस्थापन भएमा, विद्यार्थीसङ्ख्या वृद्धि हुने र पूर्ववत् आकर्षण कायम हुने निश्चित देखिन्छ । साथै निजीकरणको वर्तमान नीतिलाई सङ्कुचन गर्नुपर्ने, एकल पाठ्यक्रम पाठ्यपुस्तक लागू गर्नुपर्ने; अङ्ग्रेजीको वर्तमान निरपेक्ष महत्त्वलाई न्यूनीकरण गर्न सकिएमा सामुदायिक विद्यालयको विकल्पमा निजी विद्यालयको कल्पना गर्न नसकिने र यसको अस्तित्वका विरुद्ध मडारिएको कालो बादल हट्न जाने देखिन्छ ।

समग्रमा "सामुदायिक विद्यालय, सरोकारवालाहरूको धारणा भन्ने प्रस्तुत खोज/अध्ययनका क्रममा गरिएको यो शोधकार्य, जटिल एवं सम्भवतः प्रथम प्रयास भएको हुँदा, कमीकमजोरी भएमा स्वभाविक रूपमा सुधारको अपेक्षा शोधार्थीबाट गरिएको छ । विभिन्न, अध्यायहरूको सार अंशहरूलाई अलग-अलग रूपमा उतार गरी प्रस्तुतीकरण गर्दा भएको प्रयास नितान्त निजी भएकाले त्यही रूपमा लिइदिनुहुन शोधकर्ताको आग्रह छ ।

## ८.२. निष्कर्ष

भलाम गा.वि.स.को वडा नं. ३ लाई, उपयुक्तताका आधारमा अध्ययनक्षेत्र छनोट गरी, 'सामुदायिक विद्यालयप्रति सरोकारवालाहरूको धारणा' मानवशास्त्रीय अध्ययन जटिल र गहन विषय भएकाले, अध्ययनको क्रममा भएका प्रयास, तथ्याङ्क सङ्कलनमा प्रयुक्त औजारको औचित्य र उपयुक्तता अपर्याप्त हुन सक्ला, तथापि, सीमित साधन, स्रोत र समयको, बाबजुद, भए/गरिएको अध्ययनलाई मन्थन गरी सारांशका रूपमा प्राप्त निष्कर्षलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

- विद्यालयस्तरमा छोराछोरी पढाउने अध्ययनक्षेत्रका ६१ अभिभावकहरूमध्येबाट ५ मिनेटको दूरीमा सामुदायिक विद्यालय पुग्न सक्ने घरकुरिया ६३.९% (३९ घर कुरिया) रहेको अध्ययनले देखाएको छ । साथै ६-१५ मिनेटभित्र पुग्न सकिने सामुदायिक विद्यालय ३१.१% र निजी विद्यालय भने ६५.६% (४० कुरिया) पर्दछन् । यसबाट विद्यालयहरू घरबाट नजिक हुनु राम्रो हुन्छ भन्ने मान्यताअनुसार, सामुदायिक विद्यालयहरू निजीस्कूलको दाँजामा अगाडि देखिन्छन् ।
- ६१ घरकुरियाका अभिभावकहरूमध्ये सबभन्दा बढी ४२.६% (२६ कुरिया) ले निजी विद्यालयमा पठाउने गरेको पाइयो । ३७.७% (२३ कुरिया) बाट सामुदायिक विद्यालयमा पढाउन पठाएको भेटियो/बाँकीले दुवैथरीमा पढाएको पाइयो । उत्तरदाताको प्रतिक्रियालाई आधार मानी निकालिएको निष्कर्षअनुसार निजी विद्यालयमा पढाउन पठाउनेहरू धेरै छन् र यो प्रवृत्ति बढ्दो क्रममा रहेको छ । यो प्रवृत्ति यथावत् रहेमा सामुदायिक विद्यालय विस्तारै विद्यार्थीविहीन हुँदै

जाने र अन्तमा सामुदायिक विद्यालयको अस्तित्व समाप्त प्रायः बन्ने निश्चित देखिन्छ । विद्यालय नजिक हुनुपर्छ भन्ने मान्यता समाप्त भएको देखिन्छ ।

- निजी विद्यालय पठाउनेहरूमध्ये, सर्वाधिक ४७.४ प्रतिशत (१८जना) ले पोखरास्थित विभिन्न विद्यालयमा पढन पठाउँछन् । जबकि गाउँको निजी स्कूलमा पढाउने ३६.८% (१२ घरकुरिया) पर्दछन् । यसबाट अभिभावकहरू गुणस्तरलाई महत्त्व दिन्छन् गाउँ र शहरको भेद गर्दैनन् भन्ने निर्क्यौल निकाल्न सकिन्छ ।
- सामुदायिक विद्यालयमा पढाउने ३७.७% (२३ घरकुरिया) आर्थिक अवस्था कमजोर भएकाले, सामुदायिक विद्यालयमा पढन पढाएको देखियो/नजिक र राम्रो भविष्यका लागि सामुदायिक विद्यालयमा पढाउँछु भन्नेमा २.९% (१ जना) मात्र पाइएकाले, आर्थिक कठिनाइको कारणसँग सामुदायिक विद्यालयको सम्बन्ध जोड्न मिल्ने देखिन्छ ।
- राम्रो भविष्यका लागि अभिभावकहरू आफ्ना बालबच्चा निजी स्कूलमा पढ्न पढाउँछन् भन्ने देखिन्छ । उनीहरूको ठम्याइमा राम्रो भविष्यको पर्याय अङ्ग्रेजी भाषाको राम्रो ज्ञान हो भन्ने रहेको पाइन्छ ।
- अधिकांश उत्तरदाता (८८.५%) सामुदायिक विद्यालयको सुधार होस् भन्ने चाहन्छन् त्यसो हुन सकेमा, आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गराउन उत्सुक देखिन्छन् ।
- जातिगत आधारमा हेर्दा निजी स्कूलमा पढाउनेमा ब्राह्मणहरूको बाहुल्य छ, त्यसको कारण उनीहरूको आर्थिक स्तर माथि देखिन्छ । भने अर्कोतर्फ जनसाङ्खिक दृष्टिले पनि उनीहरूको सङ्ख्या बढी छ ।
- “यत्र-यत्र धूम तत्र-तत्र वन्ही”(जहाँ-जहाँ धुवाँ, त्यहाँ-त्यहाँ आगो) भनेझैं हरेक कार्यका पछाडि कारण विद्यमान भएझैं सामुदायिक विद्यालयहरू कम प्रभावकारी हुँदै जानमा, उत्तरदाताका अनुसार, राजनीतिकरण, राज्यको उदासीनता, निजीकरण व्यापारीकरण र विदेशी भाषा (अङ्ग्रेजीको)को बढ्दो प्रभाव आदिलाई औंल्याएको पाइन्छ । सामुदायिक विद्यालयको विकल्प नभएको भन्नेमा बहुसङ्ख्यक उत्तरदाता सहमत देखिन्छन् ।

- सबै अभिभावक/सरोकारवलाहरूले सामुदायिक विद्यालयमा विद्यार्थी घट्दै गएको नभई बढेको तथा फलेफुलेको दृश्य देख्न चाहेको पाइन्छ ।
- गुणस्तर सुधार गरी अङ्ग्रेजी माध्यममा पढाइ भएमा सामुदायिक विद्यालयको औचित्य र आवश्यकताको विकल्प नरहेको भन्ने अध्ययनबाट देखिन्छ ।
- शहरमा केन्द्रित, महङ्गा विद्यालय सर्वसुलभ नभएका र अधिकांश जनता गरिब भएकाले निजी स्कूलको पहुँच कम भएको औंल्याएको पाइन्छ ।
- शिक्षामा निजीकरणको गलत नीति र सरोकारवालाको व्यक्तिवादी चरित्रका कारण सामुदायिक विद्यालयहरूको प्रगतिमा नकरात्मक असर परेको औंल्याएको पाइन्छ ।
- अभिभावकहरू उमेर, आर्थिक कठिनाइ, अङ्ग्रेजीको जग बसाउने इज्जत, प्रतिष्ठा आदि विभिन्न आकाङ्क्षाका कारण निजी विद्यालयमा विद्यार्थीहरू भर्ना गराउँछन्, भन्ने देखिन्छ ।
- सबैका लागि शिक्षाको अवसर प्राप्त, सर्वसुभ, सर्वव्यापी, स्थापित, सरकारी दायित्व प्राप्त भएका सामुदायिक विद्यालयहरू महङ्गा र धनवान्हरूको पहुँचमा भएका निजी विद्यालयहरूभन्दा बढी महत्त्वपूर्ण र आवश्यक छन् भन्ने उत्तरदाताहरूको निर्क्यौल रहेको पाइन्छ ।
- सामुदायिक विद्यायहरूको विद्यमान गुज्रँदो अवस्थाबाट माथि उठाउन गर्नुपर्ने सुधारहरू र उपायहरूलाई उत्तरदाताहरूले निम्नानुसार औंल्याएको पाइन्छ ।
  - अभिभावकहरूको सरसल्लाह लिनुपर्ने स
  - उनीहरूले भने जस्तो गर्नुपर्ने स
  - पठनपाठनको माध्यम अङ्ग्रेजी बनाइनुपर्ने;
  - व्याप्त राजनीतिकरणको अन्त्य गर्नुपर्ने ;
  - आफ्नो मान्छे नभई योग्य मान्छे शिक्षक बनाइनुपर्ने ;
  - निःशुल्क शिक्षा (कक्षा आठसम्म) हटाइनुपर्ने ;
  - अनुशासनलाई सशक्त बनाइनुपर्ने ;
  - सामुदायिक विद्यालयमा पढाउने शिक्षक र सरोकारवालाले आफ्नो बालबच्चा सामुदायिक विद्यालयमा नै पढाउनुपर्ने ;

- परम्परागत विषयको ठाउँमा कम्प्युटरजस्ता रोजगारमूलकजस्ता विषयहरू पठाउनुपर्ने ;
- समय सापेक्ष पाठ्यक्रम निर्धारण र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने ;
- गृहकार्यलाई प्रभावकारी बनाइनुपर्ने ;
- गुणस्तरीय शिक्षाको लागि वातावरण राम्रो बनाउनुपर्ने ;
- सामुदायिक विद्यालयप्रति विश्वासको वातावरण सिर्जना गर्नुपर्ने ।

समग्रमा अभिभावकहरू सामुदायिक विद्यालयको सुधार चाहन्छन् खारेजी होइन । गर्नुपर्ने सुधार अरूबाट नभई आफूबाट सुरु हुनुपर्ने तत्त्वज्ञान दिलाउनुपर्ने देखिन्छ । यसका लागि विश्वासको पुनर्बहाली गराउनुपर्दछ । सामुदायिक विद्यालयमा भएगरेका कमीकमजोरी हटाई अपेक्षित सुधार गर्नुपर्छ “जो उनीहरूले औंल्याएका छन् । निजी स्कूल उनीहरूको रोजाइ र चाहना नभई सामुदायिक विद्यालयमा देखिएको गुणस्तर ह्रासबाट उत्पन्न बाध्यता भएको देखिन्छ ।

## ८.३ सुझाउहरू

अध्ययन/खोज, स्वयंमा जटिल विषय हो । यसको गहिराइको सीमा अनन्त छ । त्यसमा पनि विषयअनुसार कमबेशी हुनु स्वभाविकै हो । जहाँसम्म विद्यालय (सामुदायिक विद्यालय/निजी) सम्बन्धी सरोकारवालको धारणा बुझ्न झनै गहन मानिन्छ ।

यसै अध्ययनका क्रममा पाइएका केही विद्यालयसम्बन्धी कमीकमजोरीहरूको निराकरण आवश्यक देखिन्छ । तसर्थ उनीहरूका सुझाउलाई बुँदागत रूपमा निम्नानुसार समेट्ने जमर्को गरिएको छ :

१. शिक्षा प्रदान गर्ने/गराउने संयन्त्र (विद्यालय)हरू दुई थरी (सरकारी / निजी) हुनु नै समस्याको कारण मानिन्छ । जहाँ दुई, त्यहाँ द्वन्द्व,. झगडा, अस्वस्थ प्रतिस्पर्धा स्वाभाविक रूपमा हुन्छन् । शास्त्र वचन छ -‘द्वितीयाद्वै भयं भवति’ -जहाँ दुई हुन्छ त्यहाँ भय/डर हुन्छ ) अतः देशमा व्याप्त दुई थरी शिक्षा हटाएर एकै किसिमको राष्ट्रिय शिक्षानीति बनाइएमा (पूर्ववत्) हाल विद्यमान, समस्या निराकरण हुने, राज्यको शिक्षामा भएको लागानी सार्थक हुने, अभिभावकहरूमा,

खाऊँ भने दिनभरिको शिकार, नखाऊँ भने कान्छा बाउको अनुहार" को विद्यमान द्विविधाजनक स्थितिको अन्त्य हुने देखिन्छ ।

२. राज्यको सर्वाधिक लगानी भएको शिक्षाक्षेत्रको वर्तमान "लथालिङ्ग देशको भताभुङ्ग चाला, जसले जे पाउँछ त्यै खाला" को अवस्था आउन नदिन अनिवार्य मात्र होइन अपरिहार्य भइसकेको देखिन्छ । राज्य यस मानेमा निस्प्रभावी, अदूर दर्शी मूकदर्शक एवं उदासीन रहिआएको छ । नियन्त्रण गुमाएको अवस्था छ । जसले जे चाह्यो, माग्यो दिन बाध्य छ सरकार । आवश्यकताका आधारमा विद्यालयको स्वीकृति /अनुमति प्रदान गर्ने क्षमता शैक्षिक प्रशासनले गुमाएको देखिन्छ जसको पुनर्वहाली नितान्त आवश्यक छ ।

३. गरिबीका कारण राज्य हात थाप्न विवश छ । राज्यको यस कमजोरीको नाजायज फाइदा उठाएर दाता/दातृराष्ट्रहरूले आफ्नो लागि आवश्यक शिक्षानीतिको निर्धारण हेतु गरिने परीक्षण नेपालको शिक्षानीतिबाट गराउदै आएको पाइन्छ । देशको आफ्नो राष्ट्रिय शिक्षानीतिको अभाव अद्यापि विद्यमान छ । जसको निराकरण यथाशीघ्र गर्नुपर्ने देखिन्छ ।

४. निःशुल्क शिक्षा हटाउनुपर्ने देखिन्छ यद्यपि यो धेरैलाई तीतो लाग्न सक्छ । किनभने औषधी पनि त तीतो/टर्रो हुन्छ । तथापि सेवन गर्नुपर्ने हुन्छ । जहिलेबाट निःशुल्क शिक्षा लागू भयो तहिलेबाट सामुदायिक विद्यालयको गुणस्तर ह्रास भएको पाइन्छ । अतः राज्यले निःशुल्क शिक्षाको अव्यावहारिक नीति बन्द गर्नुपर्ने देखिन्छ ।

५. देशमा दोहोरिएर, बहुदलीय शासनपद्धति वहाली भएपछि शिक्षाक्षेत्रमा राजनीतिकरण हावी भएको, कारण शैक्षिक गुणस्तर गुणात्मकरूपले ह्रास भएकाले, शिक्षालाई राजनीतिकरणबाट उन्मुक्त बनाउनुपर्ने देखिन्छ ।

६. अन्धाधुन्ध तरिकाले दिइँदै आएको निजी स्कूल खोल्ने अनुमति/स्वीकृतिलाई नियन्त्रण गरी, सामुदायिक विद्यालयलाई असर नपर्ने गरी, आवश्यकताको सिद्धान्तअनुसार स्वीकृति दिनुपर्ने नीति अख्तियार गरिनुपर्ने देखिन्छ ।

७. नेपाली भाषा र संस्कृतिलाई उत्थान गर्न, विद्यमान अङ्ग्रेजी भाषा र विदेशी संस्कृतिको बेरोकतोट प्रसार र महत्त्वमाथि नियन्त्रण गर्नु जरुरी देखिन्छ । अन्यथा

नेपाली पहिचान र अस्तित्व संस्कृति लोप हुने/हुनसक्ने खतरालाई ध्यानमा राखी सामुदायिक विद्यालयमा अङ्ग्रेजी विषयको पढाइलाई जोड दिनुपर्ने शिक्षानीति राज्यको तर्फबाट जारी गरिनुपर्ने देखिन्छ ।

८. सामुदायिक विद्यालयको उत्थान राज्यका लागि प्रमुख चुनौती भएकाले, यसको सामना गर्न प्रभावकारी उपायहरूको अवलम्बन निम्नानुसार गर्नुपर्ने देखिन्छ :

(क) सरकारी शिक्षा सेवा (प्रशासन/विद्यालय)मा काम गर्ने, प्रत्येक व्यक्तिले/शिक्षकले आफ्ना छोरा-छोरी अन्य स्कूलमा पढाउन नपाउने भएमा सामुदायिक विद्यालयको अवस्थामा सुधार ल्याउन मद्दत पुग्ने देखिन्छ ।

(ख) निजी स्कूललाई विद्यमान मनपरी ढङ्गले पाठ्यपुस्तक/पाठ्यक्रम लागू गर्न रोक्नु आवश्यक देखिन्छ ।

(ग) सरकारी सेवा र अवसरमा सामुदायिक विद्यालयको उत्पादनलाई समानुपातिक रूपमा कोटा छुट्याउने व्यवस्था भएमा राम्रो हुने देखिन्छ ।

(घ) शिक्षकहरूलाई पार्टी राजनीतिक गतिविधिमा लाग्न नहुने विद्यमान नियमको कडा पालना गर्न गराउनुपर्ने देखिन्छ ।

(ङ) शिक्षक र शिक्षण पेशालाई, उपेक्षा भावले हेरिने विद्यमान संस्कृतिको अन्त्य गरी आकर्षक पेशाको रूपमा रूपान्तरणतर्फ राज्यको ध्यान जानसके राम्रो हुनेछ ।

(च) रोजगारको लागि विदेशी मजदुर उत्पादन गर्ने वर्तमान प्रमाणपत्र धारी कोरा शिक्षाको अन्त्य गरी स्वदेशमै रोजगार प्राप्त गर्न सक्ने व्यावसायिक शिक्षा, नयाँ नेपालको पहिचान हुनुपर्दछ । ताकि विदेशमा रोजगार गर्न अङ्ग्रेजी भाषाको आवश्यकता नपरोस् ।

(छ) सार्वजनिक विद्यालयहरूमा गरिने निरीक्षणप्रणाली प्रभावकारी हुन नसकेको ।

(ज) शिक्षकहरूमा पुरस्कार र दण्डको प्रणाली विवेकताका साथ लागू गर्नुपर्ने ।

# सन्दर्भ-ग्रन्थ सूची


अधिकारी, डिपी (२००४), *बुटबल नगरपालिकाका सामुदायिक तथा संस्थागत उपलब्धिको तुलनात्मक अध्ययन* , अप्रकाशित सोध ग्रन्थ, स्नातकोत्तर तह शिक्षा शास्त्र संकाय, त्रि.वि. किर्तीपुर ।

अन्तराष्ट्रिय मञ्च (२०६२), *नेपाल सम्बन्धी वार्षिक अंक,* वैशाख पूर्णाङ्क १९३० ।

अधिकारी, यज्ञप्रसाद (२०५७): *सामाजिक न्याय नेपालको सन्दर्भ,* प्रजातन्त्र सम्बर्धन केन्द्र काठमाण्डौ ।

*एजुकेशनल इपेज संवाददाता* (२०६५ असार) वर्ष ६, भोलुम -४, डिल्लीबजार काठमाण्डौ एजुकेशनल पेजेज् (पाक्षीक) परिवार ।

काफ्ले इश्वरीप्रसाद (२०६०), काठमाण्डौ जिल्लाको सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा ८ को जिल्लास्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन, अप्रकाशित शोधग्रन्थ, स्नातकोत्तर तह, शिक्षाशास्त्र संकाय किर्तिपुर ।

*कास्की जिल्ला एक चिनारी* (२०६२) जि.वि.स.को कार्यालय, कास्की, सूचना तथा अभिलेख केन्द्र ।

*कास्की शैक्षिक दर्पण* २०६१ र २०६३, जिल्ला शिक्षा कार्यालय पोखरा, सिग्देल मुद्रणालय, कुँडहर ।

गा.वि.स. कार्यालय भलाम (२०५७), *वस्तुगत विवरण,* भलाम गा.वि.स., भलाम ।

छन्त्याल, थमप्रसाद (२०६०) *विद्यालय तहमा वर्तान सुपरिवेक्षण व्यवस्थाको विश्लेषण"* त्रि.वि. काठमाडौं, अप्रकाशित शोध ग्रन्थ स्नातकोत्तर तह, शिक्षा शास्त्र संकाय महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

जोशी, डा कमलकृष्ण (२०६२-२४-२५आषाढ), *शैक्षिक विकासमा राज्य निजी क्षेत्र र समुदायको भूमिका,* पोखरा जर्जजोन शिक्षा प्रतिष्ठानको शैक्षिक कार्यशाला गोष्ठिमा प्रस्तुत कार्यपत्र ।

नेपाल, अरुण (२०६२) *हाम्रो सम्पदा: नेपालमा शिक्षा विगत र वर्तमान,* अनामनगर, काठमाण्डौ, इन्द्रेणी अफसेट प्रेस ।

बराल, शिवजी (२०६३), *भरतपोखरी गा.वि.स.मा व्यवसायिक गोलभेंडा खेती सम्बन्धि समाजशास्त्रीय अध्ययन।*

भट्टराई टिका (२०६३), *जनमुखि शिक्षा सरोकार मञ्च,* वर्ष ८, अंक १६ स्कूले शिक्षा निजीकरणका दुष्प्रभाव कम गर्ने एक उपाय, कुपण्डोल ललितपुर शिक्षा समूहको सामयिक जर्नल ।

भागवत गीता अध्याय ४ श्लोक १३ गोरखपुर गीताप्रेस ।

मञ्जन, विनोद (२०६२): *शिक्षामा निजीकरण यसको समाजमा असर,* हाम्रो सम्पदा पृ. १०४-१०५, वर्ष ५, अंक २०६२, राष्ट्रिय मासिक, अनामनगर काठमाण्डौ, इन्द्रेणी अफसेट प्रेस ।

राष्ट्रिय जनगणना (२००१), *शिक्षा आधारभुत शैक्षिक तथ्याङ्क,* कास्की, तथ्याङ्क शाखा, पोखरा उप-महानगरपालिका ।

सुवेदी, नारायणप्रसाद (२०६१:पृ.११-१७), *कास्की शैक्षिक दर्पण, पोखरा, सबैका लागि शिक्षा, शिक्षा विकासको नयाँ अभियान,* जिल्ला शिक्षा कार्यालय ।

शर्मा गोपिनाथ (२०४९: पृ२२५-२२६) *शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाण्डौ, मकालु बुक्स एण्ड स्टोर्स ।

शर्मा, गोपीनाथ (२०६०): *नेपालमा शिक्षाको इतिहास,* भाग -२, पृ.१-५, काठमाण्डौ, मकालु बुक्स एण्ड स्टेसनर्स ।

शर्मा, गोपीनाथ (२०४९): *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौ, मकालु बुक्स एण्ड स्टेसनर्स ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझि (२०२१), *मानवशास्त्र र समाजशास्त्रको परिचय:४७४-४७५,* बागबजार काठमाडौं, एशिया पब्लिकेशन, कञ्चन प्रिण्टिङ्ग प्रेस ।

# अनुसुची - १

## (प्रश्नावली)

## सामुदायिक विद्यालय र निजी विद्यालयप्रति सरोकारवालाको धारणाः मानवशास्त्रीय अध्ययन

## अन्तरवार्ता अनुसूची

मितिः-
नमूना नम्बरः-

१. उत्तरदातासम्बन्धी सामान्य जानकारीः-

(क) उत्तरदाताको नामः-

(ख) लिङ्गः १. पुरुषः २. महिला

(ग) धर्मः १. हिन्दु २. बौद्ध ३. क्रिश्चियन ४. अन्य

(घ) परिवार (किसिम): १. एकल २. संयुक्त ३. अन्यः ........................

(ङ) मातृभाषाः १. गुरुङ २. मगर ३. खस ४. अन्य .............................

(च) वैवाहिक स्थितिः १. विवाहित २. अविवाहित ३. अन्यः ......................

(छ) उत्तरदाताको पेशाः ..................(ज) उत्तरदाताको जातीयताः ................ (ञ) उमेर (उत्तरदाताको) ..........

२. परिवारका सदस्यहरूको केही विवरण दिनुहुन्छ कि?

| सि.नं. | नाम | उत्तरदातासँगको सम्बन्ध (क) | लिङ्ग (ख) | उमेर (ग) | स्कूल/कलेज पढ्दै गरेको/नगरेको (घ) | शिक्षा (ङ) | वैवाहिक स्थिति (च) | मुख्य पेशा (छ) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

निर्देशनः: माथिका क, ख, ग, घ, ङ, च, छ, र ज लहरमा निम्नानुसार भर्ने

उत्तरदातासँगको सम्बन्ध

(क) घरमूली .........१, श्रीमान्/श्रीमती ........२ छोरा/छोरी ......३, बुहारी .....४, नाति/नातिनी .......५, बुवा/मुमा ...... ६, सासू /ससुरा ..... ७, दाजुभाइ /दिदीबहिनी ....८, भतिजा / भतिजी .....९, अन्य .......१०

लिङ्ग (ख) पुरुष .........१, महिला .........२

स्कूल /कलेज पढ्दै गरेको /नगरेको

(घ): पढ्दै गरेको ……………१, नगरेको ……..२

शिक्षा (ङ): निरक्षर …………………, अनौपचारिक शिक्षा …………..१, प्रा.वि……………२, निम्न माध्यमिक ………… ३, माध्यमिक ……….४, कीाऋ, ………..५ आई.ए. वा सोभन्दा माथि ………..६ ।

वैवाहिक स्थिति: (च) अविवाहित ……..१, विवाहित …….२, अन्य …………….३

मुख्य पेशा (५): कृषि ……….१, सरकारी/ निजी नोकरी ……….२, व्यापार ………..३

उद्योग ………४, ज्याला मजदुरी ……….५, सेवानिवृत्त ……….. ६, विद्यार्थी ………. ७, लाहुरे ………… ८, वैदेशिक रोजगार ……… ९, गृहिणी १०, अन्य ……….. ११।

३.व्यक्तिगत पशनावली :

<table>
<tr><td>सि. नं.</td><td>प्रश्न</td><td colspan="3">उत्तरहरू</td><td>जाने</td></tr>
<tr><td>१.</td><td>के तपाईं लेख्न पढ्न सक्नुहुन्छ ?</td><td colspan="3">१. सक्छु २. सक्दिन</td><td>३</td></tr>
<tr><td>२</td><td>कति कक्षा पास गर्नुभएको छ?</td><td colspan="3">१. निरक्षर २. साक्षर<br>३. माध्यमिक ४. आई. ए. /+ २<br>५. स्नातक</td><td>७</td></tr>
<tr><td>३</td><td>तपाईंको परिवारको आयस्रोत के हो? (बहुउत्तर आउन सक्ने)</td><td colspan="3">१. कृषि २. ज्यालामजदुरी ३. व्यापार<br>४. नोकरी ५. घरभाडा ६. पेन्सन<br>७. वैदेशिक रोजगार ८. अन्य</td><td></td></tr>
<tr><td>४</td><td>सरदर मासिक आम्दानी कति हुन्छ ?</td><td colspan="3">१. ५००।-सम्म २.रु.५००१-१०,०००।- सम्म<br>३. रु. १०,०००१- २०,०००।-सम्म<br>३. २०,०००१-५०,०००।-सम्म<br>५. ५०,०००।- भन्दा माथि</td><td></td></tr>
<tr><td rowspan="9">५</td><td rowspan="9">तपाईंले मासिक रूपमा निम्न वस्तुमा कति जति खर्च गर्नुहुन्छ ?</td><td>वस्तुहरू</td><td colspan="3">खर्च (ने.रु.)</td></tr>
<tr><td></td><td>रु.१०,००० सम्म</td><td colspan="2">रु.१०,००१ देखि माथि</td></tr>
<tr><td>१. खाना</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>२. कपडा</td><td>रु.</td><td colspan="2">रु.</td></tr>
<tr><td>३. स्वास्थ्य</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>४. शिक्षा</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>५. मनोरञ्जन</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>६.चाडपर्व</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>७.अन्य</td><td>रु</td><td colspan="2">रु</td></tr>
<tr><td>६</td><td>यो घर तपाईंको आफ्नै हो कि ?</td><td colspan="3">१. आफ्नै घर २. भाडाको घर ३. नातेदारको घर<br>४. अन्य</td><td></td></tr>
<tr><td>७</td><td>घरको किसिम र सामान्य विवरण ? (उल्लेख गर्ने)</td><td colspan="3"></td><td></td></tr>
<tr><td>८</td><td>तपाईंको घरभन्दा बाहेक अरु जमिन छ ?</td><td colspan="3">१. छ २ छैन</td><td>१०</td></tr>
<tr><td>९</td><td>यदि छ भने कस्तो प्रकारको जमिन छ ?<br>(एकभन्दा धेरै घर भएमा अन्यमा जानकारी गराउने)</td><td colspan="3">१. घडेरी २. खेत ३. बारी<br>४. अन्य</td><td></td></tr>
<tr><td>१०</td><td>तपाईंको घरमा कुनै सवारी साधन छन्?</td><td colspan="3">१. छ २. छैन</td><td>१२</td></tr>
<tr><td>११</td><td>यदि छन् भने कस्ता साधन छन्?<br>(बहुउत्तर आउन सक्ने)</td><td colspan="3">१. साइकल २. मोटरसाइकल ३. कार<br>४. ट्याक्सी ५. बस ६. ट्रक<br>७. अन्य</td><td></td></tr>
<tr><td>१२</td><td>के तपाईंको घरमा छुट्टै किचन छ ?</td><td colspan="3">१. छ २. छैन</td><td></td></tr>
<tr><td>१३</td><td>तपाईंको घरमा यीमध्ये के-के सामग्रीहरू छन् ?<br>(बहुउत्तर आउन सक्ने)</td><td colspan="3">१. राइस कुकर २. हिटर ३. फ्रिज<br>४. ग्यास ५. सोलार ६. डाइनिङ्ग टेबल</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ७. कम्प्युटर ८. सी.डी/भी.सी.डी<br>९. टेलिफोन १०. अन्य | |
| १४ | तपाईंका कति छोरा/छोरीहरू स्कुल जान्छन् ? | १. छोरा २. छोरी ३. जम्मा | |
| १५ | स्कुल जाने उमेरका छोरा छोरीहरूको सङ्ख्या कति छ? | १. छोरा २. छोरी ३. जम्मा | छ |
| १६ | पूर्वप्राथमिक कक्षा पढ्ने छोराछोरी पनि छन् कि ? ( भएमा मात्र) | १. छोरा २. छोरी ३. जम्मा ४. छैनन् | १६ |
| १६. | स्कुल जाने उमेर भएर पनि, स्कूल नगएका छोरा छोरीको सङ्ख्या कति छ ? | १. छोरा २. छोरी<br>३. जम्मा ४. छैनन् | १८ |
| १७. | यदि भएमा, स्कूल नजानु वा नपढाउनुको कारण के होला ? (बहुउत्तर आउन सक्ने) | १. स्कुल टाढा भएर<br>२. स्कुल पढाउने हैसियत नभएर<br>३.घरको काम काज गर्नुपर्ने भएकाले<br>४. अन्य (भए उल्लेख गर्नुहोस्) ........................ | |
| १८ | प्रा.वि. तहमा पढ्ने छोराछोरीको सङ्ख्या कति छ ? | १. छोरा २. छोरी ३. जम्मा | |
| १९. | नि.मा.वि. तहमा पढ्ने छोराछोरीको सङ्ख्या कति छ ? | १. छोरा २. छोरी ३. जम्मा | |
| २०. | क्याम्पस/कलेज (उच्च शिक्षा) पढ्ने छोरा छोरीको सङ्ख्या कति छ ? (कक्षा माथि) | १. छोरा २. छोरी ३. जम्मा | |
| २१. | पढ्दापढ्दै बीचैमा छोड्ने छोराछोरी पनि छन् कि? | १. छन् २. छैनन् | २३ |
| २२. | यदि भएमा त्यसो हुनाको कारण केके हुन्? | ....................................................................<br>.................................................................... | |
| २३. | तपाईंको घरको पहुँचमा पर्ने विद्यालयहरू कुन-कुन छन्? | १. सामुदायिक २. निजी ३. दुवै | |
| २४. | कुनचाँहि विद्यालय नजिक छ ? | १. सामुदायिक २. निजी | |
| २५. | कुनचाँहि विद्यालयमा बालबच्चा पढ्न पठाउनुहुन्छ ? | १. सामुदायिक २. निजी ३. दुवैमा ३. विदेशमा | |
| २६. | सामुदायिक विद्यालयमा पढाउनुहुन्छ भने त्यसको कारण के हो ? (बहुउत्तर आउन सक्ने) | १. नजिक भएर २. आर्थिक स्थिति कमजोर भएर<br>३. आफूले पनि त्यस्तै विद्यालयमा पढेकाले<br>४. अन्य भए : .................................. | |
| २७. | निजी स्कूलमा पढाउनुहुन्छ भने, त्यसका हुनको कारणहरु के-के हुन्? | १. नजिक भएर २. पढाइ राम्रो भएर<br>३. राम्रो भविष्यका लागि<br>४. इज्जत बचाउनका लागि<br>५. अन्य कारण भए ...................... | |
| २८. | यदि दुवै विद्यालयमा बालबच्चा पढाउनुहुन्छ भने छोरालाई कुन विद्यालयमा पढ्न पठाउनुहुन्छ ? | १. निजी विद्यालय २. सामुदायिक विद्यालय | |
| २९. | अलग-अलग विद्यालयमा पढाउनाको कारण के हो? (बहुउत्तर आउन सक्ने) | १. दुवै विद्यालय प्रतिको सद्भाव<br>२.. खर्चले धान्न नसकेर<br>३. छोराछोरीमा समानता नभएर<br>४. अन्य: ................................. | |
| ३०. | छोरीलाई मात्र सामुदायिक विद्यालयमा पढाउनुपर्ने कारण के हो त ? | १. अर्काको नासो भएकाले<br>२. कमाइको स्तर कम भएकाले<br>३. प्रतिफल नपाइने भएर<br>४. अन्य: | |
| ३१. | सामुदायिक विद्यालयलाई छोरी पढ्ने स्कूल वा गरिबहरूको स्कुल भन्ने तर्कसँग सहमत हुनुहुन्छ ? | १. छु २. छैन | ३३ |
| ३२. | सहमत, हुनुहुन्न भने कारण के हो त ? | १. नेपाली मात्रको स्कुल हो<br>२. राज्यको जिम्मेवारी प्राप्त स्कूल हो<br>३. सम्पूर्णको पहुँच भएको स्कुल हो ।<br>४. अन्य भए ......................................... | |
| ३३. | वितेको ५० को दशकयता, सामुदायिक विद्यालयमा. बिद्यार्थीसङ्ख्या/भर्ना घट्दै जानाको कारण के होला? | १. नेपाली भाषाप्रतिको वितृष्णा<br>२. अङ्ग्रेजीभाषाको आकर्षण<br>३. गुणस्तरमा आएको ह्रास<br>४. गलत शिक्षा नीतिको कारण | |

| | | | |
|---|---|---|---|
| ३४. | यस प्रवृत्तिलाई रोक्न आवश्यक ठान्नुहुन्छ ? | १. ठान्दछु २. ठान्दिन | ३७ |
| ३५. | यदि ठान्नुहुन्छ भने कारण के होला | १. सबैको पहुँच भएकाले<br>२. राज्यको लगानी भएकाले<br>३. कम खर्चिलो भएकोले<br>४. म पनि त्यस्तै विद्यालयमा पढेकाले<br>५. अन्यः ........................................ | |
| ३६. | उसोभए भर्ना / सङ्ख्या वृद्धि गर्न के गर्नुपर्ला ? | १. अङ्ग्रेजी माध्यममा पढाउनु पर्दछ<br>२. गुणस्तरीय कायम गर्नुपर्छ<br>३. प्रोत्साहन दिनुपर्छ<br>४.पाठ्यक्रमलाई समय सापेक्ष व्यावहारिक एवं व्यवस्थित बनाउनपर्छ<br>५. अन्य | |
| ३७. | मौजुदा प्रवृत्ति नरोकिएमा सामुदायिक विद्यालय को अस्तित्व रहन सक्ला ? | १. सक्छु २. सक्दैन | |
| ३८. | यदि सक्दैन भने सामुदायिक विद्यालय को विकल्प के निजी स्कूल हुन सक्छ ? | १. सक्छ २. सक्दैन | |
| ३९. | यदि सक्छ भने, उपायहरू के के हुन् ? | ...............................................................<br>............................................................... | |
| ४०. | सक्दैन भने सामुदायिक विद्यालयको पनुरुत्थान कसरी गर्ने त ? उपायहरू बताउनुहोस् (बहुउत्तर आउन सक्ने) | १. आधारभूत शिक्षाको (१-८) जिम्मेवारी राज्यले दिए<br>२. निजी विद्यालयलाई राष्ट्रियकरण गरेर<br>३. जागिरमा आरक्षण गरेर<br>४. राजनीतिकरण बन्द गरेर<br>५. अन्य ........................................................ | |
| ४१. | सामुदायिक विद्यालयको वर्तमान अवस्था आउनमा कसको दोष देख्नु हुन्छ ? (बहुउत्तर आउन सक्ने) | १. सरकारको २. सरोकारवालाको<br>३. दातृ राष्ट्र/संस्थाको ४. अन्य ...................... | |
| ४२. | सरकारको दोष मान्नुहुन्छ भने त्यसको हल के देख्नु भएको छ ? | १. निजीकरण बन्द गर्नुपर्ने<br>२. आवश्यक मात्रामा सामुदायिक विद्यालयको स्वीकृति<br>३. प्रयाप्त बजेट विनियोजन गर्नुपर्ने<br>४. शिक्षाको राष्ट्रिय मूल नीति बनाउनुपर्ने<br>५. शिक्षण पेशालाई मर्यादित र आर्कषक बनाउन<br>६. राजनीतिकरण मुक्त पारिनुपर्ने ।<br>७. अन्य ....................................... | |
| ४३. | यदि सरोकारवालाको दोष छ भन्ने मान्नुहुन्छ भने उनीहरूले गर्नुपर्ने के हो ? | १. आफ्ना छोराछोरीलाई पनि सामुदायिक विद्यालयमा पढाउनुपर्ने<br>२. निरीक्षण, आगमन, सम्पर्क, सल्लाह गर्ने<br>३. सामुदायिक विद्यालयप्रतिको अपनत्व जीवन्त राख्ने<br>४. अन्य | |
| ४४ . | दातृ राष्ट्र वा निकाएको दोष भए सोबाट कसरी मुक्त बनाउने छ ? | १. सहयोग कसरी भित्र्याउने भन्ने भावना हटाएर<br>२. आफ्नो नीति र कार्यक्रम लागू गरेर<br>३. उनीहरूको निःस्वार्थ सहयोग लिएर<br>४. अन्य ............................................ | |
| ४५. | निजी विद्यालयप्रतिको वर्तमान आकर्षणलाई यहाँले कसरी मूल्याङ्कन गर्नुभएको छ ? | १. उज्ज्वल भविष्य २. फेशन<br>३. यथार्थ व्यवहार ४. विदेशमुखी चरित्र<br>५. समयको माग ६. राष्ट्रिय आवश्यकता<br>७. सांस्कृतिक विचलन ८. अंग्रेजीकरण<br>९. सरकारको गैह्रजिम्मेवारी पन<br>१०. अन्य अभिभावकको पूर्ण सहयोग | |
| ४६. | निजी विद्यालयप्रतिको आकर्षणमा स्थायित्व देख्नुहुन्छ ? | १. देख्दछु २. देख्दिन | |
| ४७. | यदि देख्नुहुन्छ भने किन ? यदि देख्नुहुन्न भने कसरी ? | ....................................................................<br>.................................................................... | |
| ४८ | सामुदायिक विद्यालयको गुणस्तर कायम गर्न केके गर्नु | १. राजनीतिकरण पूर्णतः बन्द गर्नुपर्छ | |

| | | | | |
|---|---|---|---|---|
| . | पर्ला भन्ने ठान्नुहुन्छ ? | २. शिक्षकको नियुक्ति निष्पपक्ष रूपमा योग्यता<br>३. जनमुखी शिक्षा नीति लागू गर्नुपर्छ<br>४. प्रभावकारी अनुगमन निरीक्षण गर्नुपर्छ<br>५. यसको उत्पादनलाई आरक्षण गर्नुपर्छ<br>६. शिक्षण पेशा आकर्षक बनाउनुपर्छ<br>७. अन्य: ................................................... | | |
| ४९. | तलका भनाइहरूप्रति यहाँको धारणा कस्तो रहेको छ ?<br>(क) सामुदायिक विद्यालयको गुणस्तर कायम गरी पूर्ववत् आकर्षण कायम गर्न शिक्षामा हावी भएको राजनीतिकरण पूर्णत बन्द गर्नुपर्छ ?<br>(ख) शिक्षकको नियुक्ति योग्यता र क्षमताको आधारमा गर्नुपर्छ ।<br>(ग) दिगो र जनमुखी शिक्षानीति लागु गर्नुपर्छ ।<br>(घ) शिक्षाप्रणाली एउटै किसिमको हुनुपर्छ ?<br>(ङ) निजी विद्यालयको स्वीकृति बन्द गरी, भएका स्कूल -निजी)लाई क्रमशः राष्ट्रिकरण गर्नुपर्छ ?<br>(च) पठनपाठनको माध्यम अङ्ग्रेजी बनाइनुपर्छ ।<br>(छ) निःशुल्क शिक्षा खारेज गर्नुपर्छ ।<br>(ज) सामुदायिक विद्यालयको उत्पादनलाई सरकारी नोकरीसमेतका अवसरमा सिट आरक्षण गरिनुपर्दछ/प्रोत्साहन गरिनुपर्दछ ।<br>(ञ) शिक्षण पेशा आकर्षक बनाइनुपर्छ ।<br>(ट) प्रभावकारी अनुगमन निरिक्षणको परिपाटी कडाइका साथ लागु गरिनु पर्छ ।<br>(ठ) बदलिएको परिस्थिति मुताविक शिक्षाको प्रणालीको पुनसंरचना गर्नुपर्दछ ।<br>(ड) मन्त्री मात्रको परिवर्तनले हुने गरेको ऐननियम परिवर्तनको मौजुदा श्रृङ्खला बन्द गरी सरकारको परिवर्तन पनि अपरिवर्तनीय हुनुपर्दछ ।<br>(ढ) अस्थायी शिक्षक भर्ना गर्नुहुँदैन र भएका अस्थायीलाई स्वतः स्थायी वा आन्तरिक प्रतिस्पर्धाबाट नभई खुला प्रतिस्पर्धाबाट मात्र स्थायी गर्नुपर्छ / अन्यथा अस्थायी शिक्षकलाई हटाउनुपर्छ ।<br>(ण) शिक्षा ऐननियमको कडाइका साथ पालना गर्नुपर्दछ ।<br>(त) शिक्षा ऐन/नियम/प्रणालीको निर्धारण जनताको आवश्यकतासँग प्रत्यक्ष सम्बन्धित हुनुपर्छ नकि केन्द्रदायी वा निकायको इशाराअनुसार शिक्षकको आवधिक सरुवा (२वर्ष ) (कर्मचारी जस्तै) गरिनुपर्छ सेवा, सर्त र सुविधा कर्मचारी सरह वा सो या बढी हुनुपर्दछ । निजामती र शिक्षकको सेवा परिवर्तन (सरुवा) को व्यवस्था गरिनुपर्दछ । | ठीक | बेठीक | सरासर गलत |
| ५०. | सामुदायिक विद्यालयका (औचित्य र विशेषता) बारेमा यहाँको के धारणा छ ? | ...................................................................<br>................................................................... | | |
| ५१. | अध्ययनका बारेमा यहाँलाई थप केही भन्नु छ ? | यदि छ भने ..........................................<br>................................................................... | | |

तपाईको सहयोगका लागि धन्यवाद !

!

# अनुसूची - २

मुख्य सूचनादातासँगको अर्न्तवार्तामा संलग्न व्यक्तिहरू

| क.सं. | नाम | पेशा | ठेगाना | मिति |
|---|---|---|---|---|
| १ | श्री टीकाराम लामिछाने | गा.वि.स.सचिव | काहुँ | २०६५/५/५ |
| २. | श्री तेजबहादुर गौतम | नि.गा.वि.स.अ. | भलाम -१ | २०६५/५/५ |
| ३. | श्री नेत्रबहादुर बस्नेत | राजनीति कार्यकर्ता | " | २०६५/५/५ |
| ४. | श्री विश्वराज पौडेल | पूर्व प्र.अ. महेन्द्र मा.वि. | भलाम -३ | २०६५/५/६ |
| ५. | श्रीमती हिमकुमारी गुरुङ | महिला कार्यकर्ता | भलाम-८ | २०६५/५/६ |
| ६. | श्री गणेशबहादुर के सी | गैरसरकारी संस्था | भलाम -१ | २०६५/५/६ |
| ७ | श्रीमती लक्ष्मी पौडेल | अध्यक्ष आमा समूह | भलाम -३ | २०६५/५/७ |
| ८ | श्री रेवतीविलास पौडेल | प्र.अ. महेन्द्र मा.वि. | भलाम -३ | २०६५/५/७ |
| ९ | श्री उदयबहादुर कार्की | प्रधानाध्यापक (हरिहर इ.बो.) | भलाम -२ | २०६५/५/७ |
| १०. | श्री एकबहादुर घर्ती | वि.व्य.स.अध्यक्ष | भलाम -६ | २०६५/५/८ |
| ११ | श्री जनकबहादुर खत्री | अभिभावक | भलाम -१ | २०६५/५/८ |

# अनुसूची - ३

## समूहकेन्द्रित छलफलका सहभागीहरू (समूह क)

| क्र.सं. | नाम | पेशा | ठेगाना | मिति |
|---|---|---|---|---|
| १ | श्री ताराप्रसाद पौडेल | सामाजिक कार्यकर्ता | भलाम ४ | २०६५/६/६ |
| २ | श्री प्रेमप्रसाद बास्तोला | पूर्ववडाध्यक्ष | भलाम ५ | २०६५/६/६ |
| ३ | श्री चूडामणि पौडेल | पूर्व वि.व्य.स. अध्यक्ष | भलाम ३ | २०६५/६/६ |
| ४ | तिलोचन पौडेल | सामाजिक कार्यकर्ता | भलाम १ | २०६५/६/६ |
| ५ | श्रीमती लक्ष्मी केसी | महिला स्वयंसेविका | भलाम ७ | २०६५/६/६ |

## समूहकेन्द्रित छलफलका सहभागीहरू (समूह ख)

| क्र.सं. | नाम | पेशा | ठेगाना | मिति |
|---|---|---|---|---|
| १ | श्री उत्तमबहादुर बस्नेत | सहकारी व्यवस्थापक | भलाम १ | २०६५/६/७ |
| २ | श्रीमती दुर्गा के. सी. | अहेव | भलाम ६ | २०६५/६/७ |
| ३ | श्री लालकाजी गुरुङ | निर्वतमान वडाध्यक्ष | भलाम ९ | २०६५/६/७ |
| ४ | श्री चेतबहादुर खत्री | सामाजिक कार्यकर्ता | भलाम २ | २०६५/६/७ |
| ५ | श्रीमती विमला जि.सी | अभिभावक | भलाम ६ | २०६५/६/७ |
| ६. | सुश्री नानु खत्री | महिला कार्यकर्ता | भलाम १ | २०६५/६/७ |